दायित्व

(साहित्यिक मासिक)

वर्ष १४ | असोज २०५७ | पूर्णाङ्क–३८

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन. ४८६४२७

सम्पादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

प्रतिनिधि
केशवराज पन्त
ऋषिराम डाँगी

सहयोग मण्डली
विष्णु ज्ञवाली
कमल ज्ञवाली
यादव भट्टराई
मुकुन्द शर्मा

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान

आवरण: सोम सानु

कार्यालय
घ २-३०२ चावहिल-७ काठमाडौं
फोन नं. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग
संस्थागत: रु. ५०/-
व्यक्तिगत: रु. १५/-

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

विषय-क्रम

अन्तर्वार्ता

पारदर्शी नीति अपनाएमा विवादले जन्म लिन सक्तैन — १ — – मोहन कोइराला
प्रस्तुति: रामप्रसाद पन्त

कथा/लघुकथा

आमा — १३ — – पुष्पनाथ शर्मा
साँढेको अन्त्य — २३ — – सूब सेन
घूस — ४० — – उज्ज्वल जी.सी.
रिठ्ठे गाउँ फर्कियो — ४९ — – ध्रुव रहम
अतृप्त सपना — ५१ — – टङ्क भट्टराई

निबन्ध/समालोचना

बी.पी.-साहित्यमा नारी पात्र — ९ — – डा. तुलसी भट्टराई
विभिन्न तीन कृतिमाथि तेस्रो दृष्टि — ३५ — – ठाकुर शर्मा

यात्रा/संस्मरण

तीर्थयात्रा–डायरीका पानाबाट — १८ — – रामहरि ढुङ्गाना
मेरो तेस्रो युद्ध अधुरो रह्यो — २५ — – रामप्रसाद पन्त

धर्म-संस्कृति/लोकसाहित्य

चरीको विवाहको सवाई — १७ — – हरिकला पन्त
धन्यो गृहस्थाश्रम: — ४५ — – हरिहर प्रदीप घिमिरे

हास्य-व्यंग्य

अढाइ घडीको बादशाह — ५ — – लोकेन्द्रबहादुर चन्द

भेटघाट

वेदकुमारी न्यौपानेसँग एकछिन — ४३ — – अरुणबाबु खत्री

कविता/गीत/गजल/मुक्तक

मञ्जुल–८/क्षेत्रप्रताप अधिकारी-१२/लुमडी आचार्य-१६/नारायण गोदारे-२२/विमला रिजाल 'दीपशिखा'-२४/ सुस्मिता नेपाल-३४/टङ्कप्रसाद शर्मा-३९/मधुसुदन घिमिरे-४२/गगनदीप सर्व-४२/प्रमोद स्नेही-४४/निर्मल अर्याल-४८/रमेशजङ्ग सिजापति-४८/बुद्धिसागर चपाई-४८/आत्माराम ढुङ्गाना-४८/ मीना पन्थ-५०/केदारप्रसाद सुवेदी-५०/दीपेन्द्र 'दीनदु:खी'-५०/हरिकुमार नेपाल-५३

साथमा:– प्रतिष्ठानका सदस्यहरूको संक्षिप्त जीवनी/कृति परिक्रमा/ज्ञानवर्धक कुराहरू ।

कम्प्युटर: मि. एण्ड् टी. कम्प्युटर, चावहील ४८६४३३ (घर)

मुद्रक: अल प्रिन्टिङ्ग प्रेश, लगनखेल चोक – ५२६५१२

सम्पादकीय

- 'दायित्व' साहित्यिक पत्रिका प्रकाशनको चौध वर्षको दौरानमा थुप्रै अनुभवहरू हासिल भए, थुप्रै उतार चढावहरू आए केही उल्झन र कठिनाइहरू पनि आए तर पाठक एवं शुभेच्छुकहरूको माया र हौसलाले हामीहरू उत्साहित भयौं र 'दायित्व'लाई लक्षित मार्गतर्फ उन्मुख गराइरहन प्रेरित भयौं/हुँदै आएका छौं ।

- यसै उत्साहको परिणाम स्वरूप आज 'दायित्व वाङ्मय प्रतिष्ठान' गठन भएको छ । नेपाली साहित्यको धरातल अझ बढी फराकिलो पार्दै नेपाली साहित्यलाई सशक्त र समुन्नत बनाई विश्व साहित्यको समकक्षमा स्थापित गर्न सघाउने विशुद्ध भावना राखेर यो प्रतिष्ठान दर्ता भएको छ ।

- प्रतिष्ठानले नेपाली साहित्यका सिर्जनशील अग्रज लेखकहरूलाई कदर एवं सम्मान गर्ने, नवोदित प्रतिभाहरूलाई प्रोत्साहित गर्ने र नेपाली साहित्यको श्रीवृद्धि गर्न छरिएर रहेका विभिन्न धारमा कलम चलाउने साहित्यकारहरूलाई एउटै विशुद्ध साहित्यिक धारमा समाविष्ट गर्न प्रतिबद्ध रहने दृढ आकाङ्क्षा सहित अगाडि बढ्ने उद्देश्य लिएको छ ।

- प्रतिष्ठानको गठनबाट 'दायित्व' पत्रिकालाई पनि संस्थागत एवं सङ्गठित रूपमा संस्थापन गराई निरन्तरता दिदै जान थप बल मिल्नेछ । हाम्रो आगामी लक्ष्य पनि यसै दिशातर्फ उन्मुख हुनेछ – जब प्रतिष्ठानको पूर्ण परिचय र उद्देश्य विज्ञपाठक सामु पुग्नेछ, जब शुभेच्छुकहरू 'दायित्व'लाई माया गरे जस्तै प्रतिष्ठानलाई माया गर्न थाल्नु हुनेछ, प्रतिष्ठान सबल बन्नेछ र दायित्वका सम्पूर्ण क्रियाकलाप, सञ्चालन प्रक्रियाहरू प्रतिष्ठानको गर्भमा पर्न जानेछन् त्यसपछि प्रतिष्ठानले मूर्त रूप लिनेछ ।

- वास्तवमा 'दायित्व प्रकाशन' वा 'दायित्व वाङ्मय प्रतिष्ठान' फलप्राप्तिको चाहना भन्दा पनि कर्तव्यप्रति बढी उत्तरदायित्व वहन गर्नुपर्छ भन्ने भावनामा विश्वास राख्दछ । सबै पक्षसँग हातमा हात मिलाउन चाहन्छ, विभिन्नतामा एकता भएको देख्न चाहन्छ, सबैसँग विश्वासको वातावरण बनाउन चाहन्छ, कसैबाट धोका खाए पनि धोका दिन नहुने कुरामा सदैव सचेष्ट रहन्छ, 'दायित्व' पत्रिका वा प्रतिष्ठानको क्रियाशीलताबाट नेपाली जनजीवनमा चेतना सम्प्रेषण गरी साहित्यको द्रुततर विकास गर्न चाहन्छ । यी सबै चाहनाको पछाडि सम्पूर्ण चेतनशील नागरिकहरूको सहयोगको आवश्यकता पर्दछ ।

- अतः सम्पूर्ण साहित्यानुरागी महानुभावहरूमा 'दायित्व' पत्रिका तथा प्रतिष्ठानप्रति सदैव स्नेह, सहयोग र सद्भाव रही रहोस् भन्ने कामना राख्दै ती सबै नेपाली वाङ्मयका साधक विद्वान् विदुषीहरू लगायत सम्पूर्ण नेपाली दाजु-भाइ, दिदी-बहिनीमा विजया दशमी २०५७ को हार्दिक शुभकामना ।

अन्तरवार्ता

पारदर्शी नीति अपनाएमा विवादले जन्म लिन सक्तैन



- मोहन कोइराला

नेपाली काव्य जगत्का प्रसिद्ध साहित्यकार कविवर मोहन कोइराल आधुनिक नेपाली साहित्यको क्षेत्रमा बहुचर्चित नाम हो। त्यसैमा पनि हाल नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान जस्तो नेपाली कला र वाङ्मय सम्बन्धी सर्वोच्च संस्थाको उपकुलपति पदमा आसीन हुनु भएकोले कुनै पनि साहित्य एवं कलामर्मज्ञ व्यक्तिसँग उहाँ अपरिचित हुनुहुन्न ।

आधुनिक साहित्य विधाका पहिलो पंक्तिमा गणना गरिने श्री कोइराला केदारमान व्यथित पछिका सशक्त गद्य कविको रूपमा स्थापित हुनुहुन्छ तर पद्य काव्यका मर्मज्ञ एवं विशिष्ट विद्वान् कविवर माधव घिमिरेको आफ्नै स्थान छ, त्यसैले दुबैको आ-आफ्नो उच्चतालाई हामी मापन गर्न सक्तैनौं ।

मानव स्वतन्त्रता र प्रजातन्त्रका पक्षधर श्री कोइराला पाठकहरूमा अलि क्लिष्ट मानिनु हुन्छ । यसै क्लिष्टता कै मार्गलाई अवलम्बन गरेर अगाडि बढ्दै जाँदा हालसम्म उहाँका 'मोहन कोइरालाका कविता' (कवितासङ्ग्रह), 'ऋतु निमन्त्रण र गरल पान' (काव्य), 'नदी किनारका माझी' (काव्य), 'हिमचुली रक्तिम छ' (काव्य) 'एउटा पपलरको पात' (कवितासङ्ग्रह), 'सारङ्गी बोकेको समुद्र' (काव्य), 'नीलो दह' (काव्य), 'लेक' (काव्य) लगायत १३ वटा कृतिहरू प्रकाशित भइसकेका छन् र एउटा लघुकाव्य प्रकाशोन्मुख अवस्थामा छ ।

केही कथा र लेख निबन्धहरूमा समेत कलम चलाउनु भएका श्री कोइरालाले 'नदी किनारका माझी' मा २०३८ सालको मदन पुरस्कार पाउनु भएको थियो भने 'मोहन कोइरालाका कविता' मा २०३१ सालमा र 'ऋतु निमन्त्रण र गरल पान' मा २०४० सालको साझा पुरस्कार प्राप्त गर्नु भएको थियो ।

प्रस्तुत छन् – उहाँकै निवास घट्टेकुलो डिल्ली बजारमा करिब एक घण्टासम्म भएका कुराहरू उहाँकै शब्दमा –

☞ जर्जर राणाकालदेखि नै लेख्न शुरु गर्नु भएका तपाईंलाई लेख्ने प्रेरणा कसरी प्राप्त भयो ?

☞ राणा शासनको अन्तिमकाल मैंले देख्न र भोग्न पाएँ । २०-२२ वर्ष बीचको कलिलो उमेरमा ३-४ वटा प्रधान मन्त्रीको कार्यकाल पनि हेर्न पाएँ । त्यही समयमा नै मैले लेख्न आरम्भ गरेको हुँ । ००७ साल अघि त्यस्तै २-३ वटा कविता लेखें हुँला । मेरो लेखनको प्रेरणा श्रोत नै त्यही अन्तिम जर्जर राणा शासनबाट जनताले भोगेको पीडा नै हो भने पनि हुन्छ । त्यही भाव मेरा कविताहरूमा व्यक्त भएको छ र मेरा काव्यहरूमा ती कविताहरू समाविष्ट छन् ।

☞ तपाईको नाम लिनासाथ 'फर्सिको जरा' सम्झिन्छन्-पाठकहरू र कविता बुझ्न नसकिने चर्चा गर्छन् नि ?

☞ 'फर्सिको जरा' अन्य कविताहरू भन्दा भिन्न छ, यसमा केही मनोरञ्जन र केही उत्सुकता पनि छ । नेपाली साहित्यको इतिहासमा यो नौंलो आयाम हो । परम्परागत कविता लेख्ने र पढ्ने दुबैपक्षका पाठकलाई यो कविता अप्ठ्यारो लाग्न सक्छ तर वास्तवमा 'फर्सिको जरा' नेपाली माटोको उब्जा हो /ऊर्जा हो । यसबाट मैले माया पनि पाएको छु आलोचना पनि पाएको छु । समग्रमा मलाई यसबाट

फाइदा भएको छ, किनभने यसको माध्यमबाट पाठकले मलाई चिन्छन् ।

☞ **समीक्षकहरूको बारेमा तपाईको के दृष्टिकोण छ ?**

☞ समीक्षकहरूले लेखकका सबै विधालाई अध्ययन गरेर उसको बारेमा लेखिदिएमा लेखकको असली समीक्षा हुन्छ र समीक्षकलाई पनि आफ्नो खुबी देखाउने मौका मिल्छ । विभिन्न विधालाई समातेर समीक्षा लेख्ने विशिष्ट समालोचकहरू छन् – जस्तै रामकृष्ण शर्मा, यदुनाथ खनाल, वासुदेव त्रिपाठी, मोहनराज शर्मा, ईश्वर बराल आदि । यी समालोचकहरू अशोक स्तम्भ बराबर छन् । यसै गरी – अभि सुवेदी, कृष्णचन्द्रसिंह प्रधान, गणेश प्रसाई आदिले पनि समालोचनाको क्षेत्रमा आफ्नो वर्चस्व कायमै राखेका छन् । भन्न खोजेको कुरा नलुकाई भनी दिने खुबी भएका समालोचक जगदीश शमशेर राणा पनि हुन् । यसरी समालोचकहरूले जे जस्तो लेखेका छन् नेपाली साहित्यको समालोचकीय विधामा जे जस्तो योगदान गरेका छन्– त्यो स्तुत्य छ । जहाँसम्म कुनै लेखकले आफ्नो व्यक्तित्व र कृतित्वको बारेमा अधुरो महशुस गर्छ भने त्यो बेग्लै कुरा । समीक्षकले सबैतिर दृष्टि पुऱ्याउन नसकेको पनि हुनसक्छ तर समीक्षकले कुनै भेदभाव नराखेर गरेको समालोचनामा लेखकले सन्तुष्टि लिनु पर्दछ ।

☞ **लेखिसके पछिको प्रत्येक कृति प्रकाशनमा आइसकेपछि त्यो लेखकको नभई समाजको हुन्छ भन्ने भनाइ छ । तपाईं के भन्नुहुन्छ ?**

☞ लेखकको साधना र कर्मभूमि भित्र छँदासम्म त्यो लेखकको हुन्छ, जब लेखकले कलम चोपेर अक्षरमा परिणत गर्दछ त्यसपछि त्यो राष्ट्रको सम्पत्ति हुन्छ । त्यहाँ लेखकको हक रहँदैन, पाठक समीक्षकको जिम्मा रहन्छ ।

☞ **पाठकले बुझ्दैन भने कस्का लागि लेख्ने र समाजले हामीलाई लेखिदेओस् भनेर आशा गर्ने कि नगर्ने ?**

☞ लेखक समाज भित्र कै व्यक्ति हो त्यसैले उसले समाजको लागि लेख्छ, उसको चिन्तन र उपदेश सबै समाजको लागि अर्पित हुन्छ । त्यो उसको सौष्ठव हो, कला हो, आदर्श हो । त्यसैले पाठकले हामीलाई लेखिदेओस् भन्ने कामना पनि राख्नु पर्दछ र लेखकलाई लेख्न स्वतन्त्रता पनि दिनु पर्दछ ।

☞ **लेखक र पाठकका बीच कस्तो सम्बन्ध हुनुपर्छ ?**

☞ लेखकले सोच्नुपर्ने र बुझ्नुपर्ने कुरा यही हो कि – लेखक र पाठकको बीचमा अति प्रतिष्ठित लेखक हुन्छ । त्यसैले उसको यस्तो भावना हुनुहुन्न कि कुन पाठकले पढ्ला वा मेरो बारेमा चर्चा गर्ला ! पाठकले हेरे छ भने पनि ठिकै छ, हेरेन छ भने पनि ठिकै छ । तर अन्तिम सोचाइ यही हुनु पर्दछ कि यो मेरो सम्पूर्ण शक्ति चिन्तन र मिहिनेत राष्ट्रको लागि अर्पण गर्दछु । मुना-मदन र शाकुन्तल २-४ जनाले पढिदिए हुन्थ्यो भन्ने देवकोटाको भावना सबैलाई सम्भव छैन । लेखकले जनमत खोज्न सक्तैन र अर्काको इच्छाशक्तिमा लेख्न सम्भव पनि छैन ।

☞ **कवितालाई नै किन प्राथमिकता दिनु भयो ? तपाईंले त पहिले निबन्ध वा कथा लेखनबाट लेख्न आरम्भ गर्नु भएको होइन र ?**

☞ मेरो लेखन आरम्भ कविताबाटै भएको हो । कविताको माध्यमबाट नै मैले राष्ट्रलाई केही दिनसक्छु भन्ने विश्वास छ । हुनत मैले नाटक, लघुकथा र निबन्ध पनि लेखें तर मेरो प्रतिभा अरूमा लाग्न सक्तैन/फलित हुन सक्तैन । त्यसैले जति सक्छु कविताको माध्यमबाटै गर्छु, जे हुन्छ कविताबाटै हुन्छ, यही सोचाइमा म अगाडि बढिरहेको छु ।

☞ **तपाईं यतिखेर केही रचना गर्दै हुनुहुन्छ ?**

☞ लघुकाव्य लेख्दैछु ।

नाम थाहा पाउन सकिन्छ कि ? (बीचैमा प्रश्न)

थाहा छैन, मैले नामाकरण गरेको छैन, के राख्ने

भनेर सोचेको पनि छैन । वास्तवमा शीर्षक राख्न मलाई कठिन लाग्छ ।

कहिलेसम्म जन समक्ष आउला ? (बीचैमा प्रश्न)

वर्षदिन भित्रमा ।

☞ **लेखकहरू प्रायः नास्तिक हुन्छन् भनिन्छ ? धर्मको बारेमा तपाईंको के धारणा छ ?**

☞ लेखकहरू नास्तिक पनि हुन्छन् आस्तिक पनि । धर्म र संस्कार सामाजिक गठनको लागि आवश्यक छ । यो सामाजिक नियम हो । त्यसैले व्यक्तिले समाजसँग चल्न र सम्बन्ध बढाउन पनि धर्मको सहारा लिन्छ । धर्म भनेको नियम हो त्यसैले यसलाई सबैले ग्रहण गर्नु पर्दछ ।

☞ **कविको परिवार कविप्रति सधैं असन्तुष्ट रहने गर्छन् भनिन्छ, तपाईंको लेखनमा परिवारले कत्तिको साथ दिएको छ ?**

☞ प्राय कवि/लेखकहरू परिवारबाट अलग हुन्छन् र त्यो आवश्यक पनि छ लेखकलाई । अन्यथा उसले लेख्न सक्तैन । वास्तवमा सबै परिवारलाई सन्तुष्टि दिन सक्ने क्षमता लेखकमा हुँदैन किनकि एकछिन उसले बाह्य संसारमा भुल्नुपर्छ । त्यसैले परिवारमा असन्तुष्टि बढ्ने कुरालाई म समर्थन गर्दछु ।

तपाईंको के अनुभव छ ? (बीचैमा प्रश्न) मेरो परिवारमा पनि म प्रति त्यो असन्तुष्टि नभएको होला भनेर म भन्न सक्तिन । बेलामौका व्यक्त भएका पारिवारिक प्रतिक्रियाहरू असन्तुष्टि कै उपज हुन सक्छन् ।

☞ **तपाईं आर्थिक व्यवसायतिर नलागेर कवितातर्फ किन ढल्किनु भयो । कहिलेकाहीं अर्थाभावले सताउँदा दिक्क लाग्दैन ?**

☞ आशा निराशा भन्नेकुरा सधैं भइरहन्छ – जस्तै रात पछि दिन-सूर्य जस्तै आउने जाने प्रक्रिया । त्यसैले मेरो जीवनलाई पनि आर्थिक पीडाले नसताएको कुरा म स्वीकार्न सक्तिन । आवश्यकताको कुरा भइरहन्छ । म अहिले एकेडेमीमा छु भन्दैमा सबै पुगेको छ भन्ने केही छैन । यो पद ग्रहण गरिसकेपछि पनि मैले जग्गा बेचेको छु र आवश्यकता टारेको छु । तर साहित्यमा लागेर मैले धेरै कुरा गुमाएँ भनेर म भन्दिन । जीवनमा मैले धेरै भोगेको छु, सुख दुःखको सान्निध्यबाट गुज्रेको छु, सम्भावना असम्भावनाको अघि पछि भएर गुज्रेको छु ।

☞ **यतिबेला कला र वाङ्मय सम्बन्धी उच्च संस्थाको उपकुलपति हुनुहुन्छ ? कस्तो अनुभव भइरहेछ ?**

☞ राम्रो अनुभव भएको छ । प्रतिष्ठान भित्र र बाहीरका सबैसँगको सम्बन्ध राम्रैसँग विकसित हुँदै गएको छ । बाहिरबाट हेर्दा पनि प्रतिष्ठान माथि शङ्का उपशङ्काहरू नउठ्ने गरी पारदर्शी बनाउने मेरो सोचाइ रहेको छ । प्रतिष्ठानमा गएदेखि भानुभक्तको शालिक अनावरण गरियो् चुहुने भएको छाना टालटुल गरियो, शुरुदेखि बाँकी रहँदै आएको मालपोत तिरियो; उपत्यका बाहीर पनि केही कार्यक्रमहरू गरियो तर यति गरेर मात्र मैले धेरै गरें भन्न खोजेको होइन, प्रतिष्ठानलाई नयाँ रूप दिने र सिंगार्ने काम गर्नुछ, बौद्धिक विकास र चिन्तनको आधार स्तम्भको रूपमा संस्थाको विकास गर्नुछ । प्रतिष्ठानका कर्मचारीहरू संस्थाको सम्पत्ति र बगैचाको सम्भार तथा संरक्षणमा ध्यान दिनुछ । समग्रमा संस्थाको हितको निम्ति काम गर्नुछ र यदि गर्न सकिएन भने गर्न नसक्नुको कारण सहित क्षमा याचना गर्नुछ । यिनै सोचाइका साथ कार्यक्रम लिएर अगाडि बढिरहेको छु ।

☞ **विगतमा यो प्रतिष्ठान निकै विवादको घेरामा रह्यो र प्रतिष्ठानको प्रतिष्ठामा यस विवादले आघात पुऱ्याएको कुरा बाहीर पनि महशुस गरियो ? अब तपाईंले नयाँ स्वरूप दिन के कस्ता कार्यक्रमहरू अगाडि सार्नु भएको छ ?**

☞ संस्थाको काम कारवाही र सोचाइ पारदर्शी भयो

हास्य-व्यंग्य

अढाइ घडीको वादशाह

❑ लोकेन्द्रबहादुर चन्द

रेडियोबाट प्रसारण भएको त मैंले पनि सुनें तर पत्यार लागेन, चिया पिउँदै सोचिरहें कि संसारमा एउटै नाउँ भएको मानिसहरू प्रशस्तै हुन्छन्। कोरियाको कुनै बस्तीतिर गई ढुङ्गो हान्यो भने त्यो कसै 'किम' अथवा 'ली' को छानामा पर्छ रे ! अर्थात् त्यहाँ यी नाउँ गरेका थुप्रै-थुप्रै मानिस हुन्छन् रे ! मेरो नाउँ पनि विजयबहादुर हो। आफ्नो छोरोको नाउँ 'विजयबहादुर' राखी उसले जीवनका सबै मोर्चाहरूमा जीत हासिल गरोस् भनी शुभ-चाहना राख्नेहरूमा मेरो बाबु-आमा पनि पर्नुभएको थियो होला, हुनसक्छ न्वारन गर्ने पण्डितले मेरो पिताजीलाई खुशी पारी अलि बढी दक्षिणा झट्क्याउने सुरमा मेरो नाउँ बिर्खे, बिस्ने, उपद्रे नराखी विजयबहादुर नामाकरण गर्नुभएको थियो होला, यही कुरो धेरै न्वारानहरूमा घटित हुनसक्ने भएकोले रेडियोबाट विजयबहादुर भनी नाउँ प्रसारित हुँदा म दङ्गदास परिनँ, हो मनमा कता-कता काल्कुति लागे जस्तो भने भइरह्यो ।

यत्तिकैमा विभागीय मन्त्रीको टेलिफोन आयो, उहाँले गम्भीर स्वरमा भन्नुभो 'ल तपाईंलाई बधाइ छ, मैले आकाश-पाताल एक पारेर तपाईंलाई नियुक्ति दिहालें, अब तपाई मेरोलागि के के गर्नुहुन्छ हेर्नुछ' रोल प्रमोशनबाट पद पाउने कुरो परै जाओस् म सरकारी सेवामा पनि न भएकोले मेरो नियुक्ति मलाई समेत एकदम अप्रत्यासित थियो, लाख-लाख धन्यवाद टक्र्याउनु भन्दा अघि एक्कासि मुखबाट निस्किहाल्यो, 'त्यसो भए प्रमुखमा नियुक्ति पाएको विजयबहादुर म नै हुँ त हजुर ? मन्त्री खित्का छोडिहाल्नु भो ।

यसपछि केही अरू मन्त्री, पूर्वमन्त्री, तथा सांसदहरूका बधाइ सन्देश पाएँ, सबैले मेरो नियुक्तिका लागि अथक प्रयास गरेको र त्यो प्रयास मैंले नबिर्सनु हुने कुरो पनि थपेका थिए, जेहोस् यी सन्देशहरूले प्रमुखमा नियुक्ति पाउने विजयबहादुर आफू नै हुँ भन्ने कुरोमा एकातिर म विश्वस्त हुनपुगें भने अर्कोतिर महत्त्वपूर्ण व्यक्तिहरूबाट बधाइ सन्देशहरू आएकाले म आफूलाई पनि महत्त्वपूर्ण व्यक्ति भइसकेको महशुस गर्नथालें, रेडियोले मेरो नाउँ फुकेर मलाई दुईकरोड नेपालीहरूको अघिल्तिर विशिष्ट व्यक्ति बनाइदिइसकेको कुरोले पनि मलाई सन्तोष र आनन्द लाग्न थाल्यो, तर अझै मेरो नियुक्ति किन भो ? कसरी भो ? र कसले गर्दा भयो ? भन्ने कुरामा म प्रष्ट हुन सकिराखेको थिइनँ । माथि भने बमोजिम मेरो नियुक्तिमा धेरै महत्वपूर्ण व्यक्तिहरूले दावि गरेको भए तापनि महत्त्वपूर्ण व्यक्तिहरू-त्यो पनि राजनैतिक क्षेत्रका व्यक्तिहरूका दावीहरूलाई महत्त्व दिनहुन्न भन्नेसम्म को अक्कल मैंले पनि आर्जन गरिसकेको थिएँ ।

जिन्दगीमा बेस्सरी धक्का मुक्का खाइ रहेको बखत मेरो विधातालाई दया लाग्यो के रे ! यसैले हालसाल म चुरोट, तेल, चिनी आदिको व्यापार गरिबसेको थिएँ, आफ्नो खर्च कटाई सातामा एक दिन दश-पन्ध ठूला मानिसहरूलाई मासुरक्सी खुवाएपछि पनि महिनाको तीन-चार हजार रूपैयाँ बचाउने स्थितिमा भएकोले म सन्तुष्ट पनि थिएँ, तैपनि म व्यापारी त्यो पनि नयाँनयाँ मुफसलबाट आएको व्यापारी भएकोले मेरो समाजमा स्थान भने थिएन, समाजमा पनि उचित ठाउँ बनाउने मनसायले प्रत्येक शुक्रबारको साँझ भोजमा सम्मानित व्यक्तिहरू निम्ताउने गर्न थालेको थिएँ, प्रारम्भमा कोही पनि आएन तर बिस्तारै दुई-चार जनालाई घेरघार गरी ल्याइसके पछि त मैंले भोजमा जुटाउने गरेको दामी विदेशी ह्विस्की, ब्राण्डी एवं माछा, चरा, खसीका परिकारहरूले प्रचार पाएर हो कि ! के हो ? मैंले निम्तो टक्र्याएका कसै साविक वा भूतपूर्वले निम्तो अस्वीकार

गरेन, यस क्रममा सत्तासीनहरूसित मेरो हिमचिम हुनु स्वाभाविक थियो तर प्रमुख जस्तो राजनीतिक नियुक्ति बारे न कसैसित मेरो कुरो भएको थियो, न मेरो यस प्रकारको इच्छा नै थियो, अब आएर रेडियोले फुकेर मलाई नम्बर एक, सक्कली र महत्त्वपूर्ण बिजयबहादुर बनाइदिइसके पछि मैंले नाइ-नुइँ गर्न मिल्दैनथ्यो । फेरि सानो तिनो जागिर भए एक कुरा, धेरै मानिसहरूले आँखा गाडेको प्रमुख पदको सित्तिमा पाउँदा आफूलाई सौभाग्यशाली ठानी पोल्टोमा थापी गाँठो बाँधिहाल्नु नै बुद्धिमानी हुन्थ्यो ।

म साधारण परिवारिक पृष्ठभूमिबाट र राजधानीमा बाहिरबाट आएको व्यापारी हुँदा मेरोबारे छरछिमकेमा कुनै किसिमको सम्मानजनक धारणा थिएन । मेरोबारे नाफाखोरी गरी अथवा डण्डी मारेर खान लाउन पुऱ्याउने खालको मानिस भन्ने आमधारणा थियो जस्तो मलाई लाग्थ्यो । यसमा शुक्रबारको रात्रीभोजले असर पार्न सकेका थिएन, छर-छिमेकीहरूले मलाई जङ्याहाको रूपमा लिएको छ कि ! सके बाहिर निक्कै बेर, निक्कै गाडीहरू उभिएको लेख्दा पप्लु खेलाई कटनी लिने व्यक्तिको रूपमा मलाई ठहर गरेको भान हुन्थ्यो, ओहोर-दोहोर गर्दा संधै भेटिने केटाहरूसम्म वास्ता गर्दैनथे, म आँखाले सान गरी उनीहरूलाई नमस्कार गर्न प्रेरित गर्थें तर केही लाग्दैनथ्यो । अहिले भने हुल जस्तै उनीहरू पसिरहेका थिए र बडो अदबसाथ नमस्कार गरी रहेका थिए, सबैको माँग, बेरोजगार छु निगाहा रहोस् भन्ने थियो र मुसुक्क हाँसी, 'म छँदै छु नि' मेरो गर्वोक्ति थियो ।

यत्तिकैमा टेलिफोन आयो, 'म श्रीमान्की पि.ए.हुँ अड्डा कुन बेला पाल्नुहुन्छ होला । त्यही अनुसार बहालीको व्यवस्था मिलाउनुपर्ने हुन्छ' कोइलीको जस्तो स्वर सुनियो, स्वर त यति मीठो, अनुहार त झन् आकर्षक हुनुपर्छ भन्ने लागे पनि मैंले धक्कु लगाउँदै भनें 'म एक बजेतिर अड्डा पुग्छु होला, यहाँ बधाइ दिनेहरूबाट नै उम्किन गाह्रो परेको छ' नभन्दै टोलभरिका जम्मै उल्टिएर आइपुगे, फोटोग्राफर पनि साथै लिएर आएछन् के रे ! एकएक गरी मसित उभिएर तस्बीर खिचाउन थाले, एकातिर दिक्क लागे पनि अर्कोतिर मन घडीघडी चहकिन पनि थालेको थियो, 'हाम्रो टोलमा यति ठूलो पदमा पुगेको तपाईं नै पहिलो व्यक्ति हो यसैले तपाईंको शालिक बनाउनु पर्छ एक जनाले भने– 'तपाईंलाई पहिलो दिन देख्ने बित्तिकै तपाईं ठूलो मानिस बन्नु हुनेछ भनी मैंले घोषणा नै गरेको थिएँ' हो कि होइन ?' एकजना पण्डित जस्तो लाग्ने व्यक्ति साक्षी बकाउन खोजिरहेका थिए तर कसैले पनि हो नभनी दिंदा यस प्रसङ्गमा फेरि उहाँले भन्नुभयो– 'तपाईंको राज-रेखा अटूट छ अब बरु माथि उक्लिनु होला तर तल झर्नुहुन्न बधाइ दिनेहरू मलाई दही, माछा, चराका फुल कोचाइरहेका थिए र फूलमालाहरूले एक्कैछिनमा सास फेर्न पनि गाह्रो पारिदिइरहेका थिए, मलाई अस्तिसम्म एक कप चिया पनि उधारो नदिने चिया पसले मेरो प्रशंसामा बण्डलका बण्डल फाल्दै 'म यति खुशी भएँ कि पसलमा आइपुग्ने जतिलाई आज सूर्यास्तसम्म पैसा नलिई चिया पिलाउनु भन्ने आदेश दिएको छु' भनिरहेका थिए। उतापट्टि महिलाहरू मेरी श्रीमतीलाई पनि घेरामा हाली बसेका थिए । मैंले कर्के नजरले हेरें, उनको निधार खुशीले टल्किरहेको थियो । मलाई लाग्यो पैसोले मानिस मोटाउँदो मात्र रहेछ, मुखमा चमक भने अधिकारले मात्र दिंदो रहेछ, मेरी श्रीमती सिकुटी थिइन्, पैसो हुँदा मोटाइन् र अधिकारको छायाँ पर्नासाथ टल्किन् पनि, मैंले पाएको अधिकारमा तीन चौथाइ उनीले आफ्नो ठान्नु स्वाभाविकै थियो । उनको भङ्गिमाले पनि आश्वासन बाँडिरहेको छाँट देखिन्थ्यो ।

मलाई तीनघण्टा एकतारै भेट्दा तनावजस्तो भो। फेरि माछा र चराका फुल मलाई रुच्दै नरुचे पनि सगुन भनेर चाख्दाचाख्दा निक्कै पेटमा पनि पुगिसकेको थियो । खाना खान बस्दा अलिकता खाएँ तर स्वाद भने पटक्कै लागेन, जिब्रोले कामै नगरे जस्तो लाग्यो, मलाई लाग्यो यस्तै 'लौ लौ खोइ खोइ' मा बाँच्ने हो भने जिन्दगीकै स्वाद हराउने छ । अड्डा जान गाडीमा बसी हिंड्दा एउटा असम्बद्ध विचार मेरो मस्तिष्कमा उठ्यो, हाम्रो हिमाली

भने त्यो संस्था कहिले विवादमा आउँदैन । विगतमा भएका कामहरू पारदर्शी नहुँदा संस्थाले त्यो विवादको पीडा भोग्नु परेको हो । अहिले हाम्रा काम कारवाहीहरू सबै खुलस्त छन् । प्राज्ञ र प्राज्ञ परिषद्बीच सुमधुर सम्बन्ध छ । यो सम्बन्धलाई यथावत् राख्न वा तपाईंको शब्दमा नयाँ रूप दिन मैले प्राज्ञहरू, कर्मचारीहरू वा अन्य विद्वत्वर्गसँग पनि विचार विमर्श गरी कार्यक्रमहरूलाई पारदर्शी ढङ्गले अगाडि बढाउँदै जाने दृढता लिएको छु ।

☞ प्राज्ञ परिषद्ले मोफसलमा रहेका लेखकहरू र साहित्यिक संस्थाहरूको प्रगतिको सम्बन्धमा के कस्ता कार्यहरू अगाडि सारेको छ ?

☞ एकेडेमीलाई पर्याप्त बजेट प्राप्त छैन, अर्थाभावले सधैं पिरोलिएको छ–एकेडेमी । यी कमि कमजोरीहरूको बाबजुद पनि केही गरेर देखाउने प्रयासमा छ–एकेडेमी । विशिष्ट लेखकहरूको सम्मान गर्ने, नयाँ लेखकहरूको उचित मूल्याङ्कन गरेर उनीहरूका कृतिहरूको प्रकाशन गर्ने, पुरस्कृत गर्ने र विभिन्न साहित्यिक गोष्ठी एवं साहित्यिक चिन्तन र समारोहहरू गर्दै जाने प्रतिष्ठानको लक्ष्य छ । तर सीमित बजेट र दायरा भित्र रहेर काम गर्नुपर्ने भएकोले प्रतिष्ठानको मर्म सबैले बुझिदिनु पर्छ भन्ने हाम्रो सोचाइ छ । यी सबै सोचाइ हुँदाहुँदै पनि एकेडेमीको क्षति हुने गरेर कुनै पनि काम नगर्ने कुरामा भने हामी प्रतिबद्ध छौं ।

☞ प्रतिष्ठान केवल काठमाडौंमा मात्र सीमित छ भन्ने सुनिन्छ नि ?

☞ प्रतिष्ठानलाई व्यापक बनाउँदै लैजाने हाम्रो सोचाइ छ । प्रतिष्ठानका विभिन्न विभागीय शाखाहरू छन् र ती शाखाहरू आ-आफ्नो विधागत क्षेत्रको उन्नतिको लागि समर्पित छन् । हामीले काठमाडौंमा भएका वा मोफसलमा रहेका नवप्रतिभा र विभिन्न प्रतिष्ठानका सदस्यहरूलाई बोलाएर, गोष्ठी, सेमिनार विचार मन्थन आदि गर्ने र किताब छापिदिएर उनीहरूको मनोवल बढाउने काम गर्दै आएका छौं । हामीले डोटी, दाङ र सिमरौनगढ जस्तो विकट ठाउँमा पनि साहित्यिक एवं कलागत क्रियाकलापहरू गर्‍यौं । मोफसलमा पनि प्रतिष्ठानका शाखा प्रशाखाहरू खोल्ने हाम्रो आगामी लक्ष्य छ । महेन्द्र नगरमा प्रतिष्ठानलाई प्राप्त भएको ३/४ विघा जग्गाको पनि अर्थाभावको कारण संरक्षण र उपभोग गर्न सकिएको छैन । अनुत्पादक भनिने साहित्यिक संस्थाका यस्तै पीडा र अनुभवहरू छन् । तसर्थ बजेटको दायरा भित्र रहेर विना भेदभाव मोफसलका साहित्यिक संस्था वा लेखकहरूलाई पनि सहयोग गर्ने प्रतिष्ठानको प्रमुख कर्तव्य हो । यसमा शङ्का छैन ।

☞ नेपाली साहित्यलाई विश्व साहित्यसँग दाँजेर हेर्दा नेपाली साहित्यस्तर कस्तो पाउनु भएको छ ?

☞ लेखकहरूले साधना गर्नुभयो भने अवश्य नेपाली साहित्यलाई विश्व साहित्यसँग दजाउँन सकिन्छ । अर्थात् विश्व साहित्यको समकक्षमा स्थापित गराउन सकिन्छ । तर एकेडेमीले केही गरिदिन्छ भनेर लेखकले आशा गर्नुहुन्न, किनभने आफ्नो भाषालाई विश्वभाषामा रुपान्तर गर्नु लेखकको काम हो । लेखकले जाँगर गरिदिएमा प्रतिष्ठानले पनि होस्टेमा हैंशे गर्नेछ ।

☞ एक वरिष्ठ कविको नाताले तपाईंले नयाँपुस्तालाई के प्रेरणा दिन चाहनु हुन्छ ?

☞ हामीले बौद्धिक धरातल देशमा खडा गर्न सकौं । लेखकहरू असल र इमान्दार बनून् । पाठकको चाहना र देशको आवश्यकतानुसार उनीहरूले लेख्न सकून् । नयाँ सोंच र विचारले जन्म लिदै जाओस् र देशमा नयाँ साहित्यिक जागरण आओस् ।

प्रस्तुतिः रामप्रसाद पन्त

भेगतिर बस्ने गरीब-गुरुवाहरू अन्नको अभावमा बाँकूका जराहरू उसिनी खान्छन् रे ! खानेले अमिलो र नून चोपी घुलुक्क निल्छन रे ! मुखमा केहीबेर राख्दा मुखभरि कोक्याइ लाग्छ रे ! यस किसिमले पेट भरिंदा पनि स्वाद थाहा हुँदैन, मलाई खानाको स्वादै थाहा नपाउनेमा कि अति गरीब र कि अति व्यस्त धनी र शक्तिशाली वर्ग हुँदा रहेछन् भन्ने लाग्यो । धेरै कुराहरूमा अति गरिबी र अति सम्पन्नहरूमा समानता हुँदो रहेछ, दुइटै वर्गमा महिलाहरू कम लुगाहरू प्रयोग गर्छन् भने पुरुषहरूमा धनीहरू देखाउनका लागि, गरीबहरू कमजोरीले जाडो बढी लाग्ने हुँदा बढी कपडा प्रयोग गर्छन्, दुइटै वर्गमा मद्यपान धुम्रपानको चलन हुन्छ दुइटैको जीवन निरस र केही हदसम्म छाडा हुन्छ, दुइटाका आफ्नो भन्ने कोही हुँदैनन्, दुइटै मन लागेको कुरो खान पाउँदैनन्। एक न पाएर, अर्को परहेजमा बस्नुपरेकोले, दुइटैका लागि प्राकृतिक सौन्दर्य निरर्थक हुन्छ। दुइटै थिच्चिएको र पिच्चिएको मन बोकी बाँचिरहन्छन् र दुइटै धेरै जसो बिरामी परिरहन्छन् ।

यत्तिकैमा अड्डा आइपुगियो, त्यहाँ पनि बधाइ दिनेहरूको हुल देखेपछि एकछिन त विरक्त लाग्यो तर संयम भएपछि मुखमा नक्कली मुस्कान ल्याई हात मिलाउँदै टाउको हल्लाउन थालें, मन भने मेरो आफ्नो पसलतिर थियो, एक्कासी पद पाई बधाइको ओइरो खेप्दैमा पसलको नगद र जिन्सीलाई थान्को लगाउन भ्याएको थिइनँ, यसकारण बधाइको साथसाथको के भनिरहेको थियो मलाई थाहा थिएन, हुल सकिएपछि केही कर्मचारी भेट्न आए । उनीहरूमध्ये धेरैले भर्खर पदबाट हटेको प्रमुखको खोइरो खन्ने र मलाई फुलाउने काम गरे, एकछिन पछि एक्लै चियाको चुस्की लिंदा भने मलाई गौरवको बोध भयो । आफ्नो मातहतका हजारौं कर्मचारीहरूको स्विच आफ्नो हातमा रहेको र उनीहरूले मैंले 'उठ' भने उठ्नुपर्ने र 'बस' भने बस्नुपर्ने स्थिति भएकोमा मलाई हर्ष लाग्यो, एक्लै छु भनेको त मेरो कोठामा मेरी पि.ए.को साथसाथ चारपाँच तरुनीहरू उभिएका रहेछन् । ती सबै एक से एक राम्रा थिए । दिनदिनै रूप र यौवनको शीतल र सुगन्धित फाले सित्तैमा आँखा सेक्न पाउने उपलब्धिले पनि म दङ्ग परें ।

चाकरी गर्नु हाम्रो उहिलेदेखि चलिआएको प्रथा हो, त्यसै प्रथा अनुसार म कहाँ हुल ओइरिदैथ्यो भने मैले पनि कतै चाकरी पुऱ्याउनु पर्ने थियो– मन्त्री कहाँ एकछिन अनुहार देखाएर घरतिर लागें । घरमा पुगेर हातमुख धोएपछि पसलमा गई थन्कोमन्को लाउने विचार गर्दै थिएँ तर घर पुग्दा बिहानीको भन्दा पनि ठूलो हुल देखियो । यस पटक नाता-गोताले आक्रमण गरेका रहेछन्, काही टाढाका त कोही नजिकका । कोही जिल्लाका त कोही गाउँ अञ्चलका, कोही मित्रका मित्र त कोही शत्रुका शत्रु, म छक्क परें कि यसै राजधानीमा मेरा यति ठूलो संख्यामा आफन्तहरू अहिले निस्के, म भने पत्तै नपाई आफ्नो सामाजिकताको भोक मेट्न शुक्रबार साँझ पराइहरूलाई निम्तो गरिरहन्थें । मुखहात सफा गर्न त छोडौं मैंले सास फेर्न पनि पाइनँ मेरो हालत चर्खामा रिङिरहेका मानिसको जस्तो हुनथाल्यो । एकछिन गौरवले फुलेर माथि पुग्थें भने एकछिन तनावले आत्तिई तल झर्थें । बीचबीचमा टेलिफोनको घण्टी त बजे कै हुन्थ्यो, सबैलाई खुवाइपियाई पठाउँदा रातीको एक बजिसकेको थियो, म लखतरान परी ओछ्यानमा ढलें र निदाएँ ।

भोलिपल्ट मुखहात मात्र धोएको थिएँ कि फेरि उही भेट्न आउनेहरूको हुलले छोपिहाल्यो । त्यस भेलमा पौडिदै बल्ल अड्डा पुगें । बल्ल चमेना गर्न पाएँ र त्यहाँ पनि जम्मा भएको हुल र कोहलीबाट मुक्ति पाउन 'मन्त्रीकहाँ जानु छ' भनी निस्केर पसलमा गई एकछिन आराम लिने र मालसामान थन्क्याउने अठोट गरी उठ्नै आँटेको थिएँ कि श्रीमतीले टेलिफोनबाट 'पसलको नगदी र जिन्सी जम्मै चोरिएको' अशुभ समाचार सुनाई । म होश-बेहोशमा 'सरकारी जरुरी काम आइपऱ्यो' भन्दै त्यस हुललाई चिर्दै पसल पुगें ।

त्यहाँ केही पनि बाँकी थिएन । ५ लाख नगद र त्यत्तिकैको जिन्सीमध्ये श्रीमती धुरुधुरु रोइरहेकी थिइन् ।

मैंले सम्झाएँ– 'चोरी भो अब हामीलाई ऋण पनि लाग्यो तर भगवान्ले यस्तो मर्यादा दिएको छ, मर्यादा भए पैसो त भइहाल्छ नि' घरको पनि त्यही हालत नहोस् भनी श्रीमतीलाई घर पुऱ्याई चोरीको उजुरी गर्न प्रहरी कार्यालयमा गएँ । प्रहरी प्रमुखले मलाई चिनिसक्नु भएको हुनाले चिया नपिई र राजनीतिबारे एकछिन छलफल नगरी घर पाइएन । जेहोस् उजुरी गरेपछि म घर फर्कें । स्वाभाविक रूपले त्यस उजुरीबाट एक सिन्कोसम्म पनि फिर्ता पाइन्छ भन्ने मलाई आशा थिएन ।

घर पुग्दा सुनसान जस्तो लाग्यो र त्यस चकमन्न स्थितिमा मलाई एकछिन आनन्द लाग्यो । यसो हेर्दा श्रीमती त भान्साको चटाइमा पल्टेकी रहिछन् । भक्यान (खिन्नता)को निन्द्रा हो के रे ! ब्युँझ्याई पुन: भनें– 'भइसकेको कुरोको सोच गर्नु हुँदैन । कमाएको पैसो त गयो, हाम्रो मान... वाक्य पूरा नहुँदै श्रीमतीले भनिन् 'भुत्रो मान र मर्यादा, रेडियो सुन्नु भएन ? सरकार ढलेर अर्को पार्टीको सरकार बनिसकेको छ र नयाँ सरकारले गरेका राजनैतिक नियुक्तिमा बसेका सबैजनालाई पदबाट हटाइसकेको छ ।'

म धेरै बेरसम्म टोलाइरहें ।

एकछिन पछि चार-पाँच जना भेट्न आए । ती व्यक्तिहरूमध्ये प्रत्येक मलाई मैंले आधा चिने जस्तो र आधा नचिने जस्तो लाग्यो, एकछिन पछि एक जनाले भन्यो – कस्तो दुर्भाग्य हाम्रो सरकार हट्यो, पार्टीले तपाईंलाई सक्दो प्रयास गरेकै हो, अब फेरि सरकार बनाउनु पर्छ, त्यसको लागि लगानी त चाहियो, तपाईंबाट पनि सहयोगको आशा गरेका छौं' त्यसपछि उसले मबाट आशा गरेको रकम बतायो, रकम यति ठूलो कि म अहिलेको अवस्थामा जुटाउन त कता हो कता, मुखबाट भन्न पनि नसक्ने स्थितिमा पुगें । दुई-तीन दिनपछि आउनोस् मलाई कुनै वाद-प्रतिवाद गर्न मन लागेन अनि सोचें– 'मैले आर्थिक सहयोग नगरे अकृतज्ञ भन्ने मात्र होइनन्, पार्टीका अखबारहरू मार्फत् मेरो खोइरो खन्ने छन्, पार्टीका 'सैनिक' पठाएर कुटपिट र गाली बेइज्जत पनि गर्न सक्छन्' अनि मलाई शङ्का पनि लाग्यो कि आफ्नो सरकार हिंड्नै लागेको थाहा पाएपछि मात्र मलाई पदमा नियुक्ति गरेका हुन् क्यारे ! पछि निचोर्न सकिन्छ भनेर । मलाई विपत्ति एक्लै आउँदैन भन्ने कुरो साँचो हो जस्तो लाग्यो तर अर्कोदिन श्रीमतीलाई लिई गाउँ हिंडिदिएँ ।

\+ \+ \+

अहिले गाउँमा सबै ठीक छ, आर्थिक स्थिति पनि पहिले जस्तै बनाइसकें तर रेडियो खोल्दा अथवा कहीं पनि मेचमा बस्दा मलाई केही थोक हराएजस्तो नरमाइलो लाग्नथाल्छ र डेढ दिन पाएको पदको झलझल सम्झना हुनथाल्छ । यस रोगको निदानको लागि शहर जानुपर्ने, त्यहाँ ठूलो रकम चन्दा भनी दिनुपर्ने भएकोले मैंले अब गाउँ र खेतीपातीमा नै रम्ने विचार गरिसकेको छु ।

✧✧✧

गीत

⇨ मञ्जुल

यही पाखा पखेरीमा हराइदिऊँ कि जस्तो
मौन मीठो शून्यता भई कराइदिऊँ कि जस्तो

खेत हेरे खेतै राम्रो पाखा हेरे पाखा
कलकल बग्ने खोलासँगै बग्छ गाउँको भाका
यही माटो पानीभित्र सपना रोपौं जस्तो
दिलमा भा'को सारा स्नेह यहीं पोखौं जस्तो

बादल हेरे बादल राम्रो बन हेरे बन
चरी भई कावा खाँदै उड्न खोज्छ मन
यही घाम छायाँभित्र खेलिरहुँ जस्तो
जुनी पछि अर्को जुनी फेरिरहुँ जस्तो

\- - -

लेख/रचना

वी.पी.-साहित्यमा नारी पात्र

❑ डा. तुलसी भट्टराई

नेपाली जगत्मा - विश्वेश्वरप्रसाद कोइराला नदी प्रवाह जस्तै सधैं नयाँ गतिमान, निरन्तर चर्चा र आदरका साथ संझना गरिरहने नाम हो । नेपाली राजनीतिको समग्र स्वरूप/साहित्यको नयाँ रूपका साथै समाजका अन्य पक्षमा समेत व्यापक ... । राजनीति र साहित्य दुई भिन्न विषय एक-अर्कामा नजुधाई आ-आफ्ना ठाउँमा राख्न सक्ने वी.पी. कोइराला साहित्यिक दृष्टिले हेर्दा एउटा सफल उच्च साहित्यकार देखिनुहुन्छ ।

साहित्यमा कथा र उपन्यास क्षेत्रका माध्यमद्वारा मनोविश्लेषणात्मक यौनमनोवैज्ञानिक-विश्लेषणका कारण प्रसिद्धि पाउनु हुने वी.पी. कोइरालाको नारीप्रतिको धारणा आफ्नै खालको छ । साहित्यका माध्यमद्वारा नारीवर्गलाई एउटा स्वतन्त्र, आत्मविश्वास र पुरुष अधीन नरहेर पनि छुट्टै अस्तित्व राख्न सक्ने दृष्टिकोणबाट प्रस्तुत गरिएको छ ।

नारी चेतना, नारी स्वतन्त्रता, नारी उत्थान, नारी स्वाभिमान र पुरुष भन्दा भिन्न र पुरुषमा नभएको छुट्टै मनोग्रन्थीको व्याख्या विश्लेषणका कारण वी.पी. आफ्ना समकालीन लेखकहरू भन्दा फरक देखिनुहुन्छ । आजसम्म वी.पी.को यस नयाँ धारणा र मान्यतालाई कसैले उछिन्न सकेको छैन ।

वी.पी. कोइरालाका समकालीनहरू मैनाली, सम, पुस्कर, भिक्षु, गोठाले, रूपनारायण आदिका रचनाहरूमा नारीहरूको चित्रण अति दयनीय पाइन्छ । उनीहरूका रचनामा नारीका इच्छा, चाहना र निजी आकाङ्क्षाको कुनै ठाउँ राखिएको छैन । पुरुषमा भोग्या, विलासिताका पात्र, परिवारमा- सासु, नन्द-आमाजु, जेठानी दिदी, लोग्ने आदिकै इच्छा-खटनमा बाँच्न र सधैं पीडा, दुःख र वाध्यता भोग्न विवश नारीहरू चित्रित छन्– उनीहरूका रचनामा । लोग्ने र सौताबाट तिरस्कृत नारीहरू छाएका छन् । आत्महत्या गर्न बाध्य छन्– बाँचेका भए पनि पशुजीवन बिताएर ।

वी.पी. कोइरालाका रचनामा पाइने नारी यस्ता छैनन् । कुने नारीलाई दुःख, तिरस्कार, पीडामा बाँच्न विवश देखाइएको छैन । लोग्नेमान्छेबाट अपहेलित भए पनि ठगिए पनि आफ्नै खुट्टामा उभिने, आफ्नो निर्णयमा बाँच्न सक्ने, आफ्नो इच्छा, आकाङ्क्षा प्रकट गर्न सक्ने, आफ्नो अहं र अस्मिता चिन्न बुझ्न सक्ने छन् । लोग्नेमान्छे भन्दा अझ माथि सुल्झिएका र उच्च विचार भएका देखिन्छन् । भनौं वी.पी.ले नारी अस्मितालाई महत्त्व दिनुभएको छ । भाग्य, अन्धविश्वास, रुढी, परम्परा; आफ्नै पुर्पुरो र कर्मलाई धिक्कार्ने, नारीको चित्रण छैन वी.पी.– रचनामा । वी.पी.का नारीहरू आत्मविश्वास, आत्मस्वतन्त्रता, अपराध भावनाबाट मुक्त, पछुतो नराख्ने, स्वावलम्बी र कर्मठ भई बाँचेका छन् ।

वी.पी. कोइराललाई रचनाका माध्यमबाट अध्ययन गर्दा नारी जागृति र स्वतन्त्रता, नारी अस्मिताका पक्षधरका रुपमा चिनिन्छ ।

नारीलाई पृथ्वीसँग दाँजेर आवश्यकता अनुसार सन्तानको खेती गर्ने र मनलागी भोग्ने परम्परा शास्त्र, सामाजिक मर्यादा र पारिवारिक बन्धनमा जेलिएर बस्ने आत्महीन वस्तुका रुपमा देखाउँदै आएको हो हाम्रो समाजले । स्वभावत:लेखकहरूले त्यही छाप/बाटो समाते ।

वी.पी.ले नारी– पुरुषभन्दा, पुरुष इच्छा भन्दा अलग्गै इच्छा आकाङ्क्षा र प्रकृति भएको, नारी-मन, नारी-हृदय पुरुषसँग नदाँजिने रुपमा देखाइदिनु भयो । पुरुष बराबर मात्र होइन अझ माथि भनेर देखाइदिनु भयो ।

लोग्ने जस्तोसुकै भए पनि लुलो, लङ्गडो, रोगी, बूढो, धूर्त फटाहा जस्तो भए पनि मानेर बस्नुपर्ने, बाबु-

आमाले जस्तालाई बिहे गरेर दिए पनि आफ्नो कुनै इच्छा र आस्था नभए पनि मान्नुपर्ने, परिवार– समाजले लादेको बोकेर हिंड्नु पर्ने नारीमाथिको विडम्बना र अन्यायका विरुद्ध वी.पी. ले नयाँ मान्यता र चिन्तन दिनुभएको छ ।

मान्छे शरीर मात्र होइन, शरीर पशु मात्र बाँच्छ । मान्छे मन र हृदय हो । बाहिरी आवरण, शारीरिक बनावटलाई मात्र मान्छे भन्न मिल्दैन । मान्छे बुझ्न उसको मन-हृदयमा पस्नुपर्छ । अन्तर्तहलाई खोतल्नु पर्छ– मान्छे चिन्न । मान्छेलाई केवल भौतिक रूपमा मात्र हेर्ने गरिन्छ । वी.पी.ले मनोविश्लेषण, आडम्बरहीन स्वच्छ यौनमनोधारणालाई आधार मानेर मान्छेको मौलिक स्वरूप/यथार्थ मान्छेको पहिचान गराउनु भएको छ ।

नारीलाई यसै आधारमा पर्दाभित्र रोएर/दबिएर लोग्नेमान्छेले बनाएका आडम्बरी खोल, मर्यादाका जालमा परेर दाम्लामा बाँधिएकी गाईरूपबाट बाहिर तानिएको छ । मौलिक इच्छा र दमित अवचेतन मन खुलारुपमा प्रकट गर्न सक्ने बनाइएको छ– वी.पी. रचनामा एउटा छुट्टै दर्शन तयार पारेर ।

'चन्द्रवदन' – लामो समयदेखि लोग्ने जेलमा परेकी छ तीन वर्षकी छारीकी आमा चन्द्रवदन भर्खर उन्नाईस वर्षकी ... । प्रेम र बिहेको महत्त्व नबुझी बाबु-आमाका इच्छामा बिहे भएर उमेर नपुग्दै सन्तानकी आमा भएकी छ । लोग्ने नहुँदाको एकान्तमा, वियोगमा पल्लोघरमा बस्ने युवकलाई देख्ता तिनको भित्री अवचेतन मन आकर्षित हुन्छ । लोग्ने आफ्नो बाहेकका लोग्ने मान्छेलाई यसरी मन पराउनु हुँदैन भन्ने अपराध-धारणा आए पनि कताकता अप्रत्यक्ष चाहनाले चन्द्रवदनलाई ढाक्छ । वी.पी. यस चाहनालाई नारीको स्वाभाविक प्रकृति मान्नु हुन्छ ।

चौध वर्षे हरिमतीलाई पचपन्न वर्षे कटक बहादुरले बिहे गरेको कुरामा वी.पी.ले कटकबहादुर र त्यस्तालाई छोरी दिने दुवै पक्षलाई धिक्कार्नु भएको छ । यस्तो अनमेल बिहे परम्पराको विरोध गरिएको छ । अनमेल बिहेबाट स्वभाविक रूपमा विकृति आउँछ, यस्तो विकृति पनि नारीको दमित भावनाबाट स्वत: उब्जने अवचेतन स्वरूप हो भनेर "कर्णेलको घोडा" की कर्णेल्नीको अवस्था चित्रण गरेर देखाइएको छ । यसको आशय – अनमेल बिहे गराएर नारी अस्तित्वको तिरस्कार नगर्नु भन्ने हो ।

'पवित्रा' बालविधवा, कुरुप, गरीब र विवश नारी पवित्रा भान्से भएर बसेकी भए पनि मालिकको खुबै ख्याल राख्छिन् । जब मालिक केशवदेवको बिहे भएर पत्नी आउँछिन् पवित्राले आफ्नै सौता ठान्छिन् । यद्यपि पवित्रा र केशवका बीच भान्से र मालिक भन्दा अरू सम्बन्ध थिएन । तर पवित्रामा बालविधवा भएर यसै बस्नु परे पनि भित्री अवचेतन मनले दाम्पत्यसुख भोगे झैं ठानेको थियो । नेपाली समाजका हजारौं यस्ता- पवित्रा जस्ता बालविधवा र परित्यक्ता नारीहरूको यथार्थ चित्रण भएको छ । समाजले यस्ताको कुनै महत्त्व राख्दैन तर कसरी उनीहरूको चाहना, इच्छा दबेको हुन्छ । यस्ता नारीभित्रको ठूलो भागलाई छोएको छ– 'पवित्रा' ले र नारीको सम्मान गर्न प्रेरणा पनि दिएको छ । त्यस्तै 'मधेशतिर' की विधवाको घरजम गरेर बस्ने चाहनाका आधारमा विधवाहरूले सम्मानित र अरू नारीसरह बस्न/जीवन बिताउन पाउनुपर्छ भन्ने सन्देश छ ।

'राइटर बाजे' मा एउटी साधारण भोटे जातकी सडकमा अलपत्र परेकी नारीलाई आश्रय दिने बाहुन र राइटर बाजेले पछि गएर पत्नीकै रूपमा राखिएको प्रसङ्गले नारीमाथिको सम्मान उजागर भएको छ । नारी जस्तोसुकै पिछडिएकी निम्न जातकी भए पनि यदि पुरुषले सम्मान दिने, अवसर दिने वातावरण सिर्जना गरिदिने हो भने उच्चस्थानमा पुग्न सक्छे । यसमा नारीलाई एउटा सेवा र त्यागको प्रतिमूर्तिका रूपमा देखाइएको छ ।

'तीनघुम्ती' की नारी इन्द्रमाया नेपाली समाजका लागि नौलो प्रस्तुति हो । बाबु-आमाको इच्छा विरुद्ध बिहे गर्ने त अरू नारीहरू पनि हुन सक्छन् तर इन्द्रमाया जस्तो नारी अस्मितामा बाँच्ने, त्यस्तो साहस राख्ने हत्तपत्त पाइँदैनन् । पतिभक्ति र पतिप्रेम राखेर पनि अर्को पुरुषसँग यौन सम्बन्ध चाहना पूरा गर्न सकिन्छ । मानसिक हीनता र ग्लानी पश्चात्ताप विना स्वच्छ शरीर सुखले प्रेममा कुनै

बाधा पुऱ्याउँदैन भन्ने उदाहरण इन्द्रमाया हुन्। परपुरुषबाट जन्माइएकी छोरीलाई नस्वीकार्ने लोग्नेसँग छुट्टिएर एक्लै छोरीसँग उही पतिकै नाममा आफूलाई राखेर बाँच्नसक्ने इन्द्रमाया अनौठो प्रस्तुति हो । इन्द्रमायाले कहिल्यै पनि आफूले गल्ती गरें भन्ने हीनताबोध राखिनन् ।

'सुम्निमा' की सुम्निमा नारी स्वतन्त्रताकी प्रतीक हुन्। स्वाभाविक र स्वतन्त्र बँचाइमा सुम्निमामा जुन आनन्द र खुसी पाइन्छ जुन निस्फिक्री छ, जुन निर्णय गर्न सक्छिन्, जसरी इच्छा पूरा गर्न सक्छिन् त्यस्तो आनन्द सुम्निमा जस्तै अर्की नारी पुलोमाले भोग्न सक्तिनन् । पुलोमाको जीवन नियम बन्धन र कृतिमताले निरस र अत्यासिलो पारेको छ । वी.पी.ले दुईवटी नारीको छुट्टाछुट्टै चरित्र र जीवनशैली तुलनात्मक रूपमा प्रस्तुत गरेर नयाँ दृष्टि विचार राखिदिनु भएको छ । अर्थात् स्वाभाविक स्वतन्त्र जीवनलाई श्रेष्ठ मानेर सुम्निमा–आदर्शको वकालत गर्नुभएको छ । शरीर धर्म ठूलो अथवा नियम बन्धन ठूलो गम्भीर वहसपछि शरीरधर्मकै जीत गराइएको छ ।

'मोदिआइन' की मोदिआइन एउटी साधारण नारीका रूपमा प्रस्तुत गरिए पनि सम्पूर्ण औपन्यासिक कथानक यिनै नारीको सेरोफेरोमा घुमेको छ । पूर्वजन्म अतीतभित्र प्रवेश गराइएकी मोदिआइनबाट सम्पूर्ण महाभारतीय युद्धको विभीषिका वर्णन गराइएको छ । महाभारत युद्ध व्यर्थ र अनावश्यक सिद्ध भएको छ । मोदिआइनका माध्यमद्वारा स्त्रीजाति स्वभावत: शान्तिप्रिय हुन्छन् । स्त्री-प्रकृति निश्छल, स्वच्छ र शान्त हुन्छ । मोदिआइन सम्पूर्ण नारी प्रकृतिको उदाहण हुन् ।

त्यस्तै 'सखी' की चन्द्रकुमारी, 'नेरन्द्र दाइ' की गौरी– जो परम्परागत नारी प्रकृतिकी उदाहरण अथवा मुनारिया, 'हिटलर र यहुदी' की रेखा ले जो पुरुषसँग निस्फिक्री वहस गर्न सफल छन् – यौनविषयक चर्चा, छलफल पुरुषले मात्र गर्नु भन्ने छैन, नारीका पनि उत्तिकै आकाङ्क्षा इच्छा हुन्छन् भन्ने हाँक गर्छिन् ।

समग्रमा वी.पी.कोइरालाका कृतिहरू– नारीप्रधान छन् । नारी चरित्र, नारी अस्मिता र नारी अहं उच्च राख्ने सन्देश र विचारले भरिएका छन् । नारीले स्वेच्छा जीवन बिताउन पाउनु पर्छ । इच्छा, चाहना दबाउनु हुँदैन । विशेष गरी यौन, प्रेम, प्रसङ्ग स्वतन्त्र हुनुपर्छ । 'प्रेम' कसैको खटनमा अधीनमा रहने चीज होइन । प्रेममा जात, धर्म, रूप आदिको बन्धन हुँदैन । प्रेम स्वतन्त्र र आफ्नो अधीनमा हुने गर्छ– सीमा र बन्धनरहित ।

वी.पी. नारीको सतीत्व भन्दा प्रेम र कर्तव्यलाई महत्त्व दिनुहुन्छ । कुनै पनि पतिले आफ्नी पत्नीको मूल्याङ्कनमा सतीत्व जोड्नु भन्दा उसले आफूप्रति गरेको प्रेम र कर्तव्यमा कमी/बेसी के छ त्यो मात्र हेर्नुपर्छ । सतीत्व वा यौन स्त्रीको नितान्त निजी विषय हो ।

नारीको जीवन प्रेंममा मात्र अडेको हुन्छ । प्रेम बिनाको नारीजीवन खोक्रो शरीरको ढाँचा... । पुरुषमा प्रेम आवश्यक छैन । प्रेमको अस्तित्व स्त्रीमा मात्र छ, पुरुषमा छैन । पुरुषको प्रेम सामान्य हुन्छ तर नारीको असाधारण अर्थात् नारीहृदय र शरीर दुबैले प्रेम गर्छे । पुरुष प्राय: शरीरको मात्र ... ।

यसरी वी.पी. ले मानव-अन्तर कुन्तर केलाएर रचनामार्फत आफ्नो दृष्टिकोण राख्नुभएको छ । 'नारी' विशेष गरी वी.पी.को मुख्य अध्ययन विषय रह्यो । हामो समाजका दमित र अवहेलित नारीको यथार्थ चित्र कोरेर अस्मिता र अहं चिनाइदिनुभएको छ । वी.पी.ले आफ्ना रचनाद्वारा सम्पूर्ण नारीसमाजको आदर-सम्मान दिनुभएको छ । नारीलाई स्वतन्त्र, सबल र स्वाभिमानी भई बाँच्ने सन्देश दिनुभएको छ । ✧✧✧

◆देश भन्नोस् चाहे राष्ट्र-त्यो भूगोल होइन, त्यो माटो होइन, त्यो यथार्थमा जनता हो । जुन कुराले जनताको हित हुन्छ त्यही कुरो देश हीतको कुरो हो । जनताको अधिकार हनन्– देशको अधिकार हनन् हो – *विश्वेश्वरप्रसाद कोइराला*

◆राष्ट्रियता माटो होइन, जनताको सामुहिक भावना (विचार) हो – *वी.पी.कोइराला*

कविता

सुखीराम उर्फ ढाक्रे

⇨ क्षेत्रप्रताप अधिकारी

डोकोमा साहूको किराना
किरानामाथि पोकोमा
अलिकति पीठो
केही ढिका नून
केही ढिँडी खुर्सानी
एउटा ताप्के
र एउटा दाबिलो
सुखीराम उर्फ ढाक्रे ।
स्वप्नदोष कटकटिएको
कछाडको छेउले पसिना पुछ्नु
घेरो च्यातिएको टोपी झिकेर
नाम्लोको डाम छाम्नु
भोटो फाटेको आङमा
बोरा छोपेर डोको मिलाउनु
र, मनकामना उक्लिनु
सुखीरामको नित्य कृत्य ।
सुखीराम
वास्तवमा सुखी छ
उसले निर्दल बुझेन
वहुदल पनि बुझेन
भनेजस्तो प्रजातन्त्र नपाएर
दुखी भएका बुद्धिजीवीको व्यथा
सुखीरामले भोग्नुपरेको पनि छैन
यति वेला -
फुटेका कुर्कुच्चा हिँडेर
उकालो नापिरहेको सुखीराम
इमान्दार राष्ट्रवादीभन्दा सुखी छ ।
देश भनेको कुनचाहिँ गोरेटो हो
सुखीराम त्यो बाटो हिँडेको छैन
त्यसैले ऊभित्र कतै
देश ठेस लागेको पनि छैन
ऊ नागरिकता नलिएको
जन्मसिद्ध नागरिक हो
ऊ हाम्रो मतदाता पनि हो
सुखीरामहरुको बुई चढेर
हामी संसदमा जान्छौं
तस्करको लस्करमा मिलेर
घूस होइन
कमिसन खान्छौं
र, भाषणमा शहीदको सपना फुलाएर
राशनमा रातो राहदानी खान्छौं ।
यो प्रजातन्त्र नआएको भए -
हामी पनि
जाँगे फाटेको
सानो कान्छो हुने थियौं
गुन्यू फाटेकी
सानीकान्छी हुने थियौं
अथवा आकाशमुनि
चौतारीमा वास बसेर
रात रातभरि
सुखीरामको परेलीमा
तुसारो रुने थियौं -
मरेका वीपी र गणेशमानहरु
जिन्दावाद !
झरेका पुष्पलाल र मदन भण्डारीहरु
जिन्दावाद !
अर्धजीवन बाँचिरहेका
सुखीरामहरु मुर्दावाद
रुन्चेहाँसो हाँसिरहेका
दुःखीरामहरु मुर्दावाद
जिन्दावाद यस निम्ति कि
यी नामहरु भजाएर
नव ढनाढ्य पल्टेका छौं हामी
मुर्दावाद यस निम्ति कि
सुखीरामहरु भित्र मुम्सेको
धैर्यताको बाँध फुट्ने डर छ हामीलाई
दुःखीरामहरुको आँखामा छारो हालेर
खाइपाइ आएको दानापानी टुट्ने डर छ, हामीलाई।

कथा

आमा

❑ *पुष्पनाथ शर्मा*

"दिदी, दिदी । बाबुले बाबा । बाबा !!' भन्न जान्यो । 'बाबा' भन् बाबु । 'बाबा' भन् । सात वर्षकी अबोध उसकी बहिनी दश महिनाको उसको भुकुल्ले छोरातिर औंल्याएर उसको ध्यान तानिरहेकी थिई । त्यो शिशु पनि सानो खेलौना मुखमा हालेर 'बाउ । बाउ !!' गर्दै भर्खरै उम्रेको माथिल्लो पट्टिको एउटै दाँत देखाएर बामे सर्दै खेलिरहेध्यो ।

'मलाई बाबा भन् । मलाई बाबा भन् !' भन्दै उसको पिताले बालकलाई दुई हातल उठाएर गालामा म्वाइँ खाए। उसलाई आकाशतिर हवाइ जहाज झैं उडाएर पिताले फेरि भने 'मलाई बाबा भन्, लाटा !' बालक अलमस्त हाँस्यो। उसका पिताका आँखाबाट अनायास दुई थोपा आँसु खसेछन् जुन उषाले प्रष्टै देखी । तरकारी केलाएर केही पर मुढामा बसेकी आमाले खुइयय गर्दै भनिन् 'हजुरलाई बाबा नभने कसलाई भनोस् त त्यसले अब उसको बाबा तपाईं ... ?'

उषाका मानसपटभरि डढेला सल्केर शरीरभरि फैलियो । ऊ लामो उच्छ्वास फ्याँकेर आफ्नो कोठाभित्र गई र डङ्गरङ्ग ओछ्यानमा पल्टी । आँखाबाट अजस्र आँसु आए। मनभित्रबाट हिक्का फुटेर आयो – दुःखको तिक्तताले उसलाई व्याकुल बनायो । निस्तेज आँखाले उसले टाढा कतैतिर हेर्दै मनलाई फ्याँकिदिई आफ्नै अथाहा दर्दमय मार्गमा दौड्न ।

उसका पिताले भनेको प्रष्ट सुनी – उसले । 'ए उषाकी आमा । तँ कुरा गर्दा विचार गरेर शब्दहरू खोज्ने, गर्ने गर् । छोरी त्यसै पनि व्यथित र भावुक भएकी छ, तँ भने यस्ता कुरा गर्छेस् जसले उसको छातीभित्र तीर लाग्छ । हेर, यस बबुराको भविष्य उसको खुसीले मात्र सप्रन सक्छ – आमाको स्नेह पायो भने बाबुको साथ सबैबाट पाउन सक्छ । बगेको खोला र बितेको समय कहिल्यै फर्केर आउँदैन । अब बितेका तीता कुरा छोडी भोलि आउने सुनौला दिनहरूको प्रतीक्षा गरौं । बोल्दा शब्द केलाएर, कुरा निफनेर गर्ने गर् न तँ !'

आमाले भनिन् – 'मैले के नै भनेकी छु र ? अब तपाईं बाहेक नजिकको उसको बाबा को छ र त ? उसको भाग्यै त्यस्तो रहेछ त ? म के भनूँ त ?'

'भो भो, तँ बढ्ता कुरा नगर् । भाग्य र जोग्य केही थाहा छैन तँलाई । बोल्न पाए पुग्यो !' – पिता झर्केर अर्कैतिर लागे ।

उषाका मनमा आमा-बाका जस्तासुकै कुराहरू आएर ठोक्किएर पनि ऊ टाढा दिगन्तमा हेरेर अश्रुपूर्ण नयनले भविष्यको अँध्यारो तुँवालो भित्र हराइरहेकी थिई ।

बाबु-आमाले धेरै पढेको, राम्रो जागिर भएको, भरपर्दो कमाइ भएको कुलीन घरानको केटो खोजेर उषाको विवाह गरिदिंदा कसरी अडकल गर्ने कि विवाह गरेको पन्ध्र महिना पनि नपुग्दै ऊ सेता लुगा लगाएर एउटा चिचिलो बोकेर माइत फर्कली ? सको लोग्ने भुतुक्क जाला भन्ने कसलाई लागेको थियो र ? नियति यस्तै निष्ठुर हुन गयो – उसका जीवनमा । आमा बाबुका निम्ति आफ्नी छोरी आफ्नै शरीरको अङ्ग हो, आफ्नै रगत पसिना मुछिएर दुःखकष्टले हुर्काएको सुरम्य फूल । सामाजिक प्रचलन, व्यवहार धर्म र परम्पराले गर्दा उसलाई छातीमा हात राखेर अर्काको घर पठाउनुपर्ने – उसको भविष्य अर्काको घर आँगनमा बित्नुपर्ने । जीवनको प्रभाती किरणमै उषा मणि हराएको नाग भएर पुनः आमाबाबुकै आँगन फर्कन बाध्य भई । पतिबिनाको पराइघरमा उसले बस्न सकिन ।

उषा एक युवतीबाट सुशिक्षित नारी र वात्सल्यमयी आमा भएकी थिई । उसका आमा, बा, साथीभाइका ढाढसले प्रेरणा पाई दिन व्यतित गर्न लागी । उसको बालक छोरा 'आमा !' भनेर दगुर्ने भयो । उषा आफ्ना छोरालाई काखमा राखेर भावनात्मक तन्मयतामा डुबुल्की लगाउँदैछे – 'उसका छोराको नाक, कान, अनुहार, हातगोडा सबै बाबुचाहिंकै

जस्ता'–उसका आँखा कसैले कोपरे जस्तो लाग्छ उसलाई । ऊ ज्यादै भावुक भएर कतै हराएजस्ती हुन्छे । यस स्थितिलाई बुझ्नसक्ने उसका पिता विचारमग्न हुन्थे । व्यथित र थकित हुन्थे – 'के गर्ने यसले, यसको जीवन पीडामय भयो ।'

एक दिन उसका पिताले भने 'छोरी ! तँ अब कुनै काम गर् । तँ यसरी बसिस् भने तेरो मन भावनामै बहकिन्छ र तँ सधैंसधैं व्यथित भइरहन्छेस् । निरर्थक भावुकतामा हराउनुभन्दा कुनै उत्पादक काम गर्नु उपयुक्त हुनेछ । तेरा लागि उपयुक्त यौटा काम मैले खोजिदिएको छु । के विचार छ तेरो ? राम्रो विचार गरेर मलाई जवाफ दे !'

स्वीकारको सूचना दिई उसले । जागिर खान थाली उसले– कुनै एउटा उद्योग प्रबन्ध गर्ने कार्यालयमा । भावुकता भन्दा यथार्थ कार्यबोझले उसलाई जित्दै लग्यो । ऊ जागिर भएर जागिरमा हराई– काममा बिलाई । मान्छे महत्त्वाकाङ्क्षी हुन्छ, मान्छे प्रगतिगामी हुन्छ, मान्छे उठ्न चाहन्छ र केही गर्न सदा उद्यत रहन्छ । तर नियति कस्तो भइदिन्छ भने मान्छेका बाटामा उभिएर उसका लक्ष्यमा बाधा पुऱ्याउँछ । खोलामा चट्टान उठेर उसको वहाव मार्ग नै बङ्ग्याएर उसको दिशा परिवर्तन गराए झैं उसको बाटो नै मोडिदिन्छ । मानिस बिनाबाधा, बिनाविरोध हिंड्न पाउँदैन । मान्छेका प्रत्येक पाइला काँडाले ढाकेको बाटोमा हिंडाउनुपर्छ । यस्ता काँडा भन्दा पैतालाको छाला दह्रो भएन भने ऊ एक पाइला पनि अगाडि हिंड्न सक्दैन ।

सुशील, सुवानी, सरल र सुन्दर मानिस जतिसुकै इमान्दार, सच्चरित्र र कर्तव्यपरायण भए पनि उसलाई नराम्रो पार्न समाजको यौटा सिङ्गो पक्ष सदैव तत्पर रहेको हुन्छ । उषाको जीवनमा एउटा त्यस्तै बाढी आयो जुन भेलले उसका सारा जीवनका परिकल्पनाहरूको वेग बङ्ग्याइदियो, उथलपुथल मच्चायो– उसका भावुक र कमजोर जीवनका छालभित्र ।

उषाको अफिसमा शरद पनि जागीरे थियो । उषाको विवस जीवनलाई देखेर, उसका सुन्दरताले, लगनशीलता र मेहनतले शायद ऊ धेरै प्रभावित भएको थियो । मान्छे आफूभित्र मुटु बोकेर व्यथा बनेर वाफिन्छ । उसको कमलो मुटुको पत्रभित्रबाट वाफिएर निस्केका अनुभूतिभित्र व्यथाको भवन खडा गरेको थियो । हाड र छालाको शरीरभित्र एक मुठी प्राण र एक त्यान्द्रो चेतना बोकेर मान्छे त्यस प्राणलाई धान्न लाखौं प्रकारको सङ्घर्ष गर्दै आएको छ । उसका उत्साह, उमङ्ग र जोशले जिउने-जाग्ने र उभिने शक्ति दिएको छ भने, कमलो मनको विरहले आँसुको ढिकुटी जमाएको छ । शरद यस्तै यौटा मान्छे हो जससँग चन्द्रमा छुने जोश र जाँगर छ, बुद्धि र विवेक छ, यो विश्व नै एकपल्ट थर्काउने उत्साह र आँट छ तर ऊ भित्रको कमलो मनको अज्ञात कमजोरीबाट प्रस्फुटित विरहले यसलाई जितेर छट्पटी र व्यथामा भिजाएको छ । ऊ स्थिर भएर एकछिन पनि एक ठाउँमा बस्न सक्दैन । संधै मनको शून्यताको आकाशभित्र अज्ञात भावनाका पखेटा हालेर उडिरहेको हुन्छ, हराएको हुन्छ । मन अथाहा गहिरो डुबुल्की मारेर गहिराइको नाप लिन नसकिने सागर रहेछ, यो अनन्त अग्लो घना बादलले ढाकेर एवं ढाकेको उडेर पुग्न नसकिने आकाश रहेछ ।

कहिलेकाहीं संयोग विचित्रको पर्दोरहेछ । एक पटक के भनौं निक्कै पटक उषा र शरद अफिसबाट सँगै निस्कन्थे र सँगै फुटपाथबाट बिस्तारै हिंड्थे, घर फर्कने बेलामा आम्नेसाम्ने कोही हुँदैनथे भए पनि एकै अफिसका कर्मचारी सँगसँगै बाटामा हिंड्न कुनै नहुने कुरा पनि थिएन । एक दिन दुबै नबोली हिंड्दै थिए । दुबैले एकैपल्ट एक अर्कालाई पुलुक्क हेरे र फेरि दुबैले आफ्ना नजर लुकाए । निकै परसम्म हिंडेपछि दुबैले एकैचोटी एक अर्कातिर फर्केर भने 'हँ तपाईंले केही भन्नुभयो ?' दुबै झस्के र मुन्टो निहुराएर हिंडिरहे । यस्ता घटना निकै भए तर दुबैका बीचमा कुनै खास अरू खोलेर कुरा भएनन् – केवल मनहरू उड्थे । समय यसरी बित्दै गयो ।

मनभित्रको भावनामा फुल्छ– मान्छे कनकचम्पा बनेर, भावनामा उड्छ– मान्छे सीमलको भुवा बनेर, भावनामा दगुर्छ– ऊ चैतेबतास बनेर, भावनामै चम्कन्छ मान्छे– ध्रुवतारा बनेर, भावनामा भौंतारिएर भूत बन्छ । मान्छे, भावनामा पग्लेर देवता बन्छ । मान्छे दया, माया, स्नेह र प्रित बनेर पग्लन्छ । मान्छे भावनामा छचल्किएर भावनामा बग्छ । मान्छे कोशी र कर्णाली बनेर र भावनाभित्र

फक्रन्छ, मान्छे ज्ञान, विज्ञान र आविष्कार बनेर बाँच्छ । उषा भावनामा हराउँछे, बिलाउँछे र जुर्मुराउँछे अधीर भावनाका छालभित्र र छचल्किन्छे । छरपुस्ट भावहरूले उसलाई सताइरहन्छन् घच्घचाइरहन्छन् ।

शरद डुब्छ भावनामा – 'समाज, घर, व्यवहारले के गर्लान् ? यी सब केही होइनन् – यी सबको के वास्ता ? उषा त पवित्र छे, गङ्गाजलझैं विशुद्ध र आकाश झैं स्वच्छ छे । प्रकृतिको सुन्दर सिर्जना हो उषा – कोमल फूल हो । उसको मुटुभरि माया छ मनभरि प्रीति छ । उसको उमेर पनि त कति नै भएको छ र ? मभन्दा कान्छी नै छे । हो ! ऊ मेरोलागि यौटा अनुपम साथी हुनसक्छे । म उसलाई अपनाउने छु ।' अल्झन्छ शरद भाव लहरमा ।

उषा छट्पटाउँछे – शरदले मलाई चाहँदो रहेछ । यो सर्वस्व भैसकेको मेरो काया उसका निम्ति भविष्यमा अवश्य घृणित हुनेछ । हुनत उसले मलाई असाध्यै माया गर्छ तर के यो माया सधैंभरि कायमै रहला ? लोग्ने मान्छेको मन हो ? अहँ ... ! कठै मेरो मुटुको फूल दिव्येश ! ऊ टुकुटुकु आइरहेछ ! मेरा दुबै हातको सहारा चाहिन्छ उसलाई । अहँ ! मैले अल्मलिनु हुन्न । मेरो दिव्येश नै मेरो जीवनको पूर्णता हो । ऊ दिव्येशलाई छातीमा टाँसेर, भुकुल्ले गालामा म्वाई खान्छे । दिन बित्छन्, रात बित्छन् र यसरी नै जीवन पनि त बित्नेछ । आखिर के नै छ र यस जीवनमा ? ऊ विचारमग्न हुन्छे ।

छोरीको वेदनामय जीवनले उसका पिता सधैं चिन्तित हुन्छन् । केही न केही सोचिरहेकै हुन्छन्, उनी । एक दिन उसलाई केही भन्ने भावनाले छट्पटाएर भने – 'छोरी ! तँ ज्यादा पीर नगर् ! पीरमा डुबेर जीवन बिताउन धेरै कठिन हुन्छ । तैंले बाँच्ने दिन धेरै नै बाँकी छन् । समयको बेगसँग चल्न सक्नुपर्छ, समयसँगै दौड्नु नै मानिसको सच्चा जीवन हो । मैले केही सोचिसकें छोरी ! यो सांसारिक प्रपञ्च हेर्दा जति विशाल छ भोग्दा त्यति नै सङ्कुचित छ छोरी ... ।'

पिताको कुरामा उसले कुनै चाख देखाइन । उसले कुनै कुरा भनिन । छोरीलाई झन् घायल पारेको अनुभूति भयो पितालाई र अरू केही नभनी उनी अर्कै कामतिर लागे, छातीमा कहिल्यै बिसाउन नसकिने गह्रौं घाउ लिएर ।

सबैलाई सबै प्रकारका साथी, शुभचिन्तक, सहयोगी र डाहीले एवं खिल्लीवाज मानिसहरूले घेरेका हुन्छन् । वास्तवमा भन्ने हो भने नेपाली समाजमा अर्काको उन्नति नसहने र खोइरो खन्ने इष्टमित्र प्रशस्त हुन्छन् । मानव स्वभाव नै छुच्चो हुन्छ । छुच्याइँको मद लागेकाहरूले त्यसबाट छुटकारा पाउन पनि सक्दैनन् ।

अरूलाई खिल्ली उडाएर हाँस्न धेरैलाई रमाइलो पनि लाग्छ । उषाका अफिसमा पनि उसका बारेमा खासखुस कुरा गर्नेको कमी थिएन । बिचरी सोझी उषालाई यसबारे न जानकारी थियो न त पर्वाह नै ।

एकदिन उसकी सहकर्मिणी नन्दाले सबैका अगाडि प्याच्च भनिहाली 'एई ! उषा आज तेरो शरद अफिस आएन भनेर अँध्यारो मुख लगाएर बसेकी होस् कि कसो ? उसका आमा बाबुले त केटी खोजेर विवाह गर्न ठीक पारे छन् नि ! थाहा भयो ?' 'शरदको विवाह भएर के फर क पर्छ त ? उषाकै पनि त भइसक्यो नि !' कृष्णाले प्याच्च भनिहाली । अरू सबै गलल हाँसे उषा बोलिन । मनमने पीडाले छट्पटाइरही । 'तिमीहरू नचाहिंदो हुल्लड कुरा गरेर अरूलाई नराम्रो बनाउँछौ ? यो ठीक होइन । भए नभएका कुरा प्याच् प्याच् बोल्न लाज पनि लाग्दैन तिमीहरूलाई ?' शुशिलाले भनी । 'देखे जान्या कुरा गर्न के को लाज ? बडो उच्च भावना देखाउँछेस् !' उसलाई सबैले हात धारिउँ पार्दै भने ।

उषा अर्कैतिर लागी – उसलाई असह्य भयो । मानिस विभिन्न विचारका, विभिन्न मति र विवेकका एवं विभिन्न वातावरणमा हुर्केका हुन्छन् र मानिस अरूका राम्रा कुरा गर्नमा भन्दा नराम्रा पक्षका कुरा खोतलेर गर्न बढी रुचाउँछन् ।

यसरी उषा र शरदबीच विशेष सम्बन्ध छ भन्ने व्यापक होहल्ला अफिसमा हुनलाग्यो । उषालाई असह्य भयो, त्यो अफिस नै विषाक्त लाग्न लाग्यो । उसले त्यहाँ कामै नगर्ने निष्कर्षमा पुगी र ऊ व्यथित हृदय बोकेर घर पुगी । आफ्नो छोरालाई अङ्गालोभरि कसेर धेरै बेर वेदना

भुल्ने प्रयासमा बसिरही । छोरो उसको छातीमा लेपासिएर भुसुक्क निदायो । ऊ टाढा कतै हेरेर आँखाका डीलका आँसुलाई गालाभरि बग्न दिएर छोरो अँगालेर भावनाभित्र हराई ।

साँझ पर्न लागेको थियो । एकाएक उसका पिता र शरद उसका कोठाभित्र पसे । ऊ झसङ्ग भएर तन्द्राबाट बिउँझी । छोरालाई ओछ्यानमा सुताएर उसले नजिकैको कुर्सीमा दुबैलाई बस्न आग्रह गरी । उसका पिताले कुर्सीमा बस्तै भने – 'उषा तैंले कामबाट राजीनामा गरिस् भन्ने सुनेर शरद बाबु आउनु भएछ । तँलाई के त्यस्तो बाधा परेर काम छोड्ने निर्णय एकाएक गरिस् त छोरी ?' 'हो बुबा मैले राजीनामा दिइसकें र अब म त्यो अफिसमा जाँदै जान्नँ ।' उषाले भनी । 'आखिर किन ? के भयो तैंले एकवचन मलाई सोधिनस्, सरसल्लाह पनि गरिनस् किन ?' पिताले प्रश्न गरे । 'त्यहाँको वातावरण ठिक छैन, त्यहाँका कर्मचारीहरू ठिक छैनन् र त्यहाँ एकदम नचाहिंदो कुरा ज्याद गर्छन् !... म... ।'

'मैले सबै कुरा बुझेको छु उषा ! त्यसैले मैले यौटा अठोट गरेर आज म सोझै तिमी कहाँ आएको । मैले पिताज्यूसँग पनि मेरो अठोट सुनाइसकेको छु । फेरि प्रष्ट भन्दैछु – 'पिताज्यू, म उषासँग विवाह गर्न चाहन्छु र यसमा तपाईंको स्वीकृति मात्र भए पुग्छ । अरू लामा कुरा यस विषयमा गर्न उपयुक्त ठान्दिनँ ।' शरदले एकैपटकमा भनिसक्यो । पिता मौन रहे केवल उषालाई हेरिरहे ।

'त्यो असम्भव कुरा हो शरद !' उषाले भनी, 'म यो कुरा मान्न तयार छैन । तपाईंहरू दुबै बाहिर गैहाल्नोस् । म यस्ता कुरा सुन्नसम्म पनि चाहन्नँ । आखिर म यस बालककी आमा हुँ र मलाई यो भन्दा अरू कुरा ग्राह्य छैन । म लोग्ने मानिस झैं निष्ठुर स्वार्थी पत्थर होइन – म त मुटु कलेजो भरी मातृत्व भएकी आमा हुँ ! तपाईंहरू निस्कनोस् ! जाइहाल्नोस् ! मलाई आफ्नै खुशीले बाँच्न दिनोस् । मलाई कसैको सहानुभूति चाहिएको छैन, मेरा निम्ति यही छोरो मेरो सर्वस्व हो ! जाइहाल्नोस् तपाईंहरू !' ऊ छोरालाई अँगालोमा च्यापेर रून थाली । उसको मातृत्व अझ बलियो भएर आइरह्यो ।

✧✧✧

ऊ अर्के भएको छ

⇨ लुमडी आचार्य

ऊ अहिले अर्के भा'को छ
छुट्टियो सदुपयोग गर्न गाउँ आ'को छ
जब ऊ सहरबाट गाउँ आउँछ
ऊ आफैलाई नितान्त नौलो पाउँछ
किनकि
अहिले ऊ सभ्य भै सकेको छ
उसका बा-आमा चैं पुरातन नै छन्
ऊ भने आधुनिक भएको छ
उसले सहर बसेर धेरै धेरै विकास गरेको छ ।

सहर पस्दा ऊ एक्लै थियो
अहिले उस्की एउटी सहरिया दुलही पनि छे
सहरमा ऊसले 'यार' भन्न सिक्यो
'यार' भन्दाभन्दै प्यार गर्न पनि जान्यो ।

यही 'यार' सिकाउने सहरिया साथीहरूले
उसलाई एउटा सहयोग गरिदिए
उसको एउटी परी समानकी यौवनासँग प्यार भयो
उसले पनि यौवनालाई 'परी' नै भन्ने गऱ्यो ।

साथीहरू उसलाई 'यार' भन्छन्
ऊ सहरिया दुलहीलाई 'परी' भन्छ
उसलाई अझ सभ्य हुन मन लाग्यो
उसले दुलहीलाई भन्ने गऱ्यो
तिमी त परी समानकी छौ नि 'यार'
दुबै मिलाएर भन्दा हुन्छ परियार ।

अनि उसकी 'परी' भन्छे
ठीकै त हो नि यार
मेरा बाबुको थर पनि त हो 'परियार' ।

◆◆◆

लोक-साहित्य

(हामीले नेपाली लोक-संस्कृतिलाई भुल्यौं भने हामी हुनुको वास्तविक अस्तित्वलाई नै गुमाउँछौं । प्रचीनकालदेखि गायन र वाचनको रुपमा जीवित जनश्रुति परम्परा र शिला-ताम्रपत्रको रुपमा जीवन्त बनेको हाम्रो लोकगाथालाई लिपिवद्ध गरेर केही कुराहरु कृतिको रुपमा आए तर अझ पनि देशको कुनाकाप्चामा प्रचलित विभिन्न भाषाभाषीहरुका धेरै लोक संस्कृतिहरु हाम्रा सामु आउन सकेका छैनन्, अर्थात् लिपिवद्ध हुन सकेका छैनन् । अझ पनि यस्ता जनश्रुतिहरुलाई टपक्क टिपेर लिपिवद्ध गर्न सकेनौं भने प्रचलित थुप्रै लोक-संस्कृतिहरु हराएर जान सक्छन्, यस्तै एउटा 'चरीको विवाहको सवाई' यहाँ प्रस्तुत गरिएको छ - युन सवाई गुल्मी निवासी ७८ वर्षीया हरिकला पन्तको मिब्रोमा जीवित थियो ।

यसै प्रकार उहाँको मुखबाट कलमबद्ध गरिएका अरु लोकगाथाहरु पनि क्रमशः प्रकाशित गरिने छ - प्र.सम्पादक)

चरीको विवाहको सवाई

⇨ हरिकला पन्त

सुनसुन पाँच हो म केही भन्छु
चरीको विवाहको सवाइ कहन्छु
प्रथमत: कोकले केटी माग्न गयो
दिन हेर्न भनेदेखि भद्राई चरो भयो
वनबाट लाहाचेले काठ खोजी ल्याउँथ्यो
घरबसी भुट्भुटेले आरन मात्रै लाउँथ्यो
राम्रा राम्रा सुनचरी गहना कमाउँथे
दुलाहाको जामा तित्राले स्याउँथ्यो
लुगाधुन भनेदेखि धोवी चरो थियो
बाटाइको भारा[1] धान खोजी ल्याउँथ्यो
घरबसी क्याँकीले विसुन सुकाउँथ्यो
राती दिन भँगेरो धान कुट्न आउँथ्यो ।
घरबसी फिस्टाले घान मात्रै लाउँथ्यो
भुगेचरी केलाउने लाटीचरी सारनझिकन गर्ने
कोटेरा चरीले सिन्का चिरी ल्याउँथ्यो
दुना र टपरी जुरेलाले लाउँथ्यो
सिघ्रादिन भने देखि चुप्पी चरो आउँथ्यो
ठिकठिके चरीले चुलीलाई दियो
दाउरा खोज्न भनी भुंडीफोरा थियो
देउला र दाल हाँसले ल्याउँथ्यो
सिमकुखुराले चामल भिजाउँथ्यो
सिखारीले भनेदेखि भारागिरे सिद्ध
मासु ठुंग्न भनेदेखि थियो बुढो गिद्ध
हुटिट्याउँ गाउँमा निम्ता गर्न गयो
छिचिन्कोटी चरीले लुगा बटुल्ने भयो
श्रीचाँदे चरो चन्दन घोट्न आउँथ्यो
जति चन्दन घोटेको बकुलाले लाउँथ्यो
बाहुनी चरीलाई भान्सामा लाया
भात र भतियार सबैले खाया
पंछी र नामको जन्ती विदाई भयो
डोली बोक्न भनेदेखि चिवेचरो आयो
जति छन् कल्चौंडा[2] कलस्यौली[3] भए
जतिछन् रानीचरी मड्यौला[4] भए
जतिछन् तोरी गाँडा ठाँटीएर जन्त जान आए
दुलाहाको बाबु कोकलेलाई बनाए
चखेवालाई चाँडैगरी बोलाई पठाए
फाप्रेचरो आफै जान्ने आफै सुन्ने अराउन परेन
चमेराले सबैरै आफ्नो धन्दा गर्ने
सिमलचरी केही काममा अगाडि सर्ने
दुलहीको बाक्चो स्याउन[5] सुवेचरो जान्दैन
बाजाको बन्दोबस्त कसैले गरेन
चुप्पी र चिवरा एकैचोटी आए
बाजाको बन्दोवस्त तिनले मिलाए
ढुकुरले भनेदेखि ढोलकी रोज्यो
भ्याकुराले भनेदेखि टयाम्को खोज्यो
कागले भनेदेखि कर्नाल बजायो
बीचबीच बौडाईले छाता ओडाया
जतिछन् लामपुच्छे सहनै बजाया
उसैबेला काकाकुलले नर्सियाँ बजाया
बेसरी चरीले चौकापुरी दियो
धोती चिरा दिन भने गौथली थियो
जोग्ये लाउन भनेदेखि सुगा मैना गर्थे
जतिछन् सारथी सिलकै पढ्थे
कुखुरा परेवाले पर[6] जनाया
लाटोकोसेरो कानालाई घरीकुर्न लाया
कच्याङ्कुरुङ् जति छन् सिन्दुर लिन गया
सिन्दुर राखने न्याउली चरी थियो
न्याउली चरी व्याउली कुथुर्को व्याउला
विवाह गरेर आफ्नै घर जाउला
रिमरिम चरीले मङ्गल गाउला
तना र मुनाले डाँफे चरो आउला
डाँफे चरो आएर कसार चिउरा ल्याउला
कसार चिउराको भाग मात्रै आउला
हामीलाई छुट्यायो भने रुँदै रुँदै घरतिर जाउला
विदावारी भएर हलेसो आउला
मेरा कच्चा बुद्धिले यतिमात्र जान्दछु
जानी नजानी कथा गरेको
सज्जनलाई पुग्यो कि पुगेन भनेर ठान्दछु ।

◆◆◆

१. जिम्मा २. कालाचरा ३. सिंगारपटार ४. जन्ती ५. सिलाउन ६. प्रहर

यात्रा संस्मरण

तीर्थयात्रा-डायरीका पानाबाट

❑ रामहरि ढुङ्गाना

(लेखक २०५० साल माघ २६ गतेदेखि दक्षिण भारतस्थित रामेश्वरम्को दर्शनार्थ गएर कर्नाटक हुँदै फागुन ८ गते महाराष्ट्रको कराड पुग्नु भएको छ – जुन यात्रा वर्णन गताङ्कमा वर्णित छ – प्र.सं.)

मिति २०५०।११।९ को बिहान ४.४५ मा हामी महाराष्ट्रको पूर्णेतर्फ प्रस्थान गर्‍यौं । झण्डै एकघण्टा शहर परिक्रमा गरी बम्बैतर्फको राजमार्ग टेकियो । रातको ७ बजे बम्बई महानगरको प्रवेश । ४० कि.मि. भित्र जाँदा पनि नगरको एक छेउसम्म पनि पुगिएन छ । बासको प्रबन्धको लागि खोजिगर्दा कतै फेला परेन । बल्लबल्ल गाइडवालाहरूको सहयोगले 'सन्यास आश्रम' मा बास पाइएकोले रातको ११.४० मा आश्रम प्रवेश ।

भोलिपल्ट सबैरै खानपिन गरी बिहान ९.१५ मा आश्रम छोडियो र बम्बईको बजार स्थानीय देव मन्दिर (राधाराम बिहारी) बम्बईतटको सागर र बाटोमा पर्ने सिनेकर्मीहरूको निवासस्थान (अभिताभ बच्चन, धर्मेन्द्र, हेमामालिनी, शक्ति कपुर आदि) बम्बई रेल्वे स्टेशन र वरपरको बजार अवलोकन र इच्छानुसार सामान खरिद । बजार महँगो लाग्यो ।

त्यसपछि दिनको २ बजे बम्बइलाई छोडी गुजराततर्फ प्रस्थान । गुजरातको वापी भन्ने ठाउँमा बास बसी रात गुजारा गरियो ।

भोलिपल्ट बिहान ६ बजे बासस्थान छोडी प्रस्थान गरियो र बीचबाटोमा पर्ने समनी गाउँको श्रीरामजु मन्दिर प्राङ्गणमा खानपीनको प्रबन्ध गरी ४:४५ मा अगाडि प्रस्थान गरियो । जोयासारा भन्ने शहरको आक्षर पुरुषोत्तम मन्दिरमा बेलुकीको ७ बजे आश्रय लिइयो । अति सुविधायुक्त र स्तरीय प्रस्तुत धर्मशालाको व्यवस्थापन ज्यादै नै कुशल लाग्यो ।

जोयासाराबाट बिहान ६.३० मा प्रस्थान गरी बेलुकीको ६.१५ मा सोमनाथ मन्दिर पुगियो । साधारण नास्तापानीको भर र लामो दूरीको भ्रमण तथा गर्मीको अनुभव बढेको थियो । बाटोमा देखिने विविध प्राकृतिक दृश्यले र कतैकतै औद्योगिक क्षेत्रले गर्दा दूरी पार गर्न त्यति असजिलोको अनुभव भएन ।

सोमनाथ दर्शन र अनुभूतिः

१. सोमनाथ (महादेव) मन्दिर भारतीय कलाले भरिपूर्ण सिंहमर्मरद्वारा निर्मित भव्य, सुन्दर र विशाल देखिन्छ । शिवलिङ्गलाई शिवको नागले बेरिएको, मुखभागमा शिवमूर्ति चाँदीको बनाई सजाएको रहेछ ।

२. अरेवीयन सागरको किनारामा अवस्थित सोमनाथको साविक मूर्ति ११ पटकको प्रयासबाट सिमावर्ती विदेशी भूमिबाट चोरी गरी लगेको र हाल सो मूर्ति चोरीलाने मुलुकको मस्जिदको गेटमा सजाएको छ भन्ने सुनियो ।

३. मूर्ति चोरी पछि तत्कालीन गुजरातका मुख्य मन्त्री वल्लभभाइ पटेलले तुरुन्तै हालको मूर्ति पुनर्स्थापन गरेको बुझियो ।

४. सागर किनारामा अवस्थित सोमनाथ मन्दिर रमणीय देखिन्छ । हावाको लहरसँग उठ्ने सामुद्रिक छालले नीलो सागरीय जलमा प्रकृतिको मणि टल्किएको जस्तो लाग्छ । पूर्व – पश्चिमको यो सागरमा सूर्योदय र सूर्यास्त हुने हुनाले ती क्षणहरू अति मनोरहरपूर्ण लाग्छन् ।

५. पुरानो सोमनाथ मन्दिर यहाँबाट केही पूर्वमा पर्दो रहेछ । देउता नै चोरिएको हुँदा नयाँ सिर्जनाले

त्यति आकृष्ट गर्न सकेको रहेनछ ।

सोमनाथ मन्दिर व्यवस्थापनद्वारा सञ्चालित धर्मशालामा बास प्रबन्ध गरी अबेरसम्म समुद्री मनोरमको अवलोकन र रातको १० बजे खानपीन गरी विश्राम ।

भोलिपल्ट अर्थात् २०५०।११।१३ का दिन द्वारिकाधिशतर्फ प्रस्थान । बाटोमा पर्ने लाड्ला तीर्थ मन्दिर, भगवान् श्रीकृष्णको स्वर्गारोहरण स्थल (साविकको मठ मन्दिरलाई सोमनाथ ट्रष्टको सक्रियतामा १९६७ मा पुनर्निमाण, आधुनिकीकरण र विस्तार गरी आकर्षण बनाएको देखिन्थ्यो) अवलोकन ।

गुजरात-पोरवन्दरस्थित महात्मागान्धीको जन्मघरको अवलोकन र स्थानीय शैलीको पुरानो घरलाई सुरक्षित र संरक्षित गरिएको र उनको जीवनमा आधारित अन्य विविध पक्षलाई समेट्ने उद्देश्यले ट्रष्टको व्यवस्था र सञ्चालन गरेको रहेछ । भारतका प्रथम राष्ट्रपति राजेन्द्र प्रसादलदे भवनको उद्घाटन १९५३ मा गरेका रहेछन् ।

त्यसपछि सुदामाको मन्दिर परिक्रमा र अवलोकन गरी बेलुकी ८ बजे द्वारिकाधाम पुगियो र मन्दिर नजिकको पुरुषोत्तम भवन (लज) मा डेरा जमाइयो र रातको ८:५० बजे देवदर्शनको लागि मन्दिर प्रवेश । वेलुकी खानपीन पछि विश्राम ।

द्वारिकाधीशको दर्शन (तेस्रो धाम):

१. भारतीय शैलीमा निर्मित ढुङ्गेली मन्दिर, कलात्मक र आकर्षण शैली ।
२. सिंहमरमरको पत्थरमा कुँदिएको भगवान् श्री कृष्णको भव्य र सुन्दर मूर्ति ।
३. सुवर्ण गरगहनाले सिंगारिएको ।
४. सुवर्ण छत ।

प्रतिक्रिया:

१. आकर्षण रकम पुजारीको सामुन्नेको पादुकामा अर्पण गर्नेलाई विशेष किसिमको टीका, बस्त्र, नैवेद्य र फूलमाला दिने र पादुकामा रकम नचढाउनेलाई फूलप्रसाद दिनसम्म पनि वेवास्ता गर्ने व्यवहार तुच्छ लाग्यो ।
२. सामुद्रिक किनारामा अवस्थित सानो शहर, शान्त र स्वच्छ वातावरण । यात्रुहरूको चाप भए पनि आउने/जाने प्रक्रिया निरन्तर रहने र यातायातको सुव्यवस्था हुँदा पर्यावरणीय प्रतिकूलता पनि उति लागेन ।
३. नेपाली पण्डा हौं भन्नेहरूले आफ्नु साथमा मन्दिर लगेका थिए ।
४. अन्यत्र झैं यहाँ नेपाली धर्मशाला रहेनछ । धर्मशाला निर्माणको लागि वेलावखत कुरासम्म उठ्ने गरेको तर हालसम्म कुनै कदम चालिएको रहेनछ ।

भोलिपल्ट अर्थात् २०५०।११।१४ का दिन बिहान सागर किनारा स्थित गङ्गा पार्वती घाट स्नान र त्यसपछि द्वारकाधीशको दर्शन । आजको भोजन मन्दिर बाटै दिने प्रबन्ध । उपलब्ध र इच्छा भोजन पछि दिनको २:१० मा स्थानीय देवदर्शनको लागि प्रस्थान । नागेश्वर महादेव, गोपीतलाव, बोध द्वारिका, माता रूक्मिणी मन्दिर दर्शन पछि करिब ८ बजे राती बासमा फर्कियौं । आजको दोस्रो रात पनि यहीं आराम गरियो ।

भोलिपल्ट अर्थात् २०५०।११।१५ का दिन द्वारका देवदर्शन पछि खानपीन गरी बिहान ९:४० बजे तीनधाम यात्रा समाप्त गरी फर्कने क्रममा राजस्थानतर्फ लाग्यौं । करिब ११ घण्टाको मोटर यात्रा पछि रातको ८:१५ बजे गुजरातको बउक्षराजी भन्ने ठाउँमा पुगियो । अहमदावाद ५० कि.मि. जति टाढा रहेको र सबै जना थाकेकाले आजको रात यहीं बस्ने तय गरी विश्राम गरियो ।

भोलिपल्ट स्थानीय बउक्ष राजीदेवी माताको दर्शन गरी बिहान ७:१८ मा माउन्ट अबुतर्फ लाग्यौं । बीच बाटोको आवुरोड– पशु चिकित्सालयमा खाना बनाई खानपीन पछि बाटो लाग्यौं र २.५ घण्टाको पहाडी मार्गबाट माउन्ट आवु पुग्यौं ।

माउन्ट आबु:

केही वर्ष अघिदेखि शान्ति मार्गीहरूको प्रयासमा विश्वमा शान्ति फैलाउने उद्देश्यले Universal Peace

Hall सहितको ठूलो प्रवचन हल, विश्वविद्यालय, अध्ययन, अनुसन्धान प्रकाशन योग आदिको व्यवस्था ।

सुन्दर, आकर्षण र स्वच्छ तथा सफा वातावरणमा सेता बस्त्रधारी कार्यकर्ताहरू । होटल, लज, रेष्टुराँ र पर्यटन व्यवसाय विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास र विस्तार कार्यक्रम ।

'प्रजापिता ब्रह्म कुमारी ईश्वरीय विश्वविद्यालय' नामले परिचित यो विश्वविद्यालय डिग्री प्रदान गर्ने नभई र आध्यात्मिक ज्ञान प्रदान गर्ने सङ्गठित संस्था हो । यहाँ विश्वका सबै जनजाति सदस्य हुनसक्ने, यसको शाखाहरू विश्वमा विस्तार गरिएको रहेछ ।

अवलोकन सकी फर्कियौं र बीच बाटोमा पर्ने गुलाव कुँवरवा सिरोही-राजस्थानको धर्मशालामा आश्रम जमायौं ।

भोलिपल्ट बिहान ६ बजे अजमेरतर्फ लाग्यौं । बीचबाटोमा पर्ने मदनलाल रामकरण भण्डारी साडियाद्वारा निर्मित 'अनराज शान्ति लाल गाढिया' मठमा खानपीनको प्रबन्ध गरी खानपीन पश्चात् अगाडि बढ्यौं अजमेर हुँदै । दक्षिणतर्फ खुला र तीनैतर्फ डाँडा भएको अजमेर काठमाडौंको आवास लाग्थ्यो । नगरबीच हुँदै पुष्करतर्फ लाग्यौं । बेलुकी ६ बजेतिर पुष्कर पुगियो । स्थानीय पुष्कर (गिमलेश्वर महादेव) मन्दिर दर्शन । मुख्य ब्रह्मकुण्ड जलाशयमा जल सिञ्चन गरी परमपिता ब्रह्मा पुष्करको दर्शन तथा मन्दिर परिक्रमा ।

पुष्करः

ब्रह्माजीले आफ्नो मुक्ति धाम (स्वर्ग) को रूपमा सिर्जना गरेको भन्ने किंवदन्ती रहेछ । विशाल जलाशय र सयौं मठ मन्दिर धर्मशालाले सजाइएको पहाडी खोचको बस्ती हो । अजमेर नगरबाट पश्चिम पहाडी बाटो हुँदै सानो उपत्यका पर्दा रहेछ । यहाँ हिन्दू बाहेक पश्चिम पर्यटकहरूको घुइँचो लाग्दो रहेछ ।

पर्यटक अनुरूप माल सामानको मूल्य बताइने हुँदा सामान जस्तो हैन । स्थानीय उत्पादनका जुत्ता र यहाँका जनजातिले प्रयोग गर्ने इष्टकोटहरू र राजस्थानी हैण्डीक्राफ्ट्स सुन्दर र आकर्षण । सबैको सहमतीले आजको बास पुष्करस्थित 'जाट मन्दिर पुष्कर' मा कोठा प्रबन्ध गरी बास बसियो ।

अर्को दिन बिहानै जयपुरतर्फ प्रस्थान गरी दिनको २ बजे जयपुर पुगियो । स्थानीय लक्ष्मी नारायण मन्दिर, सिद्धि विनायक मन्दिर परिक्रमा र देवदर्शन । त्यसपछि जयपुरस्थित शिल्पग्राम कम्प्लेक्समा भगवती र राधाकृष्णको सिंहमरमरको मूर्ति, पित्तलको मयूर र गणेश मूर्ति खरीद गरी जयपुरबाट आगरा राजमार्गतर्फ प्रस्थान । राती ९ बजेसम्म जाँदा पनि राजस्थानको सीमाना पार गर्न नसकिएकोले दौसास्थित 'जैन दिगम्बर धर्मशाला' मा बासको प्रबन्ध गरी विश्राम ।

त्यसपछिका हाम्रा केही दिनहरू वृन्दावन, मथुरा र कानपुर केही दर्शनीय र तीर्थस्थलहरूको अवलोकनमा बिते । तत्पश्चात् हामी वनारसतर्फ लाग्यौं र स्वामी नारायण मन्दिर धर्मशालामा बासको प्रबन्ध गरी विश्वनाथको दर्शन गऱ्यौं र लाग्यौं- सारनाथतर्फ ।

(क) सारनाथ सङ्ग्रहालयः

१. बुद्धले बोधगयामा ज्ञानको मिर्मिरे ज्योति प्राप्त गरेको अनुभूति भएपछि सोलाई मूर्तरूप दिन उनी वनारसको सारनाथमा गई बसी धर्मचक्र स्तुप निर्माण र उनका चेला चपेटाहरू बस्ने आसन, स्नानको लागि शुद्धजलको व्यवस्था गरी प्रथम पटक ज्ञानोपदेशको प्रवचन सुरु गरे ।
२. ईसापूर्व १ देखि १० औं शताब्दीसम्म प्रचलनमा रहेका सामाजिक रीति रिवाज, कला, वास्तुकला तथा जनजीवनमा अत्यावश्यक साधन सामाग्रीहरूको समेतको अवशेष फेला परेको प्रदर्शित छ ।
३. बुद्धधर्मलाई व्यापक र विस्तारको क्रममा तत्कालीन राजा अशोक सम्राट्ले विविध खोज, सङ्ग्रह गरी व्यवस्थित गर्नुको अतिरिक्त अशोकचक्रको संरचना । सोही अशोकचक्र हाल भारतको राष्ट्रिय चिन्हको रूपमा प्रतिबिम्बित रहेको रहेछ ।
४. पछि भारतमा मुसलमानहरूको साम्राज्य बढ्दै गएको र हिन्दू सम्राट्हरूले निर्माण र विस्तारित कामलाई

क्रमशः नष्ट र विनाश गरिएको र त्यसै क्रममा यो मठमन्दिर पनि विनाश हुन पुग्यो । १९४२ र त्यसपछि भारत सरकारले पुरातात्त्विक वस्तुको खोज र अनुसन्धानको क्रम शुरु गरेको र सोही सन्दर्भमा भेटिएसम्मका ती ऐतिहासिक र पुरातात्त्विक वस्तुलाई जगेर्नाको क्रममा बेग्लै सङ्ग्रहालय समेत बनाई सुरक्षित गरिएको रहेछ ।

५. विश्वका तमाम बौद्ध मार्गीहरू यहाँ आउने/जाने हुँदो रहेछ ।

(ख) वीडलामन्दिरः

पुरानो विश्वनाथ रहेको यस विश्वनाथ पुरिया महादेवको लिङ्ग स्थापना र भव्य सिंहमरमरले निर्मित यस मन्दिरलाई निर्माताको नामले चिनिंदो रहेछ ।

(ग) सङ्कटमोचन (हनुमानजी) मन्दिरः

हनुमानजीको मूर्ति स्थापना गरिएको यस मन्दिरलाई कथित नामले परिचय गरिंदो रहेछ ।

(घ) सत्यनारायण तुलसीमानस मन्दिरः

राम, लक्ष्मण र सीताको मूर्ति स्थापना गरिएको यस मन्दिरलाई कथित नामले चिनिंदो रहेछ । कविवर तुलसीदासकृत रामायणको सम्पूर्ण श्लोक सिंहमरमरको ढुङ्गामा लेखिनुको अतिरिक्त केही महत्त्वपूर्ण कथावस्तुको झलकलाई चित्रद्वारा प्रदर्शन गर्न खोजिएको छ । यसै क्रममा हामीले काशी हिन्दू विश्वविद्यालय र सो विश्वविद्यालयको हाताभित्र निर्मित विडला मन्दिरको पनि दर्शन गर्‍यौं ।

भोलिपल्ट बिहान पुनः विश्वनाथजीको र अन्नपूर्णाको दर्शन गरी खानपीन सकेर बजार निरीक्षणमा पैदल । मन लागेका केही चिजवस्तु खरिद गरी बासमा फर्किए पछि दिनको १:२० बजे मुगलसराय- नौवतपुर हुँदै विहार सीमानातर्फ प्रस्थान । विहारको आरामार्ग हुँदै रातको ठीक १०:३० बजे पटना पुगियो र पहिलो दिन बास गरेको घटनास्थित विडला धर्मशालामा बास जमाइयो ।

भोलिपल्ट २०५०/११/२४ गते बिहान ९:५५ बजे पटनाबाट रक्सौल प्रस्थान । मोतिहारी नजिक नास्तागरी करिब ४:४५ मा सक्सौल । ५ बजे बीरगञ्ज घरमा प्रवेश । ✧✧✧

२०५७

विजयादशमी तथा शुभ-दीपावलीको उपलक्ष्यमा

हाम्रा समस्त ग्राहक एवं शुभचिन्तक महानुभावहरूमा

हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

तेलको थोपा थोपा जोगाऔं
इन्धन खर्च घटाऔं

नेपाल आयल निगम लिमिटेड
फोन नं. २६२९७० फ्याक्स : २६३४७१

कविता

मुगुको सम्झना

⇨ नारायण 'गोदारे'

मुगु आउनु छ भने
विश्वास र आस्थाको चेतना बोकेर आऊ
श्रम र शक्तिमा विकास गर्दै आऊ
तर सातुको मनचिन्ते पोको लिएर चाहिं नआऊ ।

आउनु नै छ भने बाटो पहिलाएर
दुःख सुखमा सहभागी हुनेगरी तिमी
पूर्व-पश्चिम राजमार्ग हुँदै
सुर्खेत जुम्ला सिंजा भएर आऊ
चिसापानी, कालीकोट र डोटी साँफेकोल्टी हुँदै
जुकोट रारा भएर आऊ
नेताजीका झैं खोक्रा आश्वासन र
खाली झोला देखाउन नआऊ ।

यदि तिमीसँग दिनसक्ने केही छैन भने आउँदा
अलिकति विवेक, अलिकति विश्वास र
अलिकति आस्थाको आत्मबल बोकेर आऊ
यहाँका मानिसलाई जीविकोपार्जन गर्न
उद्योग र उद्यम लिएर आऊ ।

तिम्रो सामर्थ्यले भ्याउँदा
जुनकुनै मौसममा आए पनि हुन्छ
पैदल वा हेलिकप्टरमा आए पनि हुन्छ
हामी तिमीलाई स्वागत गर्नेछौं ।

तिमी आउँदा
सुख दुःखमा आत्मसात दिनेगरी आऊ
यहाँका सुन्दरतम प्रकृति हेर्न आऊ
राहतका कुटुरा बोकेर आऊ ।

एक्काइशौं शताब्दी समुन्नत भएर
खुला आकाश झैं न्यानो घाम र
शीतल आनन्दको केही क्षण दिन
अँगालोमा जूनसँग मितेरी लाउन
स्वचित्त मन लिएर आऊ
यी टाकुरामा सँगै बसेर दुःख-सुख बाँडौला ।

हो, बिसौंशताब्दी तिमीजस्तै
निकम्मा र आडम्बरी भएर नआउन
उसलाई पनि सुनाए हुन्छ
सुख्खा सातु झैं एनजिओ र आइएनजिओहरू लिएर
मुगाली शोषण गर्नचाहिं न आऊ है ।
मेरो सहस्र विन्ती छ ।

यदि मुगु आउनु नै छ भने
बाटो खनेर, सडकमा मोटर चढेर आऊ
गाउँ र खेतमा खानेपानी र
सिंचाइ कुलो निर्माण गर्दै आऊ
पर्यटन विकाससँगै पर्यटकहरू लिएर आऊ ।

यदि आउँछौ भने अलिकति स्नेह
खुशी र जाँगर बोकेर आऊ
आस्था र भरोसा बोकेर आऊ
वन उद्योग गर्न आऊ
साना जल विद्युत लिएर आऊ
सफा सुग्घर वातावरणका लागि आऊ
किम्बु र डालेचूकको खेती गर्न आऊ
अलिकति आस्था विश्वासको
चेतना बोकेर आऊ ।

- धनुषा, गोदार

शब्द र सङ्गीत अर्थ र अभिप्रायमा तदाकार भएर जुन अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो – *माधवप्रसाद घिमिरे*

कथा

साँढेको अन्त्य

❑ सूब सेन

साँझ पर्न पर्न लागेको बेला एउटा मान्छे उनको घरतिर उकालो लाग्यो । जति जति नजिकदै आयो, त्यति त्यति उनलाई चिनेजस्तो लाग्यो । नजिकै आयो । उनले देखे – चिनेकै मान्छे रहेछ – 'मिरे ।'

'ओहो ! कसरी मिरे यहाँ आइपुग्यो ?' उनलाई आश्चर्य लाग्यो । उसको टाउकादेखि खुट्टासम्म हेरें । राम्रोसँग देखें –'मिरे नै थियो – उही मिरे !' मुखबाट निस्किहाल्यो – 'ओहो ! तपाई एक्लै ? यसबेला ? यहाँ ? ..... एक्लै ?'

उसले दाहिने हातको चोर औंलाले बन्द ओंठलाई छेक्यो । 'चुप लाग !' भन्ने सङ्केत गऱ्यो । उनी अरू आश्चर्यमा परे । उठे । उ उभिएको ठाउँ नजिक गए । सोधे – 'हैन ! भन्नुस्तो । यहाँ कसरी, यसबेला, एक्लै ? कता जान हिंड्नु भएको ?'

दुई हातका हत्केला भुइँतिर फर्काएर उनको घरको पेटी देखाउँदै 'बास दिनुस्' भन्ने सङ्केत गऱ्यो ।

'उनले भने 'बास त बस्नुहुँदो हो ! तर, तपैंले आफ्नो जवानीमा जहाँ खायो, जहाँ बस्यो त्यहींकी घर वालीलाई सिद्धाएको होइन ? .... न्यायको ढोका ढक्ढकाउँदा बन्दुक गोलीगठ्ठा गुण्डाहरू लगाएर घरवालाको ज्यू, धन लुटेको होइन ? ... उसका बालबच्चालाई जङ्गलको बास गराएको होइन ? त्यो बास एउटा त यही पनि पऱ्यो । बूढो मान्छे, साँझको पाहुना भनेर राखौं भने पनि पिंढीमा बसालौं राती बाघ भालू लाग्छ । भित्र छिराउँ ढोका होंचो छ; तपाई अग्लो निहुरिन नपरेको मान्छे । तलतिर जानुस् । त्यतातिर पाइएला बास !'

उनी बोल्दा – उनका कुरा सुन्नमा पनि उसमा धैर्यता थिएन । 'चञ्चल देखिन्थ्यो' हतार्रिएको देखिन्थ्यो । उनको अनुहारतिर हेरेन । बायाँ हरतिरबाट फर्क्यो दाहिने हातले घरी बाँया छातीमा, घरी दायाँ भित्री गोजामा, देब्रे हात बायाँ गोजामा हालेर झऱ्यो । उनले हेर्दै गए । अग्लो मान्छे, तालु खुइले, तालुको जरा नाकको फेंद सम्म झरेको, गरुडको ठोंड जस्तो नाक, तारेभीरका ओडार जस्ता आँखा, भलले खोलेका खोपिल्टा जस्ता गाला, उत्तिसका ठुँटामा उम्रेका च्याउ र झ्याउ जस्ता रौंवाला कान भएको, मकैका ढोंड जस्ता सेतो सुरुवाल बेरेका खुट्टा, चुच्चे कुर्ता, ज्वारीकोटले ढाकेको शरीर लाई सारस हिंडेझैं हिडाउँदै झऱ्यो ।

उनलाई लाग्यो – 'छातीमा, गोजामा, कम्मरमा जीवन, जवानीमा, हैकममा, मदमा, शक्तिमा, जालमा, परिपञ्चमा, षड्यन्त्रमा, घात प्रतिघात, अविश्वास कृतघ्नतामा, जालमा, फटाहींमा, द्रोहमा, आतङ्कमा, मातृघातमा, बन्धुघातमा कमाएको र जमाएको सम्पत्ति लिएर हिंडेको होला ? लुटिन्छ कि ? चोरिन्छ कि ? भन्ठानेर नबोली नबोली हिंडिरहेको होला ? .... फेरि एक्लै उसका सेवक दासहरू, उसका सुख भोगका हाडनाता, बेनाता, भान्साका मतियार– देवदेवीहरूलाई कता छाडेर आएछ । ... सायद उसको पीडाबाट छटपटाइएकाहरू एक भएर अरिङ्गालजस्ता भई उमाथि खन्निए होलान् र उसका सबै आफ्नोआफ्नो बलियो गर्न तिरताप लागे होलान् । यो आफ्नो हिराजवाहरात लिएर एक्लै झरिरहेको छ । सायद ! अब त उसका नङ भएका लामा-लामा हात, तर्साउने, मोहनी लाउने, बोली बुझाउने, मीठोमीठो स्वाद लिने जीब्रो, मान्छे-मान्छेलाई चपाउने दाँत, षड्यन्त्र आतङ्क, आततायीत्वतिर सोंच्ने हिंस्रक दिमागहरू शिथिल भइसके होलान् ।... त्यसैले त हिडिंरहेछ लुरु-लुरु ओह्रालोतिर ...। जीवनको ओह्रालो पनि यस्तै हुन्छ ।

यत्तिकैमा रेञ्चू पनि आइपुगे । आँगनको कुनामा पुगेर उनलाई सोधें – 'दाइ ! मिरे यहाँ आएन ? ... दगुरी दगुरी आउँदै थियो ।'

उनले भने – 'आउन त आएको थियो तर हामी पनि त उ जस्तै मान्छे हौं नि ! तर त्यस्तो व्यवहार कहिल्यै गरेन । सधैं शत्रुता मात्रै गरेन कि, हामीमाथि के

गरेन ! ... त्यो पीडा कहिसक्नु छैन !... यसो भए तापनि अब त बूढो भएछ । जीवनको ओरालो लाग्दै, ओरालो झरेर तलतिर गएको छ एक्लै । अझै सम्पत्ति जोगाउन गोजामा हात राखेर छाम्दै झरेको छ । त्यही सम्पत्ति त्यसको काल ! मर्नेबेला त्यसको मोहले प्राण छोड्न पनि गाह्रो पार्ने काल ! कालरूपी खाडल ! खोज्दै गइरहेछ ।'

'बडो हैकमकासाथ अघि पछि रङ्गी बिरङ्गी, भृङ्गीहरू लिएर हिंड्दै आइरहेको थियो । श्वेत पहाडतिर आइपुग्दा रुद्राक्षको रूखमा अरिङ्गालको गोलो रहेछ । पहिलेपहिले कति पटक चलाएको थियो त्यसलाई । देख्दा बित्तिकै खनियो । उसका सुख सुविधा, मोजमज्जाका साहनबाहन, साधन भागाभाग भए । उ एक्लै पऱ्यो । उसबाट पीडित मान्छेहरूले पनि थाह पाए । अब त उनीहरू पनि जागिसकेका थिए । खनिए । धोती टोपी छाडेर दौड्यो बहुमूल्य गरगहनासम्म लिएर जङ्गल पस्यो । कता हरायो कता ।

फेरि कताबाट निस्केर यतातिर लागेछ । टाढैबाट हेर्दा पो देखें ।... अब त चेत्यो होला कि । सबैभाथि साँढे भएर सबैलाई ढाँटी हामी सबैको सगोलको कालु नदी, सबैको सगोलको जग्गा बेचेर करोडौं कुम्लाएको । सबैले अलिअलि लगाएर बनाएको बोरा, दाम्ला, ज्युरा बनाउने कारखाना जस्तो सबैको हक लाग्ने – एक अरबको सम्पत्ति चालीस करोडमा बेचेर आफ्ना मान्छेको बनायो । एकातिर हामीजस्ता लाटा सुधाको सम्पत्ति गयो । अर्कोतिर हातमुख जोर्नै मुस्किल पाऱ्यो । त्यो पापले यसलाई कति तडपाउला अन्त्यमा ?'

'जसरी हामी सबैलाई तडपायो त्यसैगरी त्यो साथको जवाहरातको लोभ र जीवनभरका कुकर्मको पश्चातापले पोल्दा तडपाउँदा यसको अन्त्य पीडादायक, कष्टदायक हुनेछ । यसको जीवनको अन्त्य कष्टपूर्ण हुने छ ।'

यसै बेला तलतिरबाट अस्पष्ट आवाज आयो – 'भरें बाबा ! बचाओ !' अनि मधुरिंदै गयो । उनीहरूलाई उसकै आवाज जस्तो लाग्यो । बिस्तारै बन्द भयो ।

उनीहरू मुखामुख गरे । काने टोप्रे गरे । यस्तै यस्तै चलिरहेछ । साँढे भन्दा साँढेको पनि यसै गरी अन्त्य भइरहेछ ।

✧✧✧

हजुरहरू

➪ बिमला रिजाल 'दीपशिखा'

सुट पाइन्टमा ठाँटिनु भएको भएर हो कि,
कुन्नि किन हो ? आजभोलि त हजुरहरू
आफ्ना रवाफिला एकै नजर
गरीबहरूका झुत्रे जडौरीमा पर्न पनि दिनुहुन्न ।

स्पीकरमा परिवर्तन र आदर्शका मीठा मीठा भाषण
छाट्न सक्ने भएको भएर हो कि !
कुन्नि किन हो ? आजभोलि त हजुरहरू
ती उपेक्षित अनि असहाय दाजुभाइको
अन्तस्करण को वेदना अनि क्रन्दनलाई पनि सुन्नुहुन्न ।

शानदार बङ्गलाको शैरमा मग्न भएको भएर हो कि
कुन्नि किन हो ? आजभोलि त हजुरहरू
सुकुम्बासी टहराको दैलोसम्म पनि पुग्नुहुन्न ।

शायद अमेरिकी प्रवासमा रुमल्लिनु भएको भएर हो कि,
कुन्नि किन हो ? आजभोलि त हजुरहरू,
ती विकट गाँउवेसीको नामै पनि सम्झनुहुन्न ।

शायद गरीबका पौरखलाई लिस्नो बनाई
उच्च दर्जामा पुग्नु भएको भएर हो कि
कुन्नि किन हो ? आजभोलि त हजुरहरू
आफ्नै दाजुभाइ, साथी सगोत्रीलाई पनि चिन्नुहुन्न ।

शायद अघिपछि नोकर, सल्लाहकार अनि
पहरेदारको सेवा पाएर हो कि
कुन्नि किन हो ? आजभोलि त हजुरहरू,
हत्तपत्त कसैका निम्ति दुईहात जोरिदिन
र मुख खोलिदिन पनि सक्नुहुन्न ।

◆◆◆

संस्मरण

मेरो तेस्रो युद्ध अधुरो रह्यो

❑ रामप्रसाद पन्त

(युद्धभूमिमा पुग्नु पहिलो युद्ध, युद्धमा विजय हासिल गर्नु दोस्रो युद्ध र सकुशल फर्कनु तेस्रो युद्ध ठान्ने लेखक-युद्धभूमिमा पुग्दासम्मको वर्णन यहाँ प्रस्तुत गरिएको छ । दोस्रो युद्ध कसरी भयो र तेस्रो युद्ध कसरी अधुरो रह्यो - यसको लागि हामीले अर्को अङ्कको प्रतीक्षा गर्नु पर्नेछ - प्र.सं.)

युद्धको तयारी

आज्ञा मलाई यस्तै थियो – तपाईं जानैपर्छ । मैले अनुरोध गरेको थिएँ – युद्धमा होमिनु मेरो कर्तव्य हो नून खाएपछि । मैंले युद्ध गर्न डराउनु हुँदैन- राष्ट्रिय स्वार्थको लागि, राष्ट्रिय हीतको लागि, देशमा एउटा प्रजातान्त्रिक जगलाई सुरक्षित गर्नको लागि, संरक्षण गर्नको लागि । तर मेरा केही बाध्यता छन्–म युद्धमा जाकिएपछि सङ्ग्राम अन्त नहुन्जेल मेरा सन्ताहरूले पढ्न पाउँदैनन्, स्कूल जान पाउँदैनन् । मेरी श्रीमतीको समेत अफिस जाने क्रम रोकिन्छ । यस्तै व्यवस्थामा बाँधिएको छ मेरो परिवार । र, अर्को कुरा मैले नै आयोजना गर्नुपर्ने एउटा कार्यक्रम छ, जसको दिन उद्घोष भैसकेको छ, निम्ताकार्ड छापिएका छन् । जुन कार्यक्रम मेरै अगुवाइमा सम्पन्न हुनुपर्छ र यो थकित हुनु पनि हुन्न, किनभने यस अघि एकजना राष्ट्रियस्तरका नेताको देहावसानले एकपटक कार्यक्रमको मिति थकित भएको छ र पर सरेर केही दिनपछि मात्र पुनः तय भएको छ । यसर्थ यस कार्यक्रमलाई सफलता साथ सम्पन्न गर्नुपर्छ र त्यसमा मेरो उपस्थिति अनिवार्य छ ।

यस विवरणको फाँटवारी पेश गरिसकेपछि पनि आज्ञाकर्ताबाट पुनः उही कुरा दोहोरिएको थियो – तपाईं जानै पर्छ । आज्ञादाताहरू मध्ये कसैको बानी यस्तो हुन्छ जसले दोहोरो कुरो वा घुमाउरो कुरो गर्न रुचाउँदैनन् वा आज्ञाकारी माथि विवेक प्रयोग गरी यथेष्ट विवरण बताएर चित्त बुझाउन जान्दैनन् । यस्तो बानी कुनै ठाउँमा कुनै अर्थमा हीतकर पनि हुनसक्छ तर सर्वपरक हुन सक्तैन । हाम्रो मानवीय समाजले औषधि तीतो मात्र नभई गुलियो खाएर पनि रोग नीको हुन सक्छ भन्ने मान्यता राख्छ । जेहोस् म औषधि तीतै खाएर भएपनि राष्ट्रिय सेवालाई हृदयङ्गम गरेर आज्ञा पालनार्थ कम्मर कसें ।

मेरो युद्धभूमि थियो – सिन्धुली । एक हप्तापछि शुरु हुने महायुद्धको लागि गोलीगट्ठाको इन्तजाम गर्न म तल्लीन थिएँ । मेरा सैनिकहरू ठाउँ ठाउँबाट मेरो परिचयमा आउँदै थिए, हामी युद्धस्थलमा कसरी जाने र हातहतियारहरू कसरी प्रयोग गर्ने, बैरीलाई कसरी तह लगाउने, स्थानीय जनतालाई कसरी आफ्नो नियन्त्रणमा लिने, उनीहरूको मन कसरी जित्ने र युद्धको परिणाम आफ्नो पक्षमा कसरी गराउने इत्यादि कसरत मैले सिन्धुलीको सदरमुकाममा गरें । वैरीहरू कत्तिको शक्तिशाली छन्, उनीहरूको त्यो क्षेत्रमा कत्तिको प्रभाव छ, उनीहरूले के कस्ता क्रियाकलापहरू सञ्चालन गर्न सक्छन् इत्यादि कुरा मैले सदरमुकाम कुरेर बसेका र बेलाबेलामा सङ्ग्राम क्षेत्रको गतिविधि बुझेर फर्केका मानिसहरूबाट सुन्दै थिएँ ।

सिन्धुली माओवादी प्रभावित जिल्ला । आम चुनाव २०५६ को दोस्रो चरण । यस चरणमा माओवादी प्रभावित जिल्ला एकमात्र परेको छ – सिन्धुली । आम चुनाव असफल बनाउन अन्य जिल्लाहरूबाट समेत माओवादीहरू

त्यहाँ केन्द्रित भएको हुनसक्छ । सुनिन्छ – सिन्धुलीको चुनावमा माओवादीहरूले म.अ.का./प.म.का.को सिद्धान्त अपनाएका छन् – अर्थात् मतदान अधिकृत काट्ने/पहिलो मतदाता काट्ने । त्यस्ता खरनाक ठाउँमा युद्धको नेतृत्व गरेर कसरी जाने र मतदाताहरूलाई कसरी सुरक्षाको प्रत्याभूति दिने ।

प्रमुख जिल्ला अधिकारी, डि.यस.पी. र मुख्य निर्वाचन अधिकृतबाट हामीलाई आश्वस्त पारिएको थियो – तपाईंहरूले कुनै डर, त्रास लिनु पर्दैन, माओवादीको यो हौवा मात्र हो, सुरक्षाकर्मी (सैनिक र पुलिस) हरूले अहिले सबै वनजङ्गलहरूको अपरेशन गरिसकेका छन् । हप्ता-पन्ध्र दिनदेखि कतै माओवादीहरूको नाम निसान सुनिएको छैन । सशङ्कित व्यक्तिहरू माथि निगरानी राखिएको छ । तपाईंको सुरक्षामा चौविसै घण्टा सशस्त्र प्रहरी कार्यरत रहन्छ, मतदानको बेलामा आइपरेका सबै कामहरू गर्न उनीहरूलाई निर्देशन दिइएको छ । तपाईंले खाली निर्वाचन नियमावली अन्तर्गत रहेर कागजी प्रक्रिया पूरा गरे पुग्छ । हामी विश्वास दिलाउँछौं कि तपाईंलाई केही हुन्न, निश्चिन्त भएर जानुभए हुन्छ । तपाईं राम्रो गरी फर्कनुस्, 'शुभकामना' ।

जसले जेसुकै भने पनि बाह्य वातावरण यस्तो थियो कि निश्चिन्त हुन मनै मान्दैनथ्यो ।

जिल्लाका कर्मचारीहरूलाई माओवादीले चिन्लान् र पछि दावा गर्लान् भन्ने डरले प्रशासनले करिव नब्बे प्रतिशत अधिकृत कर्मचारीहरू काठमाडौंबाट झिकाइएको थियो । सिन्धुलीमाडीका होटेल र लजहरू कर्मचारीले भरिएका थिए । स्कुल र गाविस भवनहरू प्रहरीले पुरिएका थिए । पूरै सिन्धुली बजारमा जिल्ला बाहिरका कर्मचारी र सुरक्षाकर्मीहरूको लस्कर लागेको देखिन्थ्यो । म अन्तर्गतको कार्यालयबाट गएका अन्य साथीहरू गिरिन्द्र घिमिरे र दामोदर भट्ट/हामी तिनै जनाले सौभाग्यवश जिल्ला खानेपानी कार्यालयमा बस्ने खाने र सुत्ने सु-अवसर पाएका थियौं । सिडिइ रामलखन मण्डल लगायत अन्य कर्मचारीहरूले हामीप्रति देखाएको आतिथ्यपूर्ण सम्मानले हामी द्रवित भएका थियौं । सदरमुकाम बसाइका तीन दिनहरू हाम्रो लागि अत्यन्त सुखकर रहे । त्यहीं हामीहरूले आफ्नो टीम मिलाउने, सरसल्लाह गर्ने र चुनावी क्षेत्रसम्म पुगेर चुनाव सम्पन्न गरी फर्कने सम्मका योजनाहरू त्यहीं बसेर तयार गर्‍यौं ।

यसै बीचमा हामी सिन्धुलीमाडीको बीच भाग भएर बग्ने ग्वाङ्खोला वारिपारिको बजार, बजारदेखि उत्तरी क्षेत्रमा रहेको फोस्रेटार र मीलनचोकका बस्तीहरू घुम्दै ग्वाङ्खोलाको किनारका खेतहरूमा मुखमा धान चमर लिएर ओकल्न लागेका मकैहरूको निरीक्षण गर्दै उत्तरी कुनामा रहेको ढुङ्गेवास बस्ती र मुख्य बजार (धुसा बजार)को तलदेखि माथिसम्म एकनम्वर र दुईनम्वर बजार सबै घुम्यौं ।

मिलन चोकदेखि माथिपट्टिको उपल्लो गाउँको मीठो स्मरणले त मेरो मन अझ पनि कुतकुत्याउने गर्छ । साथी धिमिरेका एकजना गाउँले काका केही वर्ष अघि रामेछापदेखि आएर त्यहाँ बस्न थाल्नुभएको रहेछ । हामी उहाँको घरमा पुगेर फर्कंदै थियौं । काका भतिजा आफ्ना घरायसी कुरामा मस्त हुनुहुन्थ्यो । मैले दृश्यावलीहरूलाई आँखामा कैद गर्दै थिएँ । मेरो हातमा एउटा फूलको थुङ्गा नाचिरहेको थियो । अगाडिपट्टि बाटोको छेउमा पधेर्नीहरू कलधारामा पानी थाप्दै थिए । उनीहरूले हामीतर्फ टाढैबाट नजर दौडाउँदै थिए । हामी नजिकिंदै थियौं । गाउँका घँसेनी वा पँधेर्नी केटीहरूले चिटिक्क लुगा लगाएको ग्रामेतर आकृतिको केटो देखे भने जिस्किन्छन् /जिस्क्याउँछन् । त्यो केटीहरूमा मात्र होइन केटाहरूमा पनि हुन्छ । यो प्राकृतिक स्वभाव हो । उनीहरूले त्यसै गरे ।

'लौन मोरी तँलाई मन पराए जस्तो छ, फूल तेरै सिउँदोमा पर्ला जस्तो छ ।' उनीहरूले आपसमा चिमोटाचिमोट गरे – 'ऐया मोरी तँ आफै जा ।' त्यसपछिको गललल हाँसोले काका र घिमिरेजीको ध्यान पनि आकर्षित भयो । हामी अगाडि बढ्यौं, उनीहरू पछि

परे । अलि पर पुगेपछि मेरो एक नजर उनीहरू माथि पऱ्यो, केटीहरूले हात हल्लाएर फेरि हाँसे, म मुस्कुराएँ मात्र । मलाई लाग्यो चालीस नाघेकै वय भए पनि शरीर सुहाउँदो लुगा लगाएर नयाँ अनुहार लिएर कुनै मानिस अकस्मात् देखा पर्छ भने त्यसप्रति नजानिंदो गरी मन आकर्षित हुने मानवीय स्वभाव रहेछ–खास गरी लिङ्गेतर व्यक्तिहरूमा ।

एकछिन हामी रोमाञ्चकारी विषयमा अल्झिन पुगेछौं । जेहोस् कुरा थियो सिन्धुलीमाडी घुमाइको । वास्तवमा सिन्धुली जिल्ला नेपालकै नक्सा जस्तो मिल्दोजुल्दो रहेछ–नेपालको बीच भागमा लामै गरी सुतेको । त्यसै भएर पनि त्यो जिल्ला अन्य जिल्लाहरू भन्दा बढी ९ जिल्लासँग जोडिएको रहेछ – पूर्वमा उदयपुर, दक्षिणमा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पश्चिममा मकवानपुर र उत्तरमा काभ्रे, रामेछाप, ओखलढुङ्गा । घुमाइकै क्रममा हामीले खान पनि नपाइने त्यो विकट गाउँमा गएर ३-४ दिन बस्न खानको लागि केही सामानहरू र मतदान केन्द्रमा प्रयोग गर्नुपर्ने आवश्यक सामानहरू पनि खरीद गऱ्यौं ।

प्रयास गरेको भए त्यो तीन दिन भित्रमा हामीले तोकिएको गाविस बदली गरी नजीकको गाविस वा नगर पालिकमा पनि पाउन सकिने सम्भावना रहेछ तर म र मेरा साथीहरूको समेत एउटै राय के रह्यो भने – मर्ने लेखेको रहेछ भनें हामी सदरमुकाम वा नगरपालिकामा पनि मर्न सक्छौं, अन्यथा खतरापूर्ण जिल्ला भनेर जानी जानी हिम्मत गरेर आइसकेपछि के को डर । मर्नु त एक दिन छँदै छ, यति ठूलो राष्ट्रिय पर्वमा बलीदानीसाथ मर्ने भाग्यमा लेखेको रहेछ भने मरिदिउँला, यस्तो आत्मबल बनिसकेको थियो ।

हामीलाई निर्वाचन अधिकृतको कार्यालयबाट के कुरा अवगत भएको थियो भने निर्णय–निर्णय हो, यो निर्णय बदलिन्न । हाम्रा एकजना साथी दामोदर भट्टजीको स्वास्थ्यको समस्या भएकोले केही उपाय निस्कन्छ कि भनेर यो प्रश्न गरेका थियौं तर निर्णय-निर्णय नै हुन्छ भन्ने जवाफ पाएपछि कुरा अगाडि बढाइएन । तर नेपालको निर्णय नियम/कानूनको निर्णय नभई पावरको निर्णय हुने भएकोले त्यस्ता निर्णय पछि कति बदलिए कति हामीले त्यहीं बसेको बस्यै देख्यौं/सुन्यौं । कति त वैकल्पिकमा परेर चुनावी क्षेत्रमा नै नगई भत्ता खाएर सदरमुकाममा बसी मस्ती पनि गरे ।

हामीलाई चुनावी प्रशासनले हप्तादिन अगाडि नै आफ्नो इलाकातिर खेद्न तयार थियो । तर हामीले तथ्यगत आधारलाई अगाडि सारी त्यति चाँडो हिन्न तयार थिएनौं । कति स्टाफहरू सम्पर्कमा आउन पनि सकेका थिएनन् । फेरि खानै नपाउने, बस्ने ठाउँ ठेगान नभएको ठाउँमा चाँडै गएर के गर्ने ! जान बढीमा दुई दिन, मतदान केन्द्र तयारी गर्न एकदिन अर्थात् तीन दिन अगाडि गए भै हाल्यो नि । खास गरी प्रहरी प्रशासनको दाउ के थियो भने सदरमुकाममा अटाइ-नअटाइ बसेका सुरक्षाकर्मीहरूलाई सकेसम्म चाँडो लखेट्यो भने एक त सदरमुकामको भार हल्का हुने, अर्को कुरा कर्मचारीहरू चुनावीक्षेत्रमा खटिएर गइसके भनी केन्द्रमा लोलोपोतो लगाउन र काम देखाउन फाइदा पर्ने । तर यस नीतिको तार्किक विरोध गर्नमा मेरा साथी घिमिरेजीले देखाउनु भएको साहस प्रसंशनीय थियो – 'तपाईंले हाम्रो सुरक्षा र समस्यामाथि ध्यान दिनुहुन्छ भने ...' इत्यादि । घिमिरेजीको र मेरो क्षेत्र सँगसँगै भएकोले मैले बढी बोल्ने आवश्यकता परेन । आखिर हाम्रो कुरामा सहमती भयो र चुनाव हुने दिनभन्दा तीन दिन पहिले बिहानको सात बजे हामी दलबल सहित त्यस युद्धभूमितर्फ लाग्यौं ।

युद्धभूमितर्फ प्रस्थानः

सिन्धुलीको पूर्वी क्षेत्रभन्दा पश्चिमी क्षेत्र बढी खतरनाक ठानिन्थ्यो । त्यसैमा पनि मरिनखोलादेखि कमला खोलासम्मको एरिया त माओवादीहरूको केन्द्रबिन्दु नै थियो । जहाँ माओवादीका नेताहरूले भूमिगत रूपमा कार्यकर्तालाई प्रशिक्षण दिने पनि गर्छन् रे ! घातक

हातहतियारदेखि बमसम्म बनाउँछन् रे । त्यही क्षेत्र मेरो चुनावी युद्धभूमि थियो । जानु नै परे पछि खतरा कहलिएकै ठाउँमा जाने र मर्ने परे नामै कहलिएर मर्ने, यो दृढ आकाङ्क्षा थियो । यस भनाइप्रति छिमेकी गाविसको चुनावी मैदानमा भिड्न जाने मित्र घिमिरेजी पनि सहमत हुनुहुन्थ्यो । त्यसैले हामी दुबैले केन्द्र परिवर्तन गर्नेतिर ध्यान दिएका थिएनौं ।

करीब ६/७ कि.मि. पर खट्टारसम्म ट्रकमा गएपछि हामी लामलस्कर पैदल हिड्न थाल्यौं । दुई जना सईको नेतृत्वमा १५/१५ जनाको टोली हाम्रो अगाडि पछाडि थियो । हाम्रो भन्नाले दुई मतदान केन्द्रका कर्मचारीहरू ७/८ जनाको दरले १५/१६ जना । सईहरूले प्रहरी जवानहरूलाई निर्देशन दिएका थिए – लाइन लागेर हिंड्ला, कोही धेरै अघि र कोही धेरै पछि नगर्ला, यस ग्रुपले दाहिनेतिर र यस ग्रुपले बायातिर ध्यान देला, राइफल तेर्स्याइ रहला, अगाडिपट्टि स्काउट प्रहरी रहला र त्यसले राइफल पोजिशनमा राखी बाटो देखाउँदै जाला अनि सापहरू (हामीलाई इङ्गितगर्दै) बीचमा रहनु होला, हामी पनि हजुरहरूकै अगाडि पछाडि रहने छौं । यसरी ३५/३६ जनाको प्रहरी बटालियन र १५/१६ जनाको निजामति टोली गरी करिब ५० जनाको लामलस्कर अगाडि बढ्यो – मानौं हामी साच्चै युद्धभूमिमा जाँदैछौं र त्यसको नेतृत्व हामी दुईजना (घिमिरेजी र म) ले गर्दै छौं । यस प्रकार हामी तल खोल्सामा झर्‍यौं, पहाड उक्लियौं, तेर्सियौं र कुसुमटार गाउँमा पस्यौं ।

'त्यहाँबाट उता चिउरा, चाउचाउ लगायत कुनै पनि खानेकुरा पाउन सकिन्न – बस्तीपुर नपुगेसम्म, कसैले खाजा लानु छ भने यहींबाटै लैजानुस्' केही जानिफकारले बताए । इच्छानुसार किन्ने वा खाने काम भए पछि पुनः हामी लक्षित दिशातर्फ लाग्यौं । त्यसबेला मेरो कानमा रेडियोको चुनावी विज्ञापन घन्कँदै थियो । 'चुनावको लहर आयो ल है गाउँ शहर...' तर मेरो मनले त्यो विज्ञापनलाई त्यहाँको सन्दर्भमा परिवर्तन गर्न खोज्दै थियो – 'चुनावको लहर आयो ल है डाँडा काँडा ढुङ्गा बगर ।'

पुलिसको पोशाकमा माओवादी आए !

कुसुमटारको एकफन्को मार्ने वित्तिकै अलिकति तल मरिन खोलो देखियो । दश-पन्ध्र मिनेटमा नै हामी तेर्पाएँ ओर्लेर खोलमा पुग्यौं र खोलको मुहानतिर लाग्यौं । जुत्ता फुकालेर वा काठ, ढुङ्गाको माध्यमबाट सजिलै तर्न सकिने कञ्चन सफा पानी । अब हामीले अझ बढी सतर्कता अपनाउनु पर्नेछ । बस्ती फेला पार्न हामीले चार/पाँच घण्टा हिड्नु पर्नेछ – खोलैखोला, दायाँबायाँ जङ्गल, सुनसान–निर्जन । बाटोमा एम्बुस थापेको पनि हुनसक्छ । खुला बजारमा हिंड्दा त्यतिठूलो डर नभए पनि खोंच बाटो र नजिकै लुक्न सकिने ढिस्को जङ्गल छ भने त्यस्तो ठाउँमा हामीले बढी सतर्कता अपनाउनु पर्दछ । त्यस्तै ठाउँमा सजिलो हुन्छ एम्बुस थाप्न र पड्काएर भाग्न ।

दुबै बुथको लागि एक/एक जना इन्सपेक्टर बस्तीपुर र रामपुरबाट पाउने भए पछि त्यहाँ हामीहरूलाई सुरक्षाको नेतृत्व दिने एक/एक जना सई थिए । ती मध्ये भरतपुर तालिम केन्द्रबाट आएका मानबहादुर सिंजाली छोटो कदका हँसिला र फुर्तिला थिए । उनले बेलाबेलामा सुरक्षार्थ गर्नुपर्ने अभिनय गरी देखाउँथे–बडो फूर्तिसाथ । उनको अभिनय देखेर हामी खुसी थियौं – सुरक्षा राम्रो हुने कुरामा ।

हामी मरिन खोलाको बगरमा निर्बाध हिंड्दै थियौं । ठाउँ-ठाउँमा जङ्घार तर्दै थियौं र निर्मल एवं कञ्चन पानी अञ्जुलीमा उघाएर खाँदै थियौं । पचासौंजनाको लाम-लस्कर बगरमा–कुनै पल्टन ठाउँसरी कतै जान लागेको हो कि ! वा कुनै राजकुमार वा राजकुमारीको बिहागर्न जाने जन्तीको ताँती पो हो कि ! पहिलेका राजा-रजौटाहरू फौज लिएर अर्को राज्य हान्न जाँदा सायद यो भन्दा बढी फौज हुँदैनथ्यो होला ! अहिलेको प्रजातान्त्रिक लडाइँ लड्न जाँदाको यो सुरक्षा कति सार्थक कति निरर्थक ! कति सम्भावना कति विडम्बना ! पछि गएर यो पनि इतिहास बन्ला । अझ कारणवश एउटा बुथको समूह पछाडि पर्‍यो त्यो समेत

सम्मिलित भएको भए... ! म सोच्दै थिएँ आफैंलाई –यस बेला म के हुँ त को जस्तो लाग्दै छु – यस हुलको बीचमा ? कुनै सैन्य टुकडी गणनायक, कुनै लडाइँमा जान लागेको सैन्य कमाण्डार, कुनै देशको वा तीर्थयात्रामा निस्केको प्राचीन राजा-महाराजा वा दुलहा राजकुमार !

प्राय: सबै जसोले यो अनुभवलाई सङ्कटपूर्ण जीवनको रूपमा लिएका थिए तर मैले भने आफूलाई सौभाग्यशाली व्यक्तिको रूपमा प्रस्तुत गरेको थिएँ । यस्तो अनुभव पुन: प्राप्त गर्ने अवसर मिल्ला/नमिल्ला ! 'नमिलोस्' अर्थात् यस्तो सन्त्रासको अवस्था देशमा सिर्जना हुनुहुन्न । यो मेरो कामना हो । तर राजनीतिमा कुनै कुरा असम्भव हुँदैन । त्यसैले बाटो भन्नु नै बगर हो । हामी हिंडिरहेका थियौं,बाह्य वातावरण सुनसान छ – पानीको कलकल आवाज बाहेक । माथिमाथि कतै फाट्टफुट्ट फुसका स-साना घर देखिन्छन्– एक/दुई मानव प्राणी । खोलाको किनारमा कतै खेत देखिन्छन्–बाँकी जङ्गल ।

त्यसैबेला आधा किलोमिटर अगाडिबाट पुलिसहरूको जमात आएको देखियो । हाम्रा सुरक्षा कर्मीहरूले माओवादीको शङ्का गरे । यी पुलिसको भेषमा माओवादी हुन सक्छन् । सईहरूले आ-आफ्नो टेलीहरूलाई सतर्क बनाए – पूरा फाइरिङ्गको अवस्थामा अगाडि बढ्, सापहरू हामीसँगै हिंड्नुस् । त्यसबेला हाम्रो मनस्थिति डगमगायो, शरीर जिरिङ्ग भयो । अब के हुने हो ! हंश उड्यो, मनमा अनेक तर्कनाहरू आउन थाले, हामी अत्यन्तै संदिग्ध अवस्थामा अगाडि बढ्यौं ।

धेरै नजिकिंदै आए पछि पो थाहा भयो – प्रहरी-प्रहरीले आपसमा चिने – अमले मतदान केन्द्रको लागि अमले प्रहरी चौकीबाट मतदान अधिकृतको टोलीलाई लिन प्रहरीहरू सिन्धुलीतर्फ जाँदै रहेछन् । जम्काभेट भइसकेपछि हामीलाई अगाडिबाट आउने प्रहरीहरूले – 'ए ! हामी त तपाईंहरूलाई लिन पो जान लागेको । आइहाल्नु भएछ, म डिएसपी सापलाई सम्पर्क गरिहाल्छु ।' उनले तत्काल वाकीटकीमा कुरा गरे । 'साप ! मतदान अधिकृतज्यू आइपुग्नु भो, हामी... ठाउँबाट फर्क्यौं ।' पछि कुराकानी गर्दै अलि अगाडि जाँदा पो थाहा भयो – उनीहरू झुक्किएछन्, हामीलाई अमलेको मतदान अधिकृत ठानेछन् ।'फोन गरी हाल, उनीहरूले पुन: फोन गरेर जानकारी गराए – 'होइन रहेछ हामी झुक्किएछौं साप !'

कुरो स्पष्ट नबुझिकन एक्सन लिइहाल्ने प्रहरीको यस सतही सोंचाइले हामीलाई धेरै अगाडिसम्म हाँस्ने र चर्चा-परिचर्चा गर्ने विषय बन्यो ।

सन्त्रासै सन्त्रासमा हामीले क्षुधा मेट्यौं

मरिन खोलाका आठ घाट तरेपछि दुई खोलाको दोभानमा पुग्यौं र पुन: मरिन खोलाको मुहानतिर नलागेर धनमना खोलाको मुहानतिर मोडियौं । हामी झन् पछि झन् खतरनाक ठाउँतिर लाग्दै थियौं । जति हामी अगाडि जान्थ्यौं त्यति दुई पहाडको बीचमा खोला साँगुरिंदै जान्थ्यो । केही जानिफकार पुलिस कर्मचारीहरूले बताउँदै थिए – यो अमलेको जङ्गल हो । हामी अमलेतिर लाग्दै छौं, जुन गाउँ माओवादी नेताहरूको गाउँ हो – देवकोटा गाउँ । कमल देवकोटा त बम बनाउने वैज्ञानिकै ठानिन्छन् – माओवादीहरूका । खड्गबहादुर देवकोटा हेड मास्टर छाडी माओवादीका सचिव भए । उनीकहाँ छन् थाहा छैन । उनका बाबुआमा माओवादीको शङ्कामा मारिए । बहिनी केही दिन अघि काभ्रेमा माओवादी समूहको नेतृत्व गर्दागर्दै पुलिसका गोलीको शिकार भइन् – जुन घटनामा कुल ८/१० जना माओवादी मारिएका थिए । शेरमान गिरी अहिलेका चर्चित व्यक्ति हुन् । भनिन्छ – बम बनाउँदा उनी स्वयं दुर्घटनामा परेर खुट्टा समेत गुमाई उपचारको लागि इण्डिया घुसे । तर कोही भन्छन् – पुलिस अपरेशनमा मरे । त्यस्ता महशूर व्यक्तिको गाउँ हो – यो अमले । अहिले गाउँ खाली जस्तै छ । यस बनको त कुरै नगरौं । यहाँ मानिस देखिनुहुन्न – ज्यान जाने खतरा हुन्छ । मोबाइल मेलिटरीलाई शङ्कास्पद लाग्यो भने गोली ठोकिहाल्छ । लौ हेर्नुस् (दुई ढुङ्गाको कपेरा परेको बाटोलाई इङ्गित गर्दै) यो ठाउँमा दुई

महिनाजति अगाडि एकजना पुलिस र एकजना माओवादी मारिएका थिए । एम्बुसमा परेर एकजना प्रहरीको मृत्यु भयो अनि अरू पुलिसहरूले माओवादीको पिछागर्दै गएर माओवादीलाई पक्रेर यही ठाउँमा ल्याई गोली ठोके । अनि उ त्यो ठाउँ –प्रहरी र माओवादीबीच गोली हानाहान भएको । तर केही घाइते भए, हताहत भएनन् । साधारण गाउँलेको त बेहाल छ साप ! रातीमा माओवादीको धम्की, दिउँसोमा पुलिसको चकचकी, कसरी बस्ने जनता ! यो दुई धारको बीचमा बस्नुभन्दा बरु मधेशिनु ठीक । अनि त कोही महोत्तरी, कोही सर्लाही, कोही रौतहट ।

बसरी हामी पथप्रदर्शकका कुराकानी सुन्दै धनमना खोलालाई छाडेर सिम्ले खोलाको मुहानतिर लाग्यौं । कति तर्नु सिम्ले खोलाका घाटहरू ! बाटोमा मान्छे कोही भेटिदैंन, दुबैतिर घना जङ्गल छ, खोंच परेर खोलो बगेको छ, त्यसैको बगर हो बाटो भने पनि जे भने पनि । सिम्ले खोलाका चौधवटा घाट तरेपछि हामी त्यस खोलालाई पनि छाडेर एउटा खहरे (त्यसलाई घ्याङ् खोला पनि भनिंदो रहेछ) खोलाको मुहानतिर लाग्यौं । म त छक्कै परें – त्यस्तो पनि कहीं बाटो हुन्छ ! त्यो त सुरुङ्ग जस्तो छ त – चोभारको गल्छी जस्तो । अब त बगरलाई पनि बाटो बनाउने ठाउँ मुस्किलले मिल्न थाल्यो– कतै पानी पानी कतै बगरको गेग्रेटो । अब त घाट गन्ती गर्न पनि सम्भव भएन । कति घाट कति ! म त छक्क माथि छक्क परें – त्यो पनि नेपाल हो, अरू मुलुक होइन । एक गाउँबाट अर्को गाउँमा जाने बाटो त चाहियो कमसेकम । हिउँदमा त मान्छे येककेन हिंड्लान् वर्षात्मा कसरी हिंड्ने । गाउँ नै त्यस्तो भएपछि माओवादीको जगजगी किन नहोस् ।

माथिमाथि भिराला जङ्गल पहाड, माथि कतै लुकेर कसैले गोली हान्यो भने प्रतिकार गर्ने ठाउँ छैन । म त आफै रनभुल्लमा परें । ज्यानको बाजी लगाएर बन्दुक उठाउन पुगेका माओवादीलाई ज्यान रहनु नरहनुको के मतलव ! पचासै जना माओवादी अचानक हामीमाथि जाइलागे भने त्यसपछि हुने सङ्ग्राममा जस्को पनि त ज्यान जानसक्छ ।

त्यस खोलाको पानी र बगरमा आधाघण्टा जति हिंडेपछि अगुवाइ गर्ने स्काउट प्रहरी र एकजना कर्मचारीले अवगत गराए – अब हामी दुईतिर बाट जान सक्छौं – सिधै उकालो उक्लेर र यस खोलाको मुहान हुँदै । फरक यत्ति हो – खोलाको बाटो जाँदा त्यति ठाडो उकालो उक्लिनु पर्दैन । धेरै जसोको सहमति रह्यो – सुरक्षाको दृष्टिकोणले पनि हामी उकालो लाग्नु पर्छ । तर हामी धेरै थाकेका छौं, भोक लागेको छ, उकालो लाग्दा पानी पाइँदैन, चना-भूजा यहीं खाएर जानुपर्छ । खान त खाने तर त्यस्तो खोंचमा बसेर कसरी निश्चिन्त हुने र खाने !

सई मानबहादुर सिंजाली वास्तवमा चलाख थिए – 'ए रत्ने ! आइज' उनीले तुमलेटमा पानी बोकेर एकजना प्रहरी साथ लिई उकालो लागे र भने – 'म अलिकति माथि गएर Watch (निरीक्षण) गर्छु चारैतिर अनि तपाईंहरू निस्फ्रिक्री खाजा खानुस्, खतराको शङ्केत भएछ भने म सिट्ठी बजाउने छु ।' वास्तवमा भोक ज्यादै नै लागको थियो । खान त निस्फ्रिक्री खानैपर्ने थियो । बिहान हामी सामान्य चियानास्ता मात्र गरेर हिंडेका थियौं र थाकेका पनि थियौं । पुरै छ घण्टा लगातार हिंड्नु भनेको चानचुने कुरा होइन, बाटो तेर्सो थियो र मात्र पो ...। हामी बस्यौं त्यो खोलाको गल्छीमा – तलदेखि माथिसम्म बाँदरजस्तै टक्याक्टुक्रुक् । र, बुकायौं – झोलामा जे-जे बोकेका थियौं । घिमिरेजी र मैले एउटै पोको खोल्यौं र बुकायौं –काठमाडौंबाट लगेको भुजिया, गुँदपाक, बदाम र सिन्धुलीमा किनेको भुटुवा चिउरा । आहा ! कति मीठो, काठमाडौंमा बस्दा कहाँ निलिन्थ्यो चिउरा भुजिया ! तर त्यहाँ त खीरभन्दा पनि स्वादिष्ट पो लाग्यो । अनि कलकल बगेको खहरे खोलाको पानी पियौं टन्न, कस्तो आनन्द !

हामी तर्सियौं तर तर्साइएनौं

अब हाम्रो बाटो ठाडो उकालो थियो – रजाबासको उकालो। त्यहाँ फाट्टफुट्ट घर भेटिए। त्यहाँका मानिसहरूको लागि हामी तमासा थियौं। उनीहरूले पुलिस त देखेका थिए तर त्यो लाम-लस्कर देखेका थिएनन् – सायद त्यस बाटोमा। करीब एक घण्टा जति उकालो उक्लेर हामी राइटार पुग्यौं र एउटा कुलाको डिलैडिल तेर्सोबाटो लागेर अर्को एकघण्टा जतिमा टुँडी भञ्ज्याङ्ग पुग्यौं। आहा ! कति मीठो त्यहाँको धाराको पानी ! साँच्चै नै सबैले प्रशंसा गर्दा रहेछन् त्यस पानीको। हामी एकछिन सुस्तायौं। त्यस भन्ज्याङ्गबाट बस्तीपुरको फाँट देखिंदो रहेछ। त्यो फाँटको अलिकति कुनामा हायुटार इलाका प्रहरी चौकी छ रे ! डाँडोले छेकिंदो रहेछ। आज हामी त्यहीं पुगेर बास बस्नुपर्छ। त्यस प्रहरी चौकीले अमले, बस्तीपुर र तामाजोर गाविसलाई हेर्छ। भोलि हामी नेत्रकाली (मेरो मतदान केन्द्र) पुग्ने छौं। त्यो गाविस र शान्तेश्वरी गाविसलाई रामपुर (शान्तेश्वरी स्थित) इलाका प्रहरी चौकीले हेर्छ। यी पाँचवटै गाविसको निरीक्षण गर्ने एउटा सैनिक मोबाइल टेली पनि छ। एकजना क्याप्टेनको नेतृत्वमा त्यस टोलीले शान्ति सुरक्षार्थ प्रहरीलाई सघाउँछ तर यस्तो व्यवस्था सबै ठाउँमा हरबखत हुने कुरा होइन– त्यस क्षेत्रको विशेषगरी निर्वाचनको लागि।

केही ओरालो केही तेर्सो बाटो हुँदै हामी बस्तिपुर स्थित हायुटार इलाका प्रहरी चौकीमा पुग्यौं – करीब तीन बजेतिर। रातसाँझ गरेको भए हामी सम्बन्धित ठाउँमा पुग्नसक्ने थियौं तर हामीलाई त्यति हतार थिएन र सुरक्षाको दृष्टिले पनि उपयुक्त थिएन। सबभन्दा पहिलो हामीले मतदान बाकस र झोला राख्ने ठाउँ हेर्‍यौं। एउटा पार्टीका उमेदवारको भर्खरै निर्माण भएको खाली घर रहेछ तर घरमा लामै तुल टाँगिएकोले हाम्रो ध्यान निर्वाचन नियमावलीतिर आकृष्ट भयो। 'मतदान अधिकृतले विवाद आउनसक्ने कुनै पनि कामकुरा गर्नुहुन्न।' अर्को पार्टीको तर्फबाट यस सम्बन्धि विवाद उठ्यो भने... । प्रहरी जवानहरू अवश्य बसे तर हामी बसेनौं।

अब हामीले वासस्थान खोज्नु थियो र बेलुकाको खानाको व्यवस्था पनि गर्नुपर्ने थियो। प्रहरीहरू त्यहींको प्रहरी मेसतिर लागे। हामी मरीचमान तामाङको घरमा बस्यौं। मरीचमान वास्तवमा फरासिला र मिलनसार रहेछन् – 'मेरो दुई परिवार छ – दुई स्वास्नी छन् – दुईवटा घरमा। सरहरूलाई बस्न खान चिन्ता हुने छैन। जता खाए पनि हुन्छ, जता बसे पनि हुन्छ। स्लिपिङ्ग ब्याग सरहरूसँगै रहेछ, गुन्द्री डसनाको बन्दोवस्त म गरुँला, जाडो त्यति छैन, सीरक आवश्यक नपर्ला। उनीले हामीलाई आश्वस्त बनाए।

२५/३० घर परिवार भएको त्यो बस्ती राम्रै रहेछ। त्यहाँ एउटा प्राइमरी स्कूल र बागवानी फार्म पनि रहेछ। तामाङै तामाङ भएको त्यो क्षेत्रमा अरू जातिको त शिला नै खोज्नुपर्ने। मरीचमानले भने जस्तै हामी दुई घरमा बाँडियौं र साँझ टल्ने बित्तिकै तामाङनी दिदीले पकाएको मोटो चामको भात, सिद्रा मिसाएको आलुको तरकारी र गहतको दालसित टन्न खायौं पच्चिस रुपैंयाँ तिरेर – बस्न निःशुल्क। त्यहाँ एउटा ट्रंकल लाईन पनि रहेछ – घिमिरेजी र मैले फोन गर्‍यौं – आ-आफ्नो घरमा। त्यसपछिको काम सुत्ने थियो। सई सिंजालीले हामीलाई आश्वस्त पारेका थिए – सापहरू निशङ्क सुत्नुभए हुन्छ–हाम्रा केटाहरू पालैपालो गरी रातभरि घुमिरहने छन्। हामी ढुक्क भयौं। दिन बिते जस्तो रात पनि बित्ला ! वास्तवमा हामी दिनभरि तर्सियौं मात्र तर्साइएनौं।

तामाङनी बैनीले टिप्ल्याइदिइन्

अर्को दिन बिहानै प्रस्थान गर्ने हाम्रो योजना थियो तर हिजो बस्तीपुर आउनासाथ शुरु भएको वर्षा थामिएको थिएन। हिजो वास्तवमा हामीलाई मौसमले साथ दिएकै हो। धमालधुमुल बादल लाग्यो, आकाश गर्ज्यो, भुसुने पानी पर्‍यो, हिंड्न शीतल भयो, पानीको चुटाइमा परिएन। पानी परिहालेको भए हाम्रो ओत वा ओतिने ठाउँ केही पनि थिएन। ठाउँ फेला परेको भएपनि हामीलाई ओतिएर बसिराख्न सम्भव थिएन। हामी झिज्नै पर्थ्यो, हिंड्नै पर्थ्यो।

आजको स्थिति अलि बेग्लै छ, भात खाइवरी हिंडे

पनि मज्जाले पुग्न सकिन्छ । तामाजोरको (घिमिरेजीको) टोली तीन घण्टामा र नेत्रकालीको (मेरो) टोली चार घण्टामा सजिलै पुग्नसक्छ । त्यहाँका प्रहरीहरू त भन्दै थिए – हामी दुई घण्टामा पुग्छौं । पानी परिरहेकोले हामी खाना खाएरै जाने निधो गर्‍यौं ।

त्यतिबेरसम्म के गरेर बस्ने त ! हामी इन्सपेक्टर लक्ष्मण सिलवाललाई भेट्न प्रहरी चौकीमा गयौं । वहाँसँग हिजो भेट भएको थिएन – मोबाइलमा जानु भएकोले सिलवाल घिमिरेजीको बुथमा सम्बन्धित इन्स्पेक्टर पनि हुनुहुन्थ्यो । संयोगले सैनिक क्याप्टेन (नाम सम्झिन) मोबाइल सैनिक टोलीको नेतृत्व गर्दै त्यही आइपुग्नु भएको रहेछ । हामीले केहीबेर वहाँहरूसँग शान्तिसुरक्षाको बारेमा छलफल गर्‍यौं र धेरै जानकारी लियौं । घिमिरेजी चुनावी मामिलामा मभन्दा धेरै बाठो हुनुहुन्थ्यो – भुक्तभोगी । म भने शहरी इलाका बाहेक बाहिर निस्केको थिइनँ । वहाँले भन्नुभयो – के पर्छ के पर्दैन के थाहा ! स्टाफहरूले मतदान अधिकृतलाई खाना खुवाउने ठेकेदार नै ठानेका हुन्छन् । भैपरी खर्च, ढुवानी खर्च र मतदान केन्द्र निर्माण खर्चमा उनीहरूले आफ्नो अधिकारै भएजस्तो गर्छन् । त्यसकारण केही आपत्कालीन खाद्यान्न बोकेरै जाउँ – भाडा त खोज्यो भने कसो नपाइएला ।

वहाँले त्यहाँको एउटा पसलबाट दुईपाथी चिउरा, तीनपाथी चामल दुई किलो मुसुरोको दाल, एक प्याकेट नून, एक प्याकेट तेल र चिनी, चियापत्ती खरीद गर्नुभयो । खरीद गर्नुपर्ने वास्तवमा मैले थियो, किनभने घिमिरेजीको बरु पाउन सकिन्छ भन्ने सुनिएको थियो तर मेरो लागि त खानको त के कुरा बस्न समेत नपाउने ठाउँ । गाउँ एकातिर र अर्को एउटा डाँडोमा टिक्रिक्क गाविस भवन, अर्थात् प्रस्तावित मतदान केन्द्र । गाविस अध्यक्षलाई भन्ने हो भने व्यवस्था गरिदिन्छन् रे ! त्यो पनि मलाई त्यति उचित लागेन । माले, एमाले, काँग्रेस, राप्रपा वा अरू को हो ! सहयोगको नाममा अर्को पार्टीको तारो किन बन्ने ! सुनेको थिएँ – आधाघण्टा पर रामपुर बजार छ, त्यहाँ त ठूलै बस्ती र इलाका प्रहरी चौकी पनि छ, त्यो शान्तेश्वरी गाविसमा पर्छ । बरु जाउँला त्यतै बसौंला र खाउँला । मेरो प्रहरी टोलीका नायक सिंजालीको राय पनि यही रह्यो ।

दिउँसो बाह्रबजेतिर पानी रोकियो । हामी प्रस्थान गरिहाल्यौं । त्यसबेलाको वातावरण बडो रमाइलो थियो र ठाउँ पनि खुल्ला थियो । अगाडिपट्टि खोलो, खोलाको किनारमा खेत र खेतमा मकै । हामी अलिकति ओर्लेर खोलोतिर लाग्यौं ।

यो खोलाको नाम के हो ?

मरिन ।

कहाँबाट आयो फेरि मरिन ?

उही त हो छोडेर आएको मरिन, फेरि आयो । खोलो घुमेको छ, हामी आयौं सिधा । त्यसैको मुहानतिर हामी पुनः लाग्दैछौं, यसको मूल काभ्रे जिल्लामा पर्दछ । काभ्रे छिचोल्न अब धेरै छैन । सिधै उत्तर लाग्ने हो भने यो महाभारत काटेपछि दुम्जा र त्यसपछि काभ्रे आइहाल्छ । अहिले हामी अलिकति अगाडि गएर यस खोलालाई छाड्छौं र उत्तर-पश्चिम लाग्छौं ।

बाटोचाहिं कहिले बगर कहिले खेतको आलि कहिले कुलो भए पनि स्पष्ट चिनिन्थ्यो, हिजोको जस्तो थिएन । यसै क्रममा हामी एउटा कुलोको डिल भएर अगाडि बढ्दै थियौं – एउटी तामाङनी बहिनीले खोलाको बगरतिर गाई लगाएर अलिकति माथिबाट हाम्रो तमासा हेर्दै थिइन् । हामी सबैको दृष्टि त्यस केटी माथि पऱ्यो । प्रहरी भाइहरू केटीको मामिलामा अलि खरा हुन्छन् । समय परिस्थितिले मनमा लागेको बोल्नलाई अलिकति अङ्कुश लगाएको थियो यो पक्कै हो तर हेर्नमा प्रतिबन्ध लागेको थिएन । मन अघाउन्जेल हेरे, फर्कीफर्की हेरे तर त्यसरी हेर्दा पाइलालाई पनि काबुमा राख्नसक्नु पर्थ्यो त्यो भएन । एकजना प्रहरीको खुट्टा चिप्लियो र कुलामुनि डङ्गरङ्ग पछारिन पुगे । त्यो दृश्यबाट उब्जिएको हाँसोले हामीलाई विशेषगरी अन्य प्रहरी भाइहरूलाई धेरै परसम्म बाटो काट्न मद्दत पुऱ्यायो ।

आफ्नै ज्वाइँ पो आउनु भएछ

हामीले करिब एकघण्टा पछि मरिन खोलालाई

छाडेर जङ्गलको बाटो उकालो लाग्यौं । विश्राम गर्नुपर्ने कारण यो रह्यो कि एउटा टोली अलि पछाडि पऱ्यो । घिमिरेजी मोटो भएर पनि हिंड्न सक्नुहुँदो रहेछ – कारण काठमाडौंमा बस्ने भएपनि पैत्रिकस्थल रामेछापको उकालो ओरालो गरेर शरीरलाई तद्नुरूप चल्नसक्ने बनाउनुभएको रहेछ । तर केही तराइवासी भाइहरूले हिजो पनि हाम्रो गतिलाई बेला-बेलामा अवरुद्ध गरेका थिए र आज पनि गरे ।

उनीहरू आइसकेपछि हामी उकालो उक्लिए जस्तै जङ्गलै जङ्गल ओरालो लाग्यौं । एकजनाले भने अब हामी बस्तीपुर छाडेर तामाजोर प्रवेश गऱ्यौं । घिमिरेजी खुसी हुनुभयो र सोध्नुभयो– अब हामी कति घण्टामा पुग्छौं । यही गतिमा गयो भने एक घण्टा ।

अनि नेत्रकाली ? मैले सोधें ।

अढाइ घण्टा, अर्थात् डेढघण्टा बढी ।

अब त हाम्रो छुट्टिने बेला आयो त घिमिरे सर !

फर्कंदा हेलिकप्टरले लग्यो भने त बेग्लै कुरा, नत्र वाकीटकी हामीसँगै छँदैछ, कुरा गरेर मतदान सकिंदासाथ सीलबन्दी, मुचुल्का आदि गरिसकेर तत्काल हिंड्ने र छुट्टिने ठाउँमै जम्मा भई रातसाँझा गरेर बस्तीपुर बस्न पुग्नुपर्छ, अन्त बस्नुहुन्न है पन्त सर !

पूर्ण सहमती, यसमा दुईमत छैन– मेरो भनाइ रह्यो । तर प्रहरी प्रशासनको कुरा अलि फरक र अस्पष्ट थियो – तामाजोर मतदान केन्द्र बस्तीपुर इलाका प्रहरी अन्तर्गत पर्ने हुँदा त्यहाँको मतदान बाकसको सङ्कलन बस्तीपुरमा हुनुपर्छ र नेत्रकाली मतदान केन्द्र रामापुर (शान्तेश्वरी) इलाका प्रहरी अन्तर्गत पर्ने हुँदा त्यहाँको मतदान बाकसको सङ्कलन रामपुर मैं हुनुपर्छ ।

हाम्रो तर्क थियो – तामाजोरको सम्बन्धमा त कुनै विवाद रहेन तर नेत्रकाली मतदान बकस सङ्कलनको लागि आधा घण्टा पर रामपुर पुऱ्याएर फेरि फर्काइ त्यही बाटो हुँदै ल्याउन कति व्यवहारिक हुन्छ ? हेलिकप्टरले लैजाने हो भने बेग्लै कुरा । प्रहरी इन्स्पेक्टरको हातहातमा वाकीटकी भएपछि मतदानको दिनसम्म एउटा टुङ्गो लाग्ला भन्ने कुरामा हामी विश्वस्त थियौं ।

कुरै कुरामा हामी करिव पौने घण्टामा तामाजोर खोलामा ओर्लेछौं । हाम्रो छुट्टिने ठाउँ आयो त । एकजनाले भन्यो– ल घिमिरे सर ! त्यही स्कूल त हो तपाईंको मतदान केन्द्र । त्यहाँनेर एउटा पसल पनि रहेछ । बिस्कुट, चाउचाउ पनि पाइँदो रहेछ । हामीहरूले इच्छा अनुसार पोकामा भए फुकाएर र नभए किनेर केही खायौं । एकछिन विश्राम गऱ्यौं र छुट्टियौं । बाइबाइ ...! हामी पुनः यसैगरी यसै ठाउँमा भेट हुनेछौं – अन्य निर्णय नभएमा । त्यसपछि आधा समूह लाग्यो तामाजोर खोलाको मुहनतिर अर्को पुच्छारतिर ।

हामी अलिकति खोलो, अलिकति उकालो, अलिकति तेर्सो हिंडेर बेलडाँडा (देउराली) पुग्यौं र क्षणभर सुस्तायौं । नेत्रकालीको मुख्य गाउँ नै त्यही रहेछ, जसको नामबाट गाविसको नाम रहन गयो । त्यो नेत्रकालीको मन्दिर पनि त्यहीं डाँडोमा रहेछ । त्यो र सँगै तलपट्टि लामैगरी फैलिएको सिमले डाँडो । एउटा स्कूल पनि त्यहीं रहेछ । हाम्रो समूहकै एकजना बुझक्कडले भने – हेर्नुस् न सर । मतदान केन्द्र हुनुपर्ने ठाउँ यो, तर नवै वडाको सेन्टर पर्ने ठाउँ भनेर गाविस भवनमा राखेको छ । यहींबाटै देखिन्छ त्यो गाविस भवन, आउँनुस् त यहाँ । मैले देखें – त्यो गाविस भवन । अब हामीले एक फर्लाङ सिधै खोलामा ओर्लेर सिधा चढाइ चढ्नपर्ने रहेछ – अन्दाजी अरू एकघण्टा लाग्ला ।

जताततै तामाङै तामाङ अनुहार देखिरहेको बेला त्यहाँ एउटी बाहुन अनुहारकी बूढी आमालाई देख्दा केही बोल्ने उत्सुकता जाग्यो ।

आमा ! तपाई त बाहुनी जस्ती लाग्नुहुन्छ नि !

'हो' हामी मैनाली बाहुन हौं ।

कहाँबाट आउनु भएको ?

काभ्रेबाट ।

बाबु कताबाट नि – उनले सोधिन्

काठमाडौंबाट ।

चुनाव गराउन आउनु भएको होला हैन ?

हो ।

थर के हो नि बाबुको ?

पन्त ।

उनी पुलकित भइन् र भनिन् – 'ए ! मेरा ज्वाइँ पनि पन्त, वहाँ काठमाडौमै हुनुहुन्छ । कस्तो खुसी लाग्यो ज्वाइँ भेटे जस्तै भयो । चिन्नु भएको छ मेरा ज्वाइँलाई ?' मलाई मनमनै हाँसो पनि लाग्यो, प्रकट

गरिनँ, खाली मुस्कुराएँ मात्र र भनें – चिन्दिनँ । कति अबोध छन्, कति निस्कपट र निस्कलङ्क छन्, कति निश्छल र सफा छ तिनीहरूको मन । उनीले अनुरोध गरिन् – घरमा जान, तर उनको अनुरोध स्वीकार गर्न सम्भव थिएन । त्यसैले फर्कंदा पसौंला बरु भोट हाल्न आउनु होला है आमा, उहीं भेटौंला भनेर बिदा हुनै के लागेको थिएँ – उनी मसँगै आएर उभिएकी एकजना महिलाको जिज्ञासा मेटाइन् – हेर न आफ्नै ज्वाइँ पो आउनु भएछ – काठमाडौंबाट ।

अब हामी अन्तिम बिन्दुतिर लाग्यौं सिम्ले खोलामा झर्‍यौं र हायुटारको उकालो उक्लियौं । एउटा सिम्ले खोला हामीले हिजोपनि हिंड्देका थियौं र एउटा हायुटार पनि । फेरि के हो आज पनि ? मेरो प्रश्नको जवाफ मेरा एकजना सहायकले दिए – सिम परेको गाउँलाई सिम्ले र गाउँसँग जोडिएको खोलाको नाउँ सिम्ले खोला अनि टार परेको ठाउँलाई हायुटार भन्ने यहाँको चलनै यस्तै छ । यो मात्र होइन एउटा अर्को सिम्ले खोला सरले रामपुरमा पनि देख्नु हुनेछ ।

सुब्बा डाँडा स्थित गाविस भवनमा पुगेपछि एकजनाले हाँसो गरे – यस्तो पनि गाविस भवन हुन्छ , नक्कली भवन त होइन यो ? हुन पनि झ्यालबाट भित्र हेर्दा एउटा साइनबोर्ड झुण्डिएको र दुई/तीनवटा बेन्च र एउटा टेबुल बाहेक अरू केही थिएन । मान्छे भेला हुने गरेको निशानी पनि केही देखिदैंन । जताततै मकै बारी । तर मतदान केन्द्र तोकिएपछि अगाडि पट्टि अलिकति ठाउँमा मकै छरिएको रहेनछ । अलिकति तल दुई/तीनवटा घर छन् बाँकी पूरै डाँडो खाली छ ।

करिब पन्ध मिनेट त्यहाँको वस्तुस्थिति निरीक्षण गरेर हामी रात्री विश्रामको लागि रामपुरतिर लाग्यौं । मैंले मनमनै यस्तो अनुभव गरें – हाम्रो पहिलो युद्ध सफल भयो ।

(क्रमशः..... आगामी अङ्कमा)

कविता

ताळ - १४

⇨ सुस्मिता नेपाल

सुरहरूको तालमा
करुण भावहरूका
तरङ्गहरू फैलिंदा
मन-मनहरू
छचल्किए, फुके ।

आँखामा उभिएको पहाडले
आँसुलाई नै हेरिरह्यो ।

मन-मनभित्र
छचल्किएका, फुकेका क्षणहरू
एउटा कुनादेखि
अर्को कुनासम्म हल्लिरहे ।

समयले दिएका मुस्कान
सुरहरूको तालमा
सलबलाइरहे
हारमोनियमका रिड-रिडमा
गएर टक्क अडिए ।

वेदनाहरू
अनुभूतिहरू
फैलिंदै गए
करुण भावका तरङ्गहरू
सुरहरूको तालमा ।

◆◆◆

कुनै पनि कुरा असल वा खराब हुँदैनन्, खाली बिचारले मात्र त्यस्तो बनाउँदछ – *शेक्सपियर*
सत्यको विरुद्ध बहादुरी काम लाग्दैन – *महाकवि लक्ष्मीप्रसाद देवकोटा*
ज्ञानको पहिलो काम असत्य जान्नु हो, दोस्रो काम सत्यलाई चिन्नु – *टियर्स*

समीक्षा

विभिन्न तीन कृतिमाथि तेस्रो दृष्टि

❑ ठाकुर शर्मा

१. 'यस्तो उद्घोष गर्छु' को दृष्टिकोण

विक्रम सम्वत् २०१३ सालमा तेह्रथुममा जन्मेका कृष्णप्रसाद दुलाल साहित्यिक क्षेत्रमा कृष्ण वाउसेको नामले सु-परिचित छन्। साहित्यिक पत्रकारिताको क्षेत्रमा नाम चलेका प्रतिभा सम्पन्न वाउसेले वि.सं. २०२५ सालदेखि कविता कोर्न थालेका हुन् भने वि.सं. २०३१ सालदेखि आफ्ना रचनाहरू प्रकाशित गरेर नेपाली साहित्यलाई ठूलो गुन लगाउँदै आएका छन् र साहित्यका पाठकको हृदयमा स्थान लिन सफल पनि भएका छन्। आफ्नो सिर्जना यात्रालाई निरन्तरता दिंदै विभिन्न पत्रपत्रिकामा आफ्ना रचनाहरू प्रकाशित गर्दै आए पनि पुस्तकाकारको रूपमा आएको उनको प्रथम पुस्तक २०५६ सालमा हो। यसको नाम राखिएको छ 'यस्तो उद्घोष गर्छु।'

वाउसेको यो कृतिको प्रकाशन साहित्यिक पत्रकार संघले गरेको छ र साहित्यिक पत्रकारितामा क्रियाशील रहेर नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उत्थानमा सेवा पुऱ्याएको यस संस्थाले कवि कृष्ण वाउसे जस्ता सर्जकको सिर्जनालाई प्रकाशन गर्ने दायित्व बोकेर ठूलो गुन लगाएको छ। त्यति मात्र होइन सर्जकहरूको वेदनालाई केहीमात्रामा भए पनि घटाएको छ। साहित्यिक पत्रकार संघले २०५५ सालको 'व्यथित काव्य पुरस्कार' प्रदान गरेर वाउसेलाई सम्मान पनि गरेको थियो। यसबाट देखिन्छ वाउसेप्रति ठूलो श्रद्धा राखेर साहित्यिक क्षेत्रका व्यक्तिहरूको पीडा बुझेर नै यो कवितासङ्ग्रहको प्रकाशनको दायित्व बोकेको हो।

कृति भित्रका रचना विभिन्न पत्रपत्रिकामा एवं रेडियो नेपाल, साहित्य संसारमा प्रकाशित भइसकेका छन्। छरिएर रहेका रचनाहरूलाई समेटेर प्रकाशित गरिएको सङ्ग्रह हो 'यस्तो उद्घोष गर्छु।' यसको गरिमा बढ्ने कारण अर्को पनि छ त्यो हो – नेपाली साहित्यका अग्रणी विशिष्ट विद्वान् डा. ताना शर्माको भूमिका। यसले वाउसेको आद्योपान्त परिचय प्रदान गर्नुको साथै कृति भित्रका रचनाद्वारा वाउसेको दृष्टिकोणलाई नियाल्ने चेष्टा गरको छ। विशिष्ट विद्वान्हरूको सङ्केत नै कवि एवं पाठकलाई मार्गदर्शक बन्दछ। डा. शर्मा भन्नुहुन्छ – कविता विज्ञानको फरकलाई बुझ्नु नै सिर्जनात्मक सम्वेदनालाई बुझ्नु हो। जापानको सौन्दर्य सुखानुभूति र सहृदयताको स्वर्गमा समेत स्वदेशको अवस्था सम्झेर चिन्तित हुनु अन्धराष्ट्रवाद होइन, राष्ट्रिय स्वाभिमान मात्र पनि होइन, स्वजनको स्नेह हो। मानव हितलाई सर्वोपरी मान्ने कवित्व हो ...

देवकोटा, रिमाल र भूपिका कविताले उर्जा प्राप्त गरेका कवि वाउसेले विभिन्न लेखकहरूको सङ्गतद्वारा निरन्तरता पाएको देखिन्छ। आफ्ना अग्रजहरूको नाम सम्झन भुलेका छैनन् कवि वाउसे। विभिन्न पत्रपत्रिकामा प्रकाशित ६६ वटा कविता सङ्ग्रहित गरेर कृतिकारको रूपमा साहित्यिक पत्रकार संघले पाठकसामु उभ्याएको छ वाउसेलाई।

कवि हृदय कोमल हुन्छ, विविध घटनाहरूले छुन्छ उसलाई। जीवन जगत्मा भोग्नु परेका समस्याहरूसँग जुद्धैजाँदा कविहृदय द्रवित हुन्छ, कविताको रूपमा बग्न थाल्छ सरिता जस्तै।

सरलताको धरातलमा उभिएर पारस्परिक शिष्टतालाई अँगाल्दै मानवताका चिन्तक बन्न पुगेका छन् कवि वाउसे। कुनै सैद्धान्तिक वादमा नबाँधिएर स्वच्छन्दरूपमा आफ्नो लेखनीलाई बढाउने कवि वैचारिकतामा धेरै अगाडि छन्। यस सङ्ग्रह भित्र विविध विचारहरू प्रस्तुत भएका छन्। प्रस्तुतिमा आफ्नोपन छ

, सरलता छ, कोमलता छ, जीवनदृष्टि छ । यस सङ्ग्रहको शीर्षक पनि यसै भित्रको कविता हो जसले सम्पूर्ण कविताको उद्घोष गर्छ । चालचलनको उद्घोष गर्छ भने सृष्टिको सुन्दरता, प्रकृतिको चित्रणको पनि उद्घोष गर्छ ।

केही उदाहरण हेरौं –

'कसैकसैले नठुइने भन्ने सन्धिपत्र भएको छ
कसैकसैको पखेटा नलुछ्ने भन्ने कुरामा सबैको सहमति भएको छ ।'

- यस्तो उद्घोष गर्छु – ८१

जीवनमार्गमा विभिन्न आरोहावरोहहरू आउँछन् स्वयं भोगिने या भोगाइने, अरूबाट थोपरिएका समस्याबाट सिर्जित दुःख, पीडा अन्तर्वेदनालाई देखेर नै कवि हृदय बोल्छ –

बरु धर्मको नाममा बकवासहरू भटभट्याउँदैनन्
तर सधैंभरि एउटा राग अलाप्छ रेडियो
यो सुन्नु भो बालिका हराएको सूचना ...
बालिकाहरू अलिकता बर्तमान हुन् ... भविष्य हुन्...
आशा...विश्वास...सिर्जना...सर्जक हुन्
बर्तमान डराउनु हुँदैन,
भविष्य हराउनु हुँदैन ... आशा...विश्वास...सिर्जना...
सर्जक... हराउनु हुँदैन.....।

बालिका हराएको सूचना ।

३३/३४

कविका कविताहरू हेर्दा उनी कति सरल छन् । सरलतामा कति गहनता छ । त्यसैले कवि वाउसे लोकप्रिय छन् । पाठको मनमा बस्न सक्षम छन् । कविताको कुनै सीमा हुँदैन । सीमामा बाँधिनु पनि हुँदैन र कुनै पारम्परिकताले डोऱ्याइनु पनि हुँदैन । स्वच्छ सरितासरि जीवनदायिनी भएर बग्छे कविता । त्यसैले समाजलाई डोऱ्याउने कविताको निर्धारित समय हुँदैन ।

कवि वाउसेको कलम सक्षम छ, जीवनदायिनी छ निरन्तरतामा आँच नआओस् – शुभकामना ।

२.'राशिफल हेरिरहेको मान्छे' लाई हेर्दा

वि.सं. २०२६ भाद्र १२ मा मैदान टोल नुवाकोटमा जन्मेका आर.एम.डङ्गोल आधुनिक नेपाली साहित्यका नवप्रतिभा हुन् । उनले नेपाली कविता विधामा धेरै कलम चलाए तापनि पुस्तकाकारको रूपमा यो प्रथम कृति हो – 'राशिफल हेरिरहेको मान्छे'

कविहृदयले सूक्ष्मतम विन्दुलाई टोपल्न पुग्छ । बाह्यजगत्का कुराहरूले प्रभाव पारिरहेको अहिलेको स्थितिमा जीवन जगत् पनि अन्यौलमा पुगेको छ । ती समाजमा भएका यथार्थस्थितिलाई सूक्ष्मदृष्टिद्वारा हेर्न खोज्छन् कविहरू । यसैको हाराहारीमा पुग्न खोजेका छन् आर.एम.डङ्गोल ।

'तपाईं, म, उनीहरू वा अरूहरू सबै हस्तरेखा हेर्न अभिशप्त हामी सबै' भनेर शीर्षकको सार्थकतातिर हामीसबैलाई डोऱ्याउन खोजेका छन् । यो यथार्थ हो हामी सबै हस्तरेखा हेर्न नै अलमलिइरहेका छौं । जीवनलाई स्वयंतिर फर्केर हेर्नुभन्दा पनि बाह्य संसारमा नै रुमलिएका छौं । समाजको यथार्थ स्थितिभित्र नै हामी सबै पर्छौं । विकृति, विसङ्गति पनि हामीले नै भिम्त्याएको हो । त्यसको निराकरण पनि हामीले नै गर्नुपर्छ भन्ने यथार्थतालाई बुझेर कलम चलाउन पुग्छन् –आर.एम.डङ्गोल ।

मानवीय जीवनदर्शन, लेखकीय मूल्य र पाठकीय अन्तर्चेतना एउटै धागामा बाँधिएको दृष्टिकोणबाट प्रेरित कवि भन्छन् –

'एउटा कविले आफ्नो सपनालाई सम्मान गर्न सक्नुपर्छ, कल्पनाको झ्याल बन्द गरेर आफ्नो वार्णिक वृत्तिलाई निरङ्कुश हुनदिनु हुँदैन । यो युद्धमा कवि अजेय हुन नसक्ला तर अमर भने हुनसक्दछ ।'

यो सृष्टि नै कवितामय छ, हरेक मानिसभित्र कवित्व शक्ति हुन्छ, ठम्याएर शब्दद्वारा बुझाउन सक्ने मानिस कवि हो जस्तो लाग्छ । आर.एम.डङ्गोल भित्र कवित्व शक्ति प्रबल देखिन्छ । त्यो कुरा उनका कविताहरूलाई हेरेपछि प्रष्टिन्छ । आफ्नो शैलीद्वारा बुझाउने क्षमता भएर नै आज आर.एम. डङ्गोलको नाम सुपरिचत छ कविता क्षेत्रमा ।

'राशिफल हेरिरहेको मान्छे' कवितासङ्ग्रह भित्र ४१ वटा कविता रहेका छन् । वि.सं. २०५६ सालमा प्रकाशित यस सङ्ग्रहले नेपाली कविता क्षेत्रमा एउटा अर्को ईंटा थप्ने कार्य गरेको छ । विभिन्न पत्रपत्रिकामा छापिइसकेका र अप्रकाशित कविताहरू यसमा संगालिएका छन् । यस सङ्ग्रहको भूमिकामा वरिष्ठ कवि

तुलसी दिवसको भनाइ यस प्रकार छ – 'राजनीतिको प्रतिबद्धताभन्दा धरैमाथि उठेर मानवीय सूक्ष्म अनुभूति र सम्वेदनाका कविता बन्न पुगेका छन्..... उनी सम्वेदनाको पत्रपत्रमा तह परेका जिन्दगीका पुस्तौंपुस्ताका घाउलाई काँधमा बोकेर हिंडिरहेका छन्..... ।

यस प्रसङ्गमा एउटा कविता हेरौं –

जब अन्त्यमा इन्द्रियको तार चुडिन्छ
एउटा जटिल गद्य देहको अन्त्य हुन्छ
तब मेरो कवितामा साँझ शुरु हुन्छ
अँध्यारोमा कविताको कुनै हरफ पढिदैनन् .....

–'अँध्यारोमा कविता पढिदैनन् बाट'

कविहरू मार्गदर्शक भएको हुनाले समाजप्रतिको दायित्व छ, समाजका विकृत अवस्थाले उनीहरूलाई पोलिरहेको हुन्छ, कोट्याइरहेको हुन्छ । उनीहरू कविता लेखेर पनि सन्तुष्ट छैनन् किनकि पढ्नको लागि प्रकाश नै छैन, प्रकाशविना केही गर्न सकिदैन । अँध्यारामा नै बाँच्नु परेको बाध्यता उनीहरूले भोगी रहेका छन् । भावनात्मक रूपमा अगाडि बढेको ठान्ने मानिस जहाँको तहीं छ, केही गर्न सकेको छैन ।

'अक्षरहरू जहाँको तहीं छन्
जीवनको अशेष अर्थ बोकेका यी सङ्केतहरू...
आफूले पहिल्याएको बीच बाटोमै
मानिसका स्वतन्त्र चेतनमाथि
धावा बोल्दैछन् ...

– अक्षरप्रकोपबाट

कविता सरल छन् । गद्यकविताको सीमालाई लांघेका छैनन् । शब्द-शब्दमा सम्वेदना छ । भाव गाम्भीर्यता ठाउँ ठाउँमा भेट्न सकिन्छ । यस सङ्ग्रहको शीर्षक पनि एउटा कविताको शीर्षक नै हो जसले भावको आधारमा सम्पूर्ण कविताहरूलाई समेट्न सफल भएको छ । यो कविता यात्रामा आर.एम.डङ्गोलको विराम हुनुहुँदैन, चलिरहनु पर्छ, चलिरहनु पर्छ । यस्तै कविताहरूको भावनाले भाषा, साहित्य, समाज, सुदृढ बन्नसक्छ । उद्धृत कारणहरूले पनि आर.एम. डङ्गोलको 'राशिफल हेरेको मान्छे' पठनीय र सङ्ग्रहणीय बन्न पुगेको छ ।

अन्त्यमा –
म फेरि एकपटक विषाक्त
अक्षरहरूको चपेटामा छु ।

३. सूक्ष्म तरङ्ग' भित्रका तरङ्गहरू

मानिस स्वयं बौद्धिक क्षमता भएको प्राणी हो, प्राणीमा सर्वश्रेष्ठ प्राणी भनेर पनि चिनिन्छ । मानिसले गर्न नसक्ने संसारमा केही छैन तर त्यसको प्रयोगमा भर पर्दछ, आफ्नो मस्तिष्क कसरी प्रयोग गरेको छ । सामान्यभन्दा पनि सामान्य जीवन बिताउने पनि कति देखिन्छन्, कति आफ्नो जीवनलाई मृत्युमा समर्पण गरेर बिताएका हुन्छन्, कति केवल आफ्नो स्वार्थमा मात्र लागेर समय बिताएका हुन्छन् । जीवनको लक्ष्य पहिल्याउनेतिर लागेर बिताउने जीवन नै महत्त्वपूर्ण जीवन हो । यस्तै मनका अनेक तरङ्गहरूमा तरङ्गित हुँदै मनका भावनाहरूलाई शब्दमा व्यक्त गरेर अरूको लागि केही दिन खोज्ने त्यसैमा रमाउने प्रतिभा हुन् – चन्द्रमणि प्रसाई ।

वि.सं. २०१३ सालमा मेची अञ्चलको झापामा जन्मेर १७/१८ वर्षको उमेरदेखि नै केही न केही मनका भावनाहरू, तरङ्गहरू लेख्न प्रारम्भ गर्ने चन्द्रमणि प्रसई नेपाली भाषा साहित्यका विविध विधामा कलम चलाउने लेखक हुन् ।

सरल प्रकृतिका धनी प्रसाईंसँग मिति २०५७।२।४ गते डा. डिल्लीरमण रेग्मीको निवास, लाजिम्पाटमा बुद्ध जयन्ती र महावीर जयन्तीको कार्यक्रममा भेटघाट हुँदा सामान्य परिचयको क्रममा कम बोल्ने, प्रथम भेटमा मानिसलाई आकृष्ट गर्न नसक्ने भए पनि मेरो परिचय गर्ने जिज्ञासानुरूप कवि श्री कृष्ण वाउसेद्वारा पूर्ण परिचय प्राप्त गर्ने मौका प्राप्त भयो, खुसी लाग्यो । नेपाली साहित्यप्रति रुचि राख्ने हुनाले पढ्ने मौका पाइयो । कुनै पनि नयाँ कृति प्राप्त हुँदा त्यसप्रति अत्यन्त श्रद्धा जागृत हुन्छ, केही कोर्न मन लाग्छ – फलस्वरूप "सूक्ष्म तरङ्ग" भित्रका तरङ्गहरूमा आपना तरङ्गहरू मिलाउने प्रयास गरेको छु ।

२०३० सालदेखि लेख्न प्रारम्भ गर्ने चन्द्रमणि प्रसाईंले "युग ज्योति" (खण्डकाव्य २०४१) विभो (कविता सङ्ग्रह २०४४), "प्रिय प्राण" (कविता सङ्ग्रह २०४६), "सूक्ष्म तरङ्ग' (निबन्ध सङ्ग्रह २०४८), "चन्द्रमणिका सूक्तिहरू" (२०५३), "आमा" (कविता सङ्ग्रह २०५४), "अखण्ड दिव्य सन्देश" (२०५५) प्रकाशित

गरिसकेका छन् । प्रकाशित कृतिबाट के प्रष्ट हुन्छ भने कविता र निबन्ध क्षेत्रमा बढी हात चलाएका छन् । उपर्युक्त प्रकाशित कृति बाहेक अन्य पत्रपत्रिकामा अनेक रचनाहरू प्रकाशित भएका छन् । अत्यधिक मात्रामा तत्सम शब्द प्रयोग भएको छ र "सूक्ष्म तरङ्ग" निबन्ध सङ्ग्रहलाई हेर्दा पनि पूर्वीय संस्कृति परम्परा र हिन्दू धर्मको सूक्ष्मतम दृष्टिकोणमा लेखकको आस्था अत्यधिक रहेको देखिन्छ ।

मूलत: उनका निबन्धमा आजका मानिसभित्रका समस्या, स्वार्थीपन, अज्ञान र मूर्खताको राम्रो चित्रण देखिन्छ । उनका सम्पूर्ण रचनाहरू हेर्ने वा अध्ययन गर्ने मौका नमिले पनि मेरो हात परेको "सूक्ष्म तरङ्ग" निबन्ध सङ्ग्रहको सूक्ष्म अध्ययन गर्दा उनी अत्यन्त चिन्तनशील लेखक हुन् भन्ने प्रष्ट हुन्छ । निबन्ध लेखन शैलीबाट के प्रष्टहुन्छ भने यस विधामा उनी सफल छन् । मनका तरङ्गहरूलाई आफ्नो लेखनीमा ढाल्न सफल छन् । निबन्धको विषयवस्तु जे पनि हुनसक्छ लेखकको चातुर्यताले सानो विषयवस्तुले पनि वृहदाकार लिनसक्छ ।

निबन्धकार चन्द्रमणि प्रसाईंको "सूक्ष्म तरङ्ग" निबन्ध सङ्ग्रह अन्तर्गत २७ नक्षत्र जस्तै २७ निबन्ध रहेका छन् । "विधि र प्रविधि" बाट प्रारम्भ भई "अनुराग र वैराग" मा अन्त्य हुन्छ 'सूक्ष्म तरङ्ग निबन्ध सङ्ग्रह' । जीवनमा मानिसले अनेक समस्यासँग जुध्न विधि प्रविधिको आवश्यकता पर्छ भने कार्य गर्दागर्दै जीवनको अन्त्य समयमा शरीर शिथिल भए पनि सांसारिक भोगको अनुराग छँदाछँदै वैराग्य पनि हुन जान्छ, मानिस देह त्याग गर्ने स्थितिमा पनि पुग्छ । अदृश्यरूपबाट निबन्धकारले सङ्केत गर्न चाहन्छन् – यस्तै विविध विषयका शीर्षकहरूद्वारा ।

आज भोगको लागि लडाइँ छ, मानिस कर्म गर्न पछि पर्छ, त्यसमा पनि सत्कर्मतिर उन्मुख हुँदैन । गुण, स्वभावको कारण पनि समाजमा उथलपुथलको स्थिति आएको छ । संसारलाई हेरेर स्वयं मानिसले प्रश्न गर्नसक्छ र उत्तर पनि प्राप्त गर्नसक्छ । शब्द र भाषाको जानकारी दिंदै जीवनका विविध पक्षलाई आफ्नो धारणा, दृष्टिकोण, तरङ्गहरू अव्यक्त भएका छन् । सूक्ष्मातिसूक्ष्म कुरामा पुग्न खोज्ने र बाह्य कुरा वा सांसारिक कुराहरू व्यक्त गर्दा कताकता पाठक अलमलिने स्थिति सिर्जना नहुने होइन तर पनि आफ्ना विचारहरू स्वच्छन्दरूपमा सरितासरि बग्ने क्षमता निबन्धकारमा हुनु महत्त्वपूर्ण मान्न सकिन्छ ।

एउटा उदाहरण हेरौं:

"म शिवलाई ईश्वर र भगवान् ठान्छु तर परब्रह्म परमात्मा भनेर होइन । कार्यब्रह्माका प्रणब्रह्म, अक्षर ब्रह्म, विष्णु, महेश, ओंकारस्वरूपको भनेर म उनलाई मान्छु तर परब्रह्म परमात्मा भनेर हैन । म परब्रह्म परमात्मा तिनलाई मान्छु जो निर्गुण छन्, गुणातीत छन्, शब्दातीत, भावातीत, अखण्ड, अविनाशी, निर्विकार, सच्चिदानन्दघन, पूर्ण, परात्पर, क्षर अक्षरभन्दा पर अक्षरातीत, कूटस्थ, स्वअद्वैत, दिव्य परमधामवादी परमात्मा जो कृष्ण नामबाट संसारमा चिनिने गर्छन्, म तिनलाई परब्रह्म, परमात्मा भनेर संधै ध्यान उपासना गर्ने गर्छु- अरू सबैलाई इष्ट देवताका रूपमा । त्यसपछि मान्ने र मानिने रूप शिव रूप हो ... ।"

("मृगस्थली" निबन्धबाट पृष्ठ १३७

यी विचार महत्त्वपूर्ण छन्, स्वतन्त्र छन्, तर पाठकलाई अल्मल्याउने पनि छन् किनकि अध्यात्म दर्शन महत्त्वपूर्ण दर्शन हो, जीवनको मार्ग पहिल्याउने बाटो हो । प्रसाईंको लेखनशैलीले सानो विषयवस्तु पनि लेख्न खोज्दाखोज्दै मनका तरङ्गहरू कहाँकहाँ पुग्छन्, शब्दमा नि:सृत हुन्छन्, पाठकलाई ठम्याउन नै मुस्किल पर्छ । "मृगस्थली" निबन्धमा मृगस्थलीको कुरा गर्दागर्दै शिवतत्त्वको कुरा गर्न पुग्नु स्वाभाविक हो तर धर्मशास्त्रले शिवको व्याख्या कसरी गरेको छ भन्दा पनि आफूले कृष्ण मान्ने हुँदा कृष्णमा सम्पूर्णता देखी त्रिदेवत्वलाई गौण राखी त्रिदेवत्वको आकार शास्त्रमा वा पौराणिक ग्रन्थमा कसरी व्याख्या गरिएको छ त्यसलाई सूक्ष्म दृष्टिकोण नराख्नुले पाठक भुक्किने स्थितिमा पुग्दछ । यो निबन्ध सङ्ग्रहमा सूक्ष्मातिसूक्ष्म विषयवस्तुलाई खोतल्न खोज्दा कतैकतै खल्लोपन पनि अनुभव नहुने होइन तथापि अनेक विषयवस्तुमा समेटिएको निबन्ध सङ्ग्रह पठनीय, सङ्ग्रहणीय अवश्य पनि रहेको छ । *इत्यलम् ।*

– सिफल

कविता

आफ्नो भाग्य आफै हेर्नुहोस्

⇨ टंकप्रसाद शर्मा

मङ्गला

पृथ्वी वाहन, रत्न लाभ गरने शत्रु प्रतापी अनि
घर, छोरा सब लाभ नै छ, यसले पूर्णै छ शान्ति पनि ।
वैरीलाई विनासको भुँवरीमा पारेर संहार गरी
पूर्णे मङ्गलले सुमङ्गल दिने शशि प्रिया मङ्गला ॥

पिङ्गला

दुःखै शोक र रोग आदि बढने त्यस्तै स्वजनमा पनि
कल, कुलरोग सबले विपत्ति भयले व्यग्रै गरे तापनि ।
आदिमा सुख भोग भए पनि सबै आखीरमा त्यो पनि
दुःखै भोग सबै दिने छ यसले भानुप्रिया पिङ्गला ॥

धान्यका

धन -धान्यै सबको प्रवर्द्धन भई स्त्रीसुख अलङ्कारले
राज सम्मान अनि युद्ध भूमि जय औ श्रेयै दिने कर्मले ।
भौतिक सुख-सुधा र धातुहरूमा वृद्धि गरी धैर्यले
सुखै शान्ति दिने सुधा रस दिने गुरु प्रिया धान्यका ॥

भ्रामरी

ऋणी, रोगी, दुःखी विदेशी भ्रमले हानी र उद्वेग पनि
पीडा-व्याधी शरीरमा छ जसको प्रकोप छ राजको अनि ॥
भाग्यै भोग गरुँ भने पनि त्यहाँ भोग भङ्ग गर्दै गई
जाँदा पण्डित भन्दछन् त यिनलाई मङ्गलप्रिया भ्रामरी ॥

भद्रिका

धनको वृद्धि प्रकाश पाई गुणको राजमानले सुन्दर
आभूषणहरूले र दिव्य परिले स्त्रीसुख सहितले नर ।
भोग गर्ने हुन गै सुखी जीवनको प्रारम्भ भो निश्चित
भन्ने काव्यविदै रहेछ जसमा बुधकी प्रिया भद्रिका ॥

उल्का

भ्रमै व्याधी र झन् ज्वरो छ बढी कोप प्रिया-वियोगी पनि
गोत्रैमा छ विवाद मित्रहरूमा वादै-विवाद धेर अनि ।
सूर्यै पुत्र शनिश्चरै ती गृहिणी सबलाई उल्काइ यहाँ
आफ्नो नाम कुनाम पारी बसने शनिप्रिया चोल्किका ॥

सिद्धा

विद्या, सिद्धि र पुत्रवृद्धि गरने रमादि लाभ दायिका
धान्याद गुण कीर्ति सिद्धि फल्दा सुखै दिने लाभदा ।
बन्धु बान्धवले सुखै दिने भनी नाम राखने सिद्धिदा
राजको मान दिने सुयोग्य पढ्दा शुक्रप्रिया सिद्धिदा ॥

सङ्कटा

विवादै छ जहाँ ज्वरो छ तपनी कष्टै छ देहै भरि
चौपायाहरूको विनाश छ जहाँ ऋण व्याधी वृद्धि अनि ।
अल्पै बास छ घर महाँ किनभने प्रदेशिने भो मन
राजै पक्ष महाँ छ डर पनि त्यहाँ रा.के. प्रिया सङ्कटा ॥

◆◆◆

२०५७

विजयादशमी तथा शुभ-दीपावलीको उपलक्ष्यमा हाम्रा शुभचिन्तक महानुभाव तथा समस्त नेपालीमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

प्रधान कार्यालयः पानीपोखरी, लाजिम्पाट काठमाडौं
टेलिफोनः ४१०७६१, ४१४५५२९
फ्याक्सः ४१०७६१
E-mail: pani@khaskoshmos.m,np

कथा

घूस

❑ उज्ज्वल जी.सी.

देवेन्द्र साहू आफ्नो व्यापारिक कामकाजको सिलसिलामा अफिस पुगेर गमक्क फुल्दै भन्नथाल्यो –'खर्दार साप ! मेरो टिप्पणी आज हाकिमसाहेबकहाँ पेश गर्दिनुस् त ! पर्सि त म जर्मन पुग्नुपर्छ ।'

उच्च व्यक्तित्वमा आकर्षित हुँदै खरदारले भन्यो –'हुन्छ हजूर ! माथि हाकिमसाहेब कहाँ बस्दै गरुँ न । म त्यहीं ल्याउँछु ।'

आफ्नो आदेशलाई शिरोपर गरेको देखेर देवेन्द्र साहू प्रसन्न मुद्रा लिएर हाकिमको कोठातिर लाग्यो । 'काम चाँडै गरिदिए चिया खर्च पाइएला कि' भन्ने लोभ साँचेर खरदारले टिप्पणी लेख्न के आँटेथ्यो उसको फोन आयो हस्पिटलबाट – 'दाइ ! भाउजुले छोरा पाउनु भयो तपाई तुरुन्त आइहाल्नोस् ।'

आफ्नो काम सुब्बालाई सुम्पेर ऊ खुसीले अत्तालिदै हस्पिटल पुग्यो ।

एक घण्टासम्म पनि आफ्नो टिप्पणी माथि नल्याएकोले देवेन्द्र साहू रीसले मुर्मुरिदै तल ओर्लेर बम्कन थाल्यो – 'क्या हो यो चाला ? एउटा जाबो टिप्पणी लेख्न पनि यत्रो ढिलाइ ?'

उसले कुरा टुंग्याउन नपाउँदै सुब्बाले जवाफ दियो – 'हैन हजूर उहाँको हस्पिटलबाट जरुरी फोन आ'थ्यो । अहिले आइहाल्नु हुन्छ । हजुरको काम आज सकिए भै हाल्यो नि ।'

देवेन्द्र साहू झन् ठूलो स्वरले कराउन थाल्यो – 'मलाई थाहा छ तपाईंहरूको नियत, यो त मात्र पैसा खाने बहाना हो, बुझ्नु भो ?'

सुब्बाले विनम्रतापूर्वक फेरि भन्यो – 'हैन हजूर । अरू कोही होलान् तर हामीलाई तेस्तो सम्झनु भएन । उहाँ आउनु भएपछि तुरुन्तै भै हाल्छ नि ! हजूरको काम ! बरु एकछिन माथि हाकिमसाहेबकहाँ नै बसिरहुँ न !'

'मलाई तपाईंको हाकिमकहाँ बसिरहन फुर्सद छैन । ठीक छ भोलि आउँला ।' भन्दै बाहिर निस्केर विशेष प्रहरीमा फोन गऱ्यो – 'हलो... म देवेन्द्र... बोलेको, हेर्नुस् न हजूर... अफिसमा मेरो एउटा सानो कामलाई पनि घूस खोज्दैछन् भ्रष्ट कर्मचारीहरू । हुन्छ हुन्छ हजूर... भोलि म आफै नै त्यहाँ आउँछु । कृपया मेरो साथ गुप्तचरहरू पठाइदिनु पऱ्यो ।'

'हुन्छ हुन्छ धन्दा नमान्नुस् । भोलि आएर हाम्रो कर्मचारीहरू लिएर जानु होला' भन्ने सकारात्मक जवाफ पाएपछि उसले फोन राख्यो ।

भोलि दिनको ११ बजे नै गुप्तचरहरूलाई लिएर देवेन्द्र साहू अफिस पुग्यो । त्यसबेला खरदारले काम सकेर हाकिमसाहेबकहाँ टिप्पणी पेश गरिसकेको थियो । यसलाई थाहा थिएन कि आज साहूले फसाउँन खोज्दैछ भनेर । काम छिटो छरितो तरिकाले समयमै गरिदिंदा प्रायशः ग्राहकहरू खुसी भएर चिया खर्च भन्दै हातमा राखिदिने ५०/६० रुपैयाँलाई उसले घूस ठानेको थिएन । त्यसैले ऊ आज पनि चिया खर्च त कसो नपाइएला र ! भन्ने सपना हेर्दै अरू काम गर्दै थियो । "क्या हो त खरदार साप ! हिजो त घण्टौं कुराइदिनु भो'नि । बरु यति चाहिन्छ भनेर भन्नु भा'भे त हिजै दिन्थें नि ! त्यस्तो दुखः पनि दिनुहुन्छ ?' भन्दै आफ्नो अगाडि ठिङ्ग उभिएका देवेन्द्र साहूलाई देख्नासाथ ऊ एकछिन त कालोनीलो हुन पुग्यो । 'हजूर ! हिजो टिप्पणी लेख्दालेख्दै हस्पिटलबाट फोन आएर अपर्झट जानुपऱ्यो । आज सकेर फाइल माथि पेश गरिसकेको छु । बरु माथि नै सम्पर्क राखुँ न' भन्दै नम्रता पोख्यो-आफ्नो लोभलाई सुरक्षित राख्दै ।

'अबदेखि तेस्तो दुःख कसैलाई पनि नदिनु होला

है ! त भन्नुस् चिया खर्च कति दिऊँ ?'

'हजूरको जो इच्छा'

'तैपनि ।'

'हेरेर दिबक्से हुन्छ ।'

यत्तिकैमा ढोका बाहिर उभिइरहेका गुप्तचरलाई आँखा सन्काउँदै देवेन्द्र साहूले मनिव्यागबाट सयको नोट झिक्दै उसको हातमा दियो ।

'जय जय होस् हजूर' भन्दै नोटलाई खल्तीमा राख्न के खोजेथ्यो गुप्तचरहरू आएर उसको हात ट्याप्प समाते । सर्जमिन मुचुल्का भयो । पैसा लिएको हैन भनेर कसैले बक्न सकेनन् । आखिर उसलाई समातेर कारवाहीका लागि लगियो ।

आफ्नो षडयन्त्र सफल भएकोमा देवेन्द्र साहू दङ्ग पर्दै हाकिमको कोठाभित्र छिरेर दुई हात जोड्दै भन्न थाल्यो – 'हजूर मेरो टिप्पणी स्वीकृत भयो कि ?'

'अँ ... भर्खरै गरिदिएको छु । बस्नुस् न देवेन्द्रजी ।' भन्दै हाकिमले भलाकुसारी गर्न थाले ।

'हेर्नुस् न आजकल त कस्तो ठण्डी बढेको ?'

'ब्याण्डी लगाउनु पर्छ हजूर !'

'कहाँ पाउनु यो महङ्गीमा ब्याण्डी ?'

'खै । हजूरले हामीलाई भनिबक्सन्न त ! हजूरको मुखबाट त्यस्तो कुरा सुन्नुपर्दा ज्यादै नरमाइलो लाग्यो आज' भन्दै हाकिमसाहेबको टेबुलबाट फोनमा कुरा गऱ्यो देवेन्द्र साहूले–'को बोलेको ?...अँ... सुन त ... माइलाको हातमा पाँच बोतल बेलायती ब्याण्डी र पाँच कार्टुन ५५५ चुरोट अहिल्यै ... सापको घर...मा पुऱ्याउन पठाउ त ।'

'आ... किन दुःख गर्नु'भाको देवेन्द्रजीले !"

'हैन हजूर के को दुःख ? यो त सेवा हो, मेरो सौभाग्य हो ।" भन्दै आफ्नो कागजात बोकेर देवेन्द्र साहू दुई हात जोड्दै कोठाबाट निस्क्यो ।

✧✧✧

Wishing a Very Happy And Prosperous on TheAuspicious Occasion of Dashain & Tihar 2057.

नेपाल-बैङ्क अफ सिलोन लि.

Nepal-Bank of Ceylon Ltd.

Head Office	:	Siddharthanagar, Rupendehi Tel: 071-21952/Fax: 071-21953
Kathmandu Main Branch	:	Bagbazar, Kathmandu, Tel: 2-46991/Fax: 2-44610
Barabise Branch	:	Barabise Bazar, Sindhupalchowk Tel/Fax (011) 62095
Lumbini Branch	:	Mahilawar, Rupandehi Tel/Fax : 71- 80152
Thankot Branch	:	Thankot, Kathmandu Tel : 3-11927/Fax: 3-11928
Banepa Branch	:	Banepa, Kavre, (Opening Shortly) Tel: 011-62076
New Road Branch	:	Newroad, Kathmandu (Opening Shortly)

कविता

यी कति ळक्षण

⇨ मधुसूदनप्रसाद घिमिरे

नाकमा छैन फुली उजाड सिउँदो माटा सरिको छ दाँत
गोडा छन् मसिना उदर अलि ठूलो उड्गल् सरिको छ छाँट
दाह्रा छन् दुइटा मुखाकृति बीचै मुखबाट बाहिरिन्छ दाँत
क्रोधी छन् मनले विषालु रीसको काली सरिको छ आँट ।

काला छन् दुईबाहु फ्यात्त परेका निलो छ गिंजा पनि
वक्षै छन् धवला उँधो झरी गए बोरा कसिए सरि
घीरौंलासरि नाक ट्वाक्क छ जहाँ गाला खवेटा परी
कङ्कालै सरिका बनावट ठूलो खट्पाउ गोडा भरि ।

थर्कन्छ भुइँ नै हिडाइ उसको केशराशी कैला ठूला
कोरी-बाटी पनि देखिन्न कहिले सधैं गुजुल्टो मुठा
पहिरन उनको अति निरगिणी छोटा मिडी लाउने
जाली झैं पनि लाग्छ हेर ! कपडा सर्वाङ्ग देखाउने ।

आँखा छन् कुहिरा अलि चिमचिमे उसमाथि साना नयन
आँखीभौं पनि जोडिएको उसको को गर्न सक्ला बयान
भेंडाको स्वर झैं उच्छ्वास छ गला सुन्यो कि तर्स्यो मन
नारीका सङ्गमा यी लक्षण भए कस्ती ती कन्या भन ।

◆◆◆

कविता

अक्षर-जुलुस

⇨ गगनदीप सर्व

मलाई थाहा नदिई
मेरा अक्षरहरू किन भूमिगत हुन खोज्छन्
o
कतै मेरा अक्षरहरू विरुद्ध कसैले
उचालेको हो कि
अथवा, कालोपट्टी बाँधेर विरोध गरेको हो ?
o
लाग्छ, कुनै दिन अक्षरहरूले
बन्दको आह्वान गर्न सक्छन्
भनिन्छ, अक्षरहरूभित्र ठूलो शक्ति हुन्छ
o
अक्षरहरूमा बाँचिरहेको म
थाहा छैन,
त्यसपछि मैले
आफ्ना सुख-दुःख कहाँ लुकाउने हो !
o
त्यसलाई मनाउन
आफ्नै छातीमा अक्षरहरूको जुलसु निकाल्न
म यतिखेर पोष्टर टाँस्दै हिंडिरहेको छु ।

– *काठमाडौं*

विजयादशमी तथा शुभ-दीपावली २०५७ को सुखद् उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग तथा शुभचिन्तकहरूमा हार्दिक मंङ्गलमय शुभकामना !

नगर विकास कोष

परिवार

नयाँ बानेश्वर, काठमाडौं

विजयादशमी तथा शुभ-दीपावली २०५७ को सुखद् उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाइ, दिदी-बहिनीहरूमा हार्दिक मंङ्गलमय शुभकामना !

मेरिनोल नेपाल "आशादीप"

(मानसिक बिरामीहरूको पुनःस्थापना केन्द्र)

नयाँपाटी, काठमाडौं

भेंटघाट

वेदकुमारी न्यौपानेसँग एकछिन

नाम : वेदकुमारी न्यौपाने
पेसा : सरकारी सेवा,
योग्यता: एम्. ए., बी. एड्.,
ठेगाना : गोरखा गाईखुर - ६

साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा कसबाट पाउनु भयो ?

→ २०३०–०३१ सालदेखि मैले कविता लेख्न थालेको हुँ र प्रेरणा सर्वप्रथम आफ्नै मनबाट पाएकी हुँ ।

सर्वप्रथम प्रकाशित रचना कुन हो र त्यो रचना कहाँ प्रकाशित गराउनु भयो ?

→ सर्वप्रथम प्रकाशित रचना मलाई अहिले याद भएन । तर सर्वप्रथम रेडियो नेपाल महिला कार्यक्रमबाट नारी दिवसको उपलक्ष्यमा २०३१ सालमा 'जसरी पनि ज्युनु छ' भन्ने कविता प्रसारण भएको थियो ।

हालसम्म कुन कुन पत्रिकाहरूमा रचनाहरू प्रकाशित भए ?

→ हालसम्म मधुमर्क, गोरखापत्र, दायित्व, युवामञ्च, मिमिरे, कान्तिपुर, राष्ट्रपुकार, गरिमा, तन्नेरी, रत्नश्री, गुन्जन, मनोभाव, दीपशीखा, प्रतिभा, कर्मचारी, अभिव्यक्ति, दिव्योपदेश, गोरखा गौरव, गोरखा वाङ्मय, उदय, नियोजन, गोलार्ध, तथ्यकथा, शिक्षा शौरभ, आयाम, नारी, झङ्कार, अन्तरङ्ग, शुभकामना स्मारिका आदि पत्रिकाहरूमा मेरा रचनाहरू प्रकाशित भएका छन् ।

तपाईंलाई मन पर्ने साहित्यकारहरू को को हुनुहुन्छ ?

→ व्यक्तिगत रूपमा एक दुई व्यक्तिको नाम लिन म चाहन्न । सिर्जना गर्ने स्रष्टा सबै साहित्यकारहरू मलाई मन पर्छन् ।

तपाईंको मुख्य साहित्य विधा कुन हो ?

→ लेख्न सबै विधा लेख्छु तर मुख्य रूपमा भन्नुपर्दा नाटक र कथा नै पर्दछन् ।

तपाईंको लेखनको आधार के हो ?

→ मेरो लेखनको आधार, समाज, सामाजिक, विकृति, विसङ्गति र समाजमा रहेका दुःखी र पीडित व्यक्तिहरू नै हुन् ।

रेडियो नेपालमा नाटकहरू प्रसारण गराउन कत्तिको मिहिनेत गर्नुपर्‍यो र कति प्रसारित भए ?

→ मैले २०४० सालदेखि रेडियो नेपालमा नाटक दिन थालेको हुँ । हालसम्म अन्दाजी एक सयभन्दा बढी नै नाटकहरू प्रसारण भइसकेका छन् । मैले नाटक प्रसारण गर्न कहिल्यै चाकडी गर्नु परेन । बरू नाटकको लागि मलाई आग्रह गरिन्थ्यो/गरिन्छ ।

तपाईंको नवप्रतिभाहरूलाई के सुझाव छ ?

→ नवप्रतिभाहरूलाई मेरो सुझाव यो छ कि मनमा हीनताबोध नराख्नोस्, सही लेख्नुहोस्, निरन्तर लेख्नोस् र भोलिका वरिष्ठ साहित्यकार तपाईंहरू नै हो ।

तपाईंका प्रकाशित कृतिहरू के के हुन् ?

→ मेरा प्रकाशित कृतिहरू:

(१) पूर्णिमाको जुन (कविता सङ्ग्रह) २०३६
(२) अर्को एउटा विद्रोह (कथा सङ्ग्रह) २०५२
(३) एउटा कथाको अन्त्य (पूर्णाङ्की नाटक) २०५३

साहित्यतर्फ लागेर भविष्यमा के के गर्ने लक्ष्य छ ?

→ साहित्यतर्फ लाग्नुमा कुनै लक्ष्य थिएन र अब भविष्यमा पनि यसमा लागेर केही गर्नेछु भन्ने कुनै लक्ष्य छैन । लेख्न सकुन्जेल लेख्दै जानु मात्र मेरो लक्ष्य हो ।

साहित्यिक कार्यक्रमहरूमा भाग लिने गर्नुहुन्छ कि हुँदैन ?

→ निमन्त्रणा गरेर बोलाएको कार्यक्रमहरूमा आफूले भ्याएसम्म जाने गर्छु ।

अन्त्यमा केही भन्न चाहनुहुन्छ कि ?

→ आजका कथा, कविता र नाटकका विषयमा आफ्नो धारणा अलिकति राख्न चाहन्छु । कथामा कथातत्त्व र लेखनशैली मुख्य आधार हुन् । तर कतिपय कथामा कथातत्त्व नै नरहेको र क्लिष्ट भाषाको प्रयोगले बुझ्न गाह्रो भएको अनुभव गरेको छु । समाजलाई नपच्ने र पढ्न मात्र सक्नेले नबुझिने कथा मलाई राम्रो लाग्दैन ।

कविताको बाढी आएको अहिलेको अवस्थामा कतिपय कवितालाई कविता भन्नै नमिल्ने पनि छन् । नबुझ्ने गरी लेख्दा स्तरीय हुन्छ भन्ने धारणा राम्रो होइन । नाटक विधा सुख्खा लागेको क्षेत्र हो । नाटकमा काल्पनिकता, नाटकीयता र प्रतीकात्मकता बढी पाइने भए तापनि आज प्रतीकात्मक रूपमा भन्नुपर्ने बाध्यता नभएकोले सामाजिक विषयवस्तुमा यथार्थपरक रूपमा सबैले बुझ्न सक्ने नाटक लेख्न सके यसप्रति सबैको रूची बढ्ने छ भन्ने मेरो विचार छ ।

प्रस्तुतिः अरूणबाबु खत्री "नदी",

कविता

मृत्यु-पत्र

⇨ प्रमोद स्नेही

सम्झनेलाई पनि सलाम, बिर्सनेलाई पनि सलाम
गीत गुनगुनाउँदै– संघार/संघार
कहिले सम्झना बोकेर
कहिले समवेदना बोकेर– पोखिदै पुग्छु
जब पढछन् पत्रहरू
कतै भत्कन्छ भीर जस्तै मन
कतै दोभान जस्तै जोडिन्छ जीवन
कतै आग्रह/प्रेम, कतै इर्ष्या/द्वन्द्व
आँधीहरू बीच
नौसय खोलाहरू तर्दै म हिंडिरहेंछु सधैं
नहारेर/नथाकेर
गाउँ/शहर
नयाँ पुराना बाटोहरू टेक्दै हुलाकी पन्छी जस्तै
जता पनि/जहाँ पनि पुग्छ ।
कसैको आफ्नो छन् र त लेख्छन् बारम्बार पत्र
कसैले आफ्नो ठान्छन् र त पठाउछन् चिठ्ठीहरू
कहिलेकाहीं सोच्छु एकान्तमा !
मेरा आफ्ना भन्ने को छन् र ?
पठाउछन् मेरो नाममा चिठ्ठी !
म हुलाकी !
अरूको नामको पत्र बाँड्दा बाँड्दै
स्वयं आफ्नो नाम/ठेगाना हराएर खोजिरहेछु
कोही पनि त छैनन् मलाई सम्झने मनहरू
अचानक आफ्नै नामसँग मिल्ने चिठ्ठी हात पर्दा
दुख्छ मन रातको छातीहरूमा
कुनैदिन निश्चय आउने छ–मेरो नाममा एउटा पत्र
मृत्यु–पत्र
सम्भवत: पर्खिरहेंछु
म हुलाकी
जता पनि जहाँ पनि पुग्नुपर्छ ।

– पुतली सडक

२०५७
विजयादशमी तथा शुभ–दीपावलीको
उपलक्ष्यमा समस्त नेपालीमा
हार्दिक मङ्गलमय
शुभकामना ।

गोपालकृष्ण आले
(अध्यक्ष)
धापासी गाविस परिवार, काठमाडौं

२०५७
विजयादशमी तथा शुभ–दीपावलीको उपलक्ष्यमा हाम्रा समस्त ग्राहक एवं शुभचिन्तक महानुभावहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

मथुराप्रसाद मास्के
(अध्यक्ष)
श्री डिष्टिलरी प्रा.लि.
अरूणखोला, नवलपरासी

धन्यो गृहस्थाश्रमः

❑ हरिहर प्रदीप घिमिरे

"हरि स्मृतिः सर्व विपद्धि मोक्षणम्" अर्थात् प्राणी मात्रको चित्तमा रहेका समस्त वासनाका विषाक्त विकृतिहरूलाई जरैबाट हरण गर्ने हुँदा 'हरिर्हरति पापानि दुष्ट चित्त गतैरपि' यस अर्थपूर्ण 'हरि'को सम्झनाबाट सही काम कर्तव्य निर्वाह गरी सत्यनारायण स्वरूप प्राणी मात्रमा सद्भाव गर्ने सज्जनहरूको संरक्षण हरिबाटै हुने गर्दछ । जस्तै – भक्त प्रह्लाद, राजर्षि अम्बरीष र दानवेन्द्र बली आदि । यस्तो परमकृपा प्राप्त गर्ने चाहना राख्नेहरूले महत्त्वपूर्ण यस मान्छेका जुनीको महत्त्व बुझेर विचार गरेर मोहले गर्ने काम कर्तव्य रहन-सहन, चाल-चलन र विधि व्यवहारको सावधानी पूर्वक निर्वाह गर्न सक्ने बन्नु पर्दछ । लापरवाही हुँदासाथ पलपलमा समय या कालरूपी कालो अजिङ्गरको मुखमा भित्र रहेका प्राणीको उद्धारको गुञ्जायस समाप्त हुँदै गई "पुनरपि जननं पुनरपि मरणं पुनरपि जननी जठरे शयनम्" (शङ्कराचार्य) अर्थात्– बारम्बार जन्मिने मर्ने असह्य नारकीय पीडाबाट व्याकुल भएर रोग, शोक, भोक, प्यासको दलदलमा धस्सिंदै रहनुपर्ने हुन्छ ।"पुनर्दरिद्र पुनरेव पापी" (गरुडपुराण) ।

यस्तो असह्य दुःख र दुर्भाग्यको नरककुण्डमा पतन हुनबाट जोगाउने र जोग्गिन चाहनेहरूले संसार र व्यवहारका विषयहरूलाई उपभोग गर्ने बानी हटाएर उपयोग गर्ने बानी बसाउनु या अभ्यास गर्नु पर्दछ । जसको उपयोगी बानी बसेको छ त्यही योगी हो र त्यस्ता साधकको रेख, देख (योग क्षेम) श्रीहरि स्वयं गर्नुहुन्छ । यही वाचा गीतामा श्रीकृष्ण भगवान्ले गर्नुभएको छ – "तेषां सतत युक्तानां योग क्षेमं वहाम्यहम्" यस्तो सौभाग्य प्राप्त गर्नको निमित्त साधकले अर्काको हक हनन नहुने गरी आफ्नो अधिकारको मर्यादामा रही लोक वेद र कुल धर्म या काम कर्तव्य पालना गरी मर्यादित र अनुशासित या आचार विचारमा रहनु पर्दछ । यही सत्कर्म नै धर्म हो जसबाट भक्ति ज्ञान र वैराग्य सशक्त बनेर मनमा निवास गरी गुरु कृपाबाट गोविन्द समक्ष पुऱ्याउँदछन् । जुन काम गर्नाले अरू कसैको अहित नहुने र स्वयंलाई कर्तव्य पूरा गरेको सन्तुष्टि मिल्दछ त्यही मानव धर्म हो । यसैबाट ईश्वर खुसी हुनुहुन्छ –"स वै पुंसां परोधर्मः यतो भक्ति रधोक्षजे... आत्मा सं प्रसीदति" (श्रीमद्भागवत २/६) त्यसकारण एक चित्त भएर सदा सर्वदा भगवान्को कथा सुन्ने कीर्तन गर्ने सुनेका कुरा सम्झना गरी सत्य निर्क्योल गरी म मेरो भाव छाडी ईश्वरको अनुशासनमा समर्पित भै सबैमा ईश्वर दर्शन गर्दै जीवन मुक्त भै ब्रह्मानन्द प्राप्त गरी जीवन सार्थक बनाउने मानव जीवनको अन्तिम लक्ष हो । "जन्मलाभः परःपुंसामन्ते नारायण स्मृति" (भा.२/१/६) आफैमा रहेको हृदयावासी हरि जो अरू सबैमा पनि छ त्यसको उपेक्षा गरेर पैसालाई परमेश्वर सम्झी भाडाका टट्टु बनेर बेचिने नराधम तथा विष बेच्नेदेखि छोरी र श्रीमती समेतको व्यापार गरेर मोज मस्ती गर्ने द्रव्य पिशाचहरूबाट जति सुकै सुनको लङ्का बनाए पनि वा इन्द्रासनको प्रतिष्ठा पाए पनि सुख सन्तोष या शान्ति स्वप्नमा पनि नपाउने तथ्य हिरण्यकशिपु, रावण र कंश आदिको दुर्गतिले स्पष्ट पार्दछ । जसले अर्काको थिचोमिचो गर्दछ उसले सुख शान्ति पाउँदैन" (भा.३/२९/२३) भगवान् कपिलदेव भन्नुहुन्छ आमा "जसले धन मान या बलको घमण्डले अरूसँग रीस राग र छलकपट गरेर दुःख पुऱ्याउँछन् त्यस्ता अपराधीले देखावटी कर्म गरे या धर्म गरे पनि खरानीमा हवन गरे झैं निरर्थक हुने छ । भयङ्कर नरकवास गरी कालका गास बनी नै रहनेछन् । (भा. ३/२९/२२ –२५ तथा ३/३०/३३) ।

अत: "मैं खाऊँ मैं लाऊँ सुख सयल वा मोज म गरुँ..." भन्ने जस्ता राक्षसी बुद्धिमा नलागेर मनुष्य चोलाबाट कसको के उपकार सेवा गर्न सकिन्छ भन्ने सेवाभाव जगाएर सबै प्राणीमा समान दृष्टि अर्थात् ईश्वर छन् भन्ने विश्वास बलियो बनाएर सहयोगी बन्दै सबैसँग सद्भाव बढाई समाजमा रहेका विकृति र विसङ्गतिलाई हटाउँदै, सुधार गर्दै, संस्कार गर्दै जान सकियो भने अवश्यमेव जीवनमा आनन्दको अनुभव प्राप्त हुनेछ । समाजको आस्था श्रद्धा र विश्वास लिन सफल यस्ता महात्माहरूबाट त्यो परिवार परिसर या राष्ट्र नै गौरवान्वित हुनेछ, धन्य हुनेछ, सुख हुनेछ । लाभ- हानी, मान-अपमान यी सबै सपना जस्तै मानेर भएका हुन् । नमान्दा साथ नरहने हुँदा नाशवान् त्यसकारण जड वस्तु हुन् नित्य, शुद्धबुद्ध सत्य आत्माका साथमा यिनको सम्बन्ध डोरीमा सर्प झैं भ्रम या भावना मात्र रहेछ भन्ने सत्य ठहर गर्नेहरूले मात्र सुख पाउँदछन् ।

यसै मानव धर्मको परिपालन गर्ने राजा रामले मर्यादा पुरुषोत्तम भगवान्को रूपमा जनआस्था प्राप्तगरी मानव सभ्यतालाई परिपूर्ण पारेको अमरकथा रामायण हाम्रो आदर्श गौरवगाथा हो । त्यस्तै बहुमुखी प्रतिभा सम्पन्न नन्दनन्दन वासुदेवलाई विश्वका मानव शास्त्रीहरूले 'कृष्णस्तु भगवान् स्वयम्' 'पूर्ण ब्रह्म सनातनम्' (वेदव्यास) पूर्ण ब्रह्मको रूपमा अगाध श्रद्धा र भक्तिभावले सम्मान गर्ने गरिएको छ । यस्तो तब मात्र सम्भव हुन्छ जब उसले सम्पूर्ण वेद लोक र कुल मर्यादालाई पालना गरी समग्र आफ्नो कर्तव्य र दायित्व निर्वाह गर्दछ र गृहस्थाश्रममा प्रवेश गर्दछ ।

श्रीमद्भागवतको आधारमा अर्घाखाँची खिदिमका प्रकाण्ड विद्वान् दधिराम मरासिनीद्वारा रचित 'श्रीकृष्णाद्भूत चरित्र'मा गृहस्थाश्रम सम्बन्धि वर्णनको प्रसङ्ग यहाँ उल्लेख गर्नु उपयुक्त हुनेछ – धर्म, अर्थ, काम र मोक्ष रूप पुरुषार्थ चतुष्टय प्राप्त गर्ने साधना केन्द्रको रूपमा रहेको गृहस्थाश्रम जसलाई नारी आश्रमको रूपबाट पनि बुझिन्छ । यसको महत्त्व र वास्तविकताको अध्ययन गर्ने उत्कट अभिलाषा नारदजीको मनमा बढ्नु स्वाभाविक थियो । पति पत्नीको सुमधुर समझदारीबाट सच्चरित्र सन्तान र समाजको निर्माण हुने सदाचारको केन्द्र गृहस्थाश्रम जसमा समझदारी नहुँदा अविश्वास र अनास्थाको ज्वालामा तहस नहस हुन वेरै नलाग्ने । तँभन्दा म के कम भन्दै आफ्नो कुल र मूलप्रति अनास्था र अपमान गर्दै आ-आफ्नै धाक रवाफमा कलहको राँको सल्काई अबोध सन्तानको भविष्य नै अन्धकार बनाउने कलिका कलङ्कहरूको मात्र कुरा होइन कंस, रावण, वेन, हिरण्यकशिपुहरूका धुन्धुकारी क्रियाकलाप र समाजले भोग्नु परेका नृशंश तथा क्रुर यातना त्यतिमात्र कहाँ हो र स्वयं पितामहको तुवाँलोमय स्वरूप र लक्ष्मीनारायण गङ्गा-सरस्वती आदिले जल शिला तुलसी (झार) आदि बन्नु परेका असमझदारी र अहंका परिणाम जसमा स्वयं सती देवीले समेत आत्माहुति गरी बलिदानी इतिहासको प्रारम्भ गर्नुपर्‍यो । यदि यस्तै हो र यही हो भने गृहस्थाश्रमको औचित्य के रह्यो नारदको जिज्ञासा यसरी नै बढीरह्यो ।

महात्मा नारद यसको यथार्थ अध्ययन गर्ने स्थान भगवान् द्वारकाधीशको समुन्नत र वैभवशाली द्वारका जहाँ अनेकौं जात, कुल, रूप, रङ्ग र औकातका सोह्रहजार एकशय आठ श्रीकृष्णका रानीहरूका साथमा श्रीकृष्णले गृहस्थजीवनको साधना गरिरहनु भएको थियो । मनमा अनेकौं सन्देह र जिज्ञासा लिएका महात्मा नारद – 'हो कि होइन त्यो बुझौं उहीं गई जानै पर्‍यो द्वारिका' भन्दै द्वारिकामा पुगी रुक्मिणी रमणको "सौन्दर्य वर्णन सकिन्न गरेर" भन्दै स्नेह र सौजन्यताको दोभान रूप लावण्य र वैभवको महासागरमा नारद प्रभु दर्शनमा विह्वल हुनु भयो । भक्तवत्सल भगवान्ले महात्मा नारदलाई भक्तिमा चुर्ल्लुम्म भएको देख्नासाथ स्वागत सत्कार गरी पाउधोई अभिशेष गरी कनकासनमा लगेर राख्नुभयो' भन्दै श्रीकृष्ण भन्नुहुन्छ –

'खाली जगहित निमित्त शरीरधारी
विद्या तपो जय दया निधि निर्विकारी ।
यस्ता मुने हजुरले घर कुल्चिदामा
यो जन्म भो सफल आज अनेक जनम्मा ।'

यसरी ब्राह्मण वा विद्वान्लाई आदर सम्मान गरेर प्रत्येक महारानीहरूका घर कुल्चिदिएर पवित्र

पारिदिन जब अनुरोध गर्नुभयो, फलस्वरूप सम्पूर्ण महारानीहरूका साथमा छुट्टाछुट्टै रूपमा एकै समयमा अनेकौं प्रकारका गृहस्थीका कर्मधर्ममा संलग्न रही गृहस्थाश्रमको धर्म भनेको कर्म गरेर मात्र पूरा हुन्छ भाषण गरेर होइन भन्ने प्रमाण कर्मयोगी श्रीकृष्णले महात्मा नारदको जिज्ञासा पूरा गरिदिनु भयो । यसरी –

'ती अर्को दरबारमा जब गया श्रीकृष्णलाई तहाँ
देख्या बालख काखमा लि खेलवाड् गर्थ्या प्रभुले जहाँ
काहीं ब्राह्मणको गरेर वरणी अत्यन्त सत्कार गरी
शुद्धाचार लिएर दीक्षित भई यज्ञै ती गर्थ्या हरि
स्नान् सन्ध्या गरीपाठ पूजन पनि पाँच देवताको गरी
गर्थ्या ती वलिवैश्वदेव अरू नै दर्वारमा श्री हरि
क्वै दरवारमहाँ ललाटबीचमा भस्म त्रिपुण्डै धरी
सन्ध्योपासन गर्दथ्या कुश लिई रुद्राक्ष माला धरी
भोजन ब्राह्मणको गराई सबको पुरा मनोरथ गरी
आज्ञा ब्राह्मणदेखि मागि हरिले पूरा त अमृत्सरी

+ + +

माता पिता गुरुहरू कन भक्ति साथ
सेवा कही विनय पूर्वक लोकनाथ
गर्थ्या कसो छ कुन वस्तु विषे छ इच्छा
के गर्नु पर्छ मछु दास भनेर भन्थ्या

यसरी श्रीहरिले अनेकौं कर्म गर्दै जोडी मिलाई छोरीको विवाह गराई घर पठाइने बखत्मा अर्ति दिदै भन्नुहुन्छ–

'नरोउ तिमी बाबु जाउ घरैमा
गरौं के चलन् यै चलेको छ लोकमा
सबैलाई देखी तिमी मन् बुझाऊ
वसेको छ माइतिमा को बताऊ

+ + +

त्यस्तै पढ्न गएका विद्यार्थी छोरालाई पत्र लेख्दै भन्नुहुन्छ–

आफ्नो जो छ इलम् निकै मन दिई त्यसको विचार खुप गरे
कुल्इज्जत् समझी कुकर्म तिरको वास्तै नमन्मा लिए
निद्रा जित्नु नसुत्नु बाबु बहुतै दिनमा बिहानमा पनि
निद्रा शत्रु कहिन्छ मुख्य जनको बुद्धि विनास्ने पनि
गुण्डाका सँगमा नलाग्नु गफिका सङ्मा नलाग्नु कवै
गुण्डाको गफिको कुसङ्गत हुँदा गुण नाश हुन्छन् सबै ।

यसरी नारदले भगवान् श्रीकृष्णका सबै दरवारमा एकै साथ अनेकौं रूपमा सम्पूर्ण व्यवहार स्वयंले गरेर आर्दश गृहस्थीका धर्म निर्वाह गर्दै सबैलाई सुखी र सन्तुष्ट पुऱ्याएको प्रत्यक्ष अध्ययन गरी परमात्माको रूपमा बुझेर नारदले शरण परी मैले हजुरको महिमा नबुझेर सन्देह गरी परीक्षा लिने धृष्टता गरेकोमा क्षमा पाऊँ भन्दै सबै आश्रमहरू मध्येको सर्वश्रेष्ठ यस गृहस्थाश्रममा जसले आफ्नो कर्तव्य पूरा गरेर ईश्वरको सेवा भक्ति गर्दछन् ती जीवनमुक्त कर्मयोगी हुन्छन् भन्दै भन्नुभयो – 'धन्यो गृहस्थाश्रमः' ।

"सामुदायिक वनबारे आफूले पनि बुझ्नौं,
साथीलाई पनि बुझाऔं ।"

करीव दुई दशकअघि शुरु भएको सामुदायिक वन कार्यक्रमबाट हालसम्म नेपाल अधिराज्यभर नौ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरू गठन भई दशलाख भन्दा बढी घर परिवार यसका सदस्य भई लाभान्वित भएका छन् । यसरी करिव सात लाख हेक्टर जमीन सामुदायिक वनको रूपमा हस्तान्तरण भइसकेको छ । यो प्रक्रिया दिन-प्रतिदिन बढ्दो छ । यस कार्यमा हामी सबैको समान सहभागिता अपरिहार्य छ ।

कतै तपाई त छुट्नु भएन ?

आउनुस्, आफ्नै गाउँघरमा रहेको जिल्ला वन कार्यालय, इलाका वन कार्यालय तथा रेन्ज पोष्टबाट सामुदायिक वन तथा यसको गठन प्रक्रियाबारे सम्बन्धित वन प्राविधिकबाट जानकारी लिन ढिला नगरौं । यस प्राकृतिक सम्पदाको व्यवस्थापन गर्ने हामी सबैको दायित्व हो ।

वन विभाग
सामुदायिक वन महाशाखा
बबरमहल, काठमाडौं ।

कविता

केही दुत्रत्रटात्री

⇨ निर्मल अर्याल

सोच्न थालें जीवन व्यर्थ
जसको होला आफ्नै स्वार्थ
बुझ्न नसकी यसको अर्थ
पहिल्याउँनै सकिनँ आफ्नो स्वार्थ ।

oo

के भयो र के भएन
मलाई कुनै होश भएन
निरन्तरको गडबडीले
ममा कुनै जोश रहेन ।

oo

यसैबीच तिमी आयौ
मन-मस्तिष्कमा तिमी छायौ
कुन्नि कस्तो जाल बिछायौ
मलाई फेरि होशमा ल्यायौ ।

oo

त्यसैले म अब भन्छु
जीवनसँग लड्छु लड्छु
लडाईमा जित्छु जित्छु
चन्द्रमालाई छुन्छु छुन्छु ।

गजल

⇨ बुद्धिसागर चपाई

जीन्दगीमा केवल पाएको छु घातहरू ।
आफ्नै कर्म लेख्न उद्याएको छु हातहरू ॥

दिन बित्छ रात बनी, रात त रातै भो ।
बिहानीको लालीसँगै पाएको छु रातहरू ॥

न निदाएरै मैले देखेको छु सपनाहरू ।
न पिउँदा न पिउँदै पाएको छु मातहरू ॥

सहारा खोजी सबैको दैलोदैलो चहार्दा
छातीभरि आफन्तकै पाएको छु लातहरू ॥

कविता

गीत

⇨ रमेशजङ्ग सिजापति

माटोलाई बिर्से होला पो के उन्नति
अस्तित्व बेचे हो नै पो के सम्पति ।

छदै नै छ नि प्राण माटो छ त हाम्रो शान
हाँसोसँग होइन, माटोसँग रहोस् प्राण ।

के कम छौं हामी कैले परत्र टिक्न दिएनौं
स्वार्थको लागि हामी कैले कदापि पछि हटेनौं ।

आमाको काखमा हुन्छ खोले र फाडो अमृत
बिर्से त कहाँ हुन्छ माटो जन्मी हुर्केको सपुत ।

श्रम देऊ मोटोमा फुल्दैन कहाँ चाहीं सुन
राख देश छातीमा खेल्दैन कहाँ चाहीं जून ।

– भक्तपुर

कविता

'सन्देश'

⇨ आत्माराम ढुंगाना

आमाका स्तनमा लुब्ध भएका सन्तति सब
हिमाल काख पाखा र तराइ भरिए अब
फलाक्छौं गौतम शान्ति क्षेत्र सीताभूमि भनी
हाम्रा छन् नगरी राम्रा कला कौशल मन भरि ।

दुःखमा पनि साथै छौं सुखमा पनि सेवक
जाँगरका भरमा बाँच्छौं निस्वार्थी भई मर्दछौं
आकांक्षा शत्रु हो हाम्रो त्याग है शान्ति मिल्दछ
उद्यत छौ नर-नारी हो जाग लौ देश बन्दछ ।

- ताथली, भक्तपुर

लघुकथा

रिठ्ठे गाउँ फर्किंयो

❑ ध्रुव रहम

रिठ्ठे आजभन्दा पन्ध्र वर्ष अघि काठमाडौं आएको थियो । आज फेरि काठमाडौं आइपुग्दा उसलाई निकै रमाइलो लाग्यो । उसबेला काठमाडौंमा थोरै घरहरू थिए र सडकमा दुई-चार मात्र गाडीहरू गुडेका हुन्थे तर आज त काठमाडौंमा हजारौं हजार कलकारखाना उद्योग धन्धा र मोटरहरूको सामिप्यले सिङ्गो काठमाडौं शहर निसास्सिरहेको झैं लाग्यो ।

यसरी काठमाडौंले आफ्नो अनुहार पूरा फेरिसकेको हुँदा उसले बिहानको छ बजेदेखि अहिलेको सात बजेको समयावधिसम्ममा पनि उसले आफ्नो भतिजोको कोठाको भेउसम्म पाउन सकेन । अन्तमा विवश भएर आजको रात वसन्तपुरमै बिताउने निधो गऱ्यो । मन्दिरको नजिकै बसेर रङ्गीचङ्गी काठमाडौं हेर्दाहेर्दै उसका आँखा बिझाउन थाले र उसलाई खोकी पनि लाग्न शुरु भयो । त्यतिकैमा क्रमशः रात पर्दै गयो र उसलाई खोकीले छोड्दै छोडेन र अन्तमा आफ्नो पोकोपन्तरोलाई सिरानी हाल्यो र सुत्यो ।

भोलिपल्ट चार बजे ब्युँझिदा त उ सर्वाङ्ग लगौटी बाहेक नाङ्गो भएको रहेछ । उसको पैसा, कपडा र पोका पन्तरा सबै हराएछन् । यसरी वसन्तपुरको मध्यभागमा रिठ्ठे आँखा मिच्दै खोक्दै नाङ्गै बसिरहेको देखेर मानिसहरूले उसलाई भिखारी सम्झेर एक-दुई रुपैया फ्याँक्दै जान थाले । यो कुरा रिठ्ठेलाई थाहै भएन किनकि उसका आँखा वरिपरिको धुलो धुवाँ र फोहोर-मैलाको दुर्गन्धले बिझाइरहेका थिए र खोकीले पनि त्यतिकै मात्रामा सताइरहेको थियो । अन्तमा विवश भएर लगौंटीको फेरले आँखा पुछ्दै हेऱ्यो । हेर्दा त अगाडि पैसैपैसा ! यो देखेर खुसीले सबै पैसा सोहोरेर गन्न खोज्दा आँखामा धुवाँ र धुलोको पिरोले गन्नै सकेन ।

यसरी रिठ्ठेको यो हविगत देखेर नजिकैको युवकलाई दया लागेछ क्यारे ! सबै पैसा गनेर रिठ्ठेलाई दियो । रिठ्ठे खोक्दैखोक्दै लगौंटीको फेरले आँखा पुछेर हेर्दा त आफ्नै भतिजो रहेछ ।

रिठ्ठे खुसी हुँदै भन्यो – भतिज ! मेरो भतिज ! रिठ्ठेको बोली सुनेर भतिजले पनि आफ्नो काकालाई चिन्यो र भन्यो – 'काका तपाई यहाँ यो अवस्थामा' ! त्यसपछि भतिजोले मुखमा लगाएको 'माक्स' खोलेर काकालाई दियो र लगाएको एउटा सर्ट पनि फुकालेर लगाइदिंदै भन्यो – 'काका जाउँ मेरो कोठामा ।'

माक्स लगाएपछि उसको खोकी अलि बन्द भयो र उ भतिजोको आग्रहलाई अस्वीकार गर्दै घर फर्कन सरासर बसपार्कतिर लाग्यो ... । ◆◆◆

With best compliments on the Happy Occasion of Vijaya Dashami & Deepawali 2057

UNIVERSAL TOURS AND TRAVELS (P) LTD.

GSA KOREAN AIR

P.O.Box. 939, Tel: 252048/252049/252050

Kantipath, Kathmandu

नव-प्रतिभा

पूरा गर्नुछ

⇨ मीना पन्थ

दीन दु:खीको सेवा गरी
गरीबको उद्धार गर्नुछ
हातमा हात काँधमा काँध मिलाई
उद्देश्य हाम्रो सेवा गर्नुछ ।

जात धर्म लिङ्ग र भेदभावका
सीमा र पर्खाल तोड्नुछ
एक गास खान नपाई सडकमा पल्टिएकालाई
कल्याण हामीले गर्नुछ ।

रगत र अङ्गदानको निस्वार्थ सेवाले
कसैलाई बाँच्ने सहारा दिनुछ
असहाय अनि अशक्तको साथी बन्दै
अघि बढ्ने काम गर्नुछ ।

अन्याय र अत्याचारमा पिल्सिएकालाई
सच्चा प्रेम, स्नेह र न्याय दिनुछ
बगिरहने तृष्णाका नदीहरू रोक्दै
अन्यायका विरुद्ध लड्नुछ ।

मुसुक्क हाँस्ने हिमालहरूको देशलाई
विश्वशान्तिको नमूना बनाउनुछ
शहीदले दिएका उपदेश र देशभक्तिलाई अँगाल्दै
देशको शिर उच्च पार्नुछ ।

– बलेटक्सार, गुल्मी

'गजल'

⇨ केदारप्रसाद सुवेदी

वाचा बाँध्न छोडिदिएँ कसम खान थालेको छु ।
धोकाको गन्धसँगै मात पिउन थालेको छु ।

विरहको संज्ञा दिन लामैदारी राखेको छु
बोलचाल गर्न छोडी दिएँ एकान्तलाई पालेको छु ।

मखमलको कफनले जल्दो छाती टालेको छु ।
विरहको ज्वाला सँगै 'केसु'लाई बालेको छु ।

- धादिङ्ग

गीत

⇨ दीपेन्द्र 'दीनदु:खी'

बगरको ढुङ्गा भो जिन्दगी
सागरमा घोप्टेको डुङ्गा भो जिन्दगी ।

दौरा टाल्यो रिसाउँछ पापी भोटो
दीनदु:खीको कर्मै रै'छ खोटो,
धागो चुडिएको चङ्गा भो जिन्दगी
सागरमा घोप्टेको डुङ्गा भो जिन्दगी ।

आफैसँग हारिसकें मैले त जुवा
शत्रु भा'छ मसानबाट उठेको धुवाँ,
ओइलिएको फूलको थुङ्गा भो जिन्दगी
सागरमा घोप्टेको डुङ्गा भो जिन्दगी ।

- खोटाङ्ग

जो परिश्रमी छ, जो कर्मठ छ, त्यही नै ईश्वरको प्यारो हुन्छ – *ऋग्वेद*
असल कर्म गर्नेको यसलोकमा र परलोकमा कहिं दुर्गती हुँदैन – *गीता*
त्यही मानिस धार्मिक हुन्छ, जो आफू या अर्काको निमित्त त्याग गर्न सक्छ – *गौतमबुद्ध*

कथा

अतृप्त सपना

❑ टंक भट्टराई

"उफ ! कति पिरोलेको सम्झनाले, अब त बहुलाही नै हुन आँटिसकें । ऊ मरेको पनि निकै वर्ष भैसक्यो । ०४६ सालको आन्दोलनमा प्रजातन्त्रको लागि लड्दा-लड्दै मरेको ऊ । त्यतिखेर म १८ वर्षकी थिएँ । उसैको सम्झनाले सताएर मलाई वि.ए. पास गर्नै पनि धौ-धौ पऱ्यो । बहिनीहरू सबैको बिहा भैसकेर तीन-चारोटाकी आमा भैसकेको - तृष्णा टेबुलबाट ऐना उठाएर हेर्छे । 'गालामा एक-दुइवटा धर्सा शुरु हुन लागेछन् तर अझै पनि मेरो रूप दखेर कति लोभिन्छन् ठिटाहरू । मलाई पाउन धेरैले प्रयास गरिसके, चिठ्ठी सङ्कलन गरेर राखेको भए एक थुप्रो भैसक्थ्यो होला । सबैले मलाई घमण्डले चूर भएकी, हठी, नाप्पिएकी र आदर्श छाँट्ने केटी भन्छन् । ठिकै पनि हो, मेरो मन तिनीहरूतिर कहिल्यै फर्केन, म तिनीहरूप्रति कहिल्यै आकर्षित भइनँ ।' ऊ एकोहोरो सोची रहन्छे – 'तर मैले के जित्नु छ के पाउनु छ मेरो हृदयको राजा त मरिसक्यो । मेरा दौतरीहरू कति मोजमस्ती गरेर हिंड्दैछन् । आफ्ना खसमसँग सडकमा मुस्कुराउँदै हिंड्छन् । तिनीहरूले जवानीको मोज कति लुटीसके । कोठामा श्रीमान्सँग जिस्कँदा हुन्, एक-अर्काका गालामा प्याट्ट-प्याट्ट हान्दा हुन् । छि ! म ता ! मेरो बैंस त्यसै गयो, बगेको पानी र मान्छेको जवानी आउँदैन भन्छन् । ऊ नमर्नु थियो मऱ्यो, उसलाई सम्झेर के फाइदा ! अब म दिनदिनै खस्कँदै जान्छु, गालामा मुजा पर्न थाल्छन् उमेरमा त्यस्ती हट्टाकट्टा म, अहिले खिएर यस्ती भैसकें उसैको सम्झनाले । तर ऊ मेरो मनको सिंहासनबाट किन हट्न सकेन ? मेरो भावनाको चौघेराबाट किन हामफाल्न सकेन ? जवानीको उर्लंदो भेलमा बहकिएर म जस्ता कति ठिटीहरू पिपलपाते माया गाँस्छन् – कहिले एउटासँग, कहिले अर्कोसँग अनि कतिले जीवनलाई बर्बादीको खाडलतिर धकेल्छन् । के जीवन त्यति सस्तो छ र ? त्यति मूल्यहीन छ र ? मेरो ऊ मलाई स्कुले जीवनदेखि नै कति कुराहरू सिकाउँथ्यो । वास्तवमा ऊ मेरो शिक्षक पनि हो । ऊ भन्थ्यो – 'संसार पापीहरूको साम्राज्य हो, दुर्जनहरूको किल्ला हो । अन्याय सहेर बाँच्नु भनेको पशुसरह जीवन बिताउनु हो, भोग विलास मात्र जीवन होइन, ऐश आराम मात्र जीवन होइन । जीवन भनेको त सङ्घर्ष हो । हामीले आफ्नोलागि होइन अर्कैको लागि बाँच्न सिक्नुपर्छ, सुन्दरता त्यसैमा हुन्छ, सुन्दर विचार नै अमर जीवन हो, जो कहिल्यै मर्दैन । उसले मलाई यिनै कुराहरू भनेको थियो । त्यसैले मेरो आत्मा त्यति कमजोर हुन सकेन । मेरो विचार बगरको बालुवा हुन सकेन ।'

ऊ दराजबाट एलबम निकाल्छे । उसको प्रियतमको फोटो हेर्छे र विचारमग्न हुन्छे – 'यो उत्साही युवक, यो जोशिलो ठिटो अहिले कहाँ गयो ?' ऊ फोटोलाई स्वाई खान्छे । 'कठै - मेरो राजा ! तिमी बाँचेको भए ...। मैले बिहै नगरी यो कलिलो उमेरमा विधवा हुन पऱ्यो । तिमीले मलाई सम्झेका छौ ! छैनौ होला–त्यो स्वर्गको बगैंचामा । आऊ मलाई पनि लैजाऊ, म तिमीलाई पाउन आतुर छु । यो तिम्रो वियोग वेदनाले छटपटाएकी प्रेमिका तिमी मरे पछि पनि प्रेममा धोका दिन्न, यो तृष्णा सच्चा प्रेम गर्न चाहन्छे । तिमी माटोको मायाले लड्यौ, तिमी दुनियाँको मुक्तिको निम्ति मऱ्यौ । तर तिमी मरेका छैनौ जबसम्म यो देश रहन्छ । तिमी अमर छौ, मेरो प्रीय !

रात निकै छिप्पिसकेको छ । तृष्णालाई निद्रा आउँदैन । आवस् पनि कसरी ? उसको मनको प्रेम सत्तामा राज्य गरिरहेको एउटा मृत ! सङ्ग्रामी योद्धाको जीवन्त स्मृतिले उसलाई सताउनसम्म सताएको छ । ऊ अविचल छे । उसलाई विवाहको लागि बाबु-आमा, दाजु-

भाइ र नाताकुटुम्बहरूबाट थुप्रै-थुप्रै प्रस्ताव आउँदा पनि ऊ अलिकति पनि डगमगाउँदिन । उसको प्रियतम, देशको शहीद यो धर्तीबाट बिदा लिएको यत्रो वर्ष बितिसक्दा पनि उसको हृदयमा जन्मेको प्रेमको धरोहरमा अलिकति पनि धमिरो लागेको छैन । त्यसैले मलाई सबैले पागल भन्न थालिसकेका छन् । शहीदलाई सम्मान गर्नु, शहीदलाई प्रेम गर्नु यो देशमा पागलपन ठहरिन्छ । बरु मैले त्यतिखेर मर्नुपर्थ्यो । मेरो उसले मलाई पनि किन युद्धभूमिमा लगेन ? मलाई किन मर्न दिएन ?'

ऊ निदाउन बल गर्छे । कता-कताबाट अदृश्य अचेतन शक्ति आएर उसलाई छोप्छ र ऊ निदाउँछे । यत्रो वर्षपछि आएर बल्ल-बल्ल उसको ऊ सपनामा साक्षात्कार हुन्छ । ऊ एक्कासी उसलाई अँगालो मार्छे, असङ्ख्य चुम्बन खान्छे र भन्छे – 'मेरो राजा ! मेरो देउता ! तिमी यतिका दिनसम्म कहाँ गयौं ? मलाई पनि लैजाउ तिम्रो स्वर्गमा । यो भीड र कोलाहलमा मलाई विधवा तुल्याएर नराख । तिम्रो सुन्दर शान्त नगरीमा लगेर मलाई वरण गर । सिउँदो सजाइ देऊ । चुल्ठा भरी भरी प्रेमका सुन्दर फूलहरू सिउरी देऊ । प्रिय ! मलाई त्यहीं लैजाऊ । म यहाँ बस्न सक्तिन । यहाँ तिम्रो बलिदान व्यर्थ भयो । तिम्रो सपना मूल्यहीन भयो । तिम्रो रगतमा होली खेल्नेहरू तीनैको आज रजाइँ छ, चकचकी र दबदबा छ । तिम्रो रातो रगत सडकमा अझै पनि आलै छ, तातै छ । रगतको वरिपरि दुर्गन्धित कीराहरू भुनभुनाइरहेछन् । मेरो प्रिय ! मलाई त्यहीं लैजाऊ, म यहाँ बस्न सक्तिन । मलाई वरण गर– तिम्रै स्वर्गमा ।'

उसको ऊ पनि उसलाई काखमा प्रेमले लुटपुट्याउँदै र असंख्य चुम्बन गर्दै भन्छ – 'तृष्णा यो मुलुकमा हाम्रो रगतको सम्मान भएन, बलिदानको मूल्य भएन । सत्तामा पुग्नेहरू आफूमात्र अघाउन थाले । अघाएकाहरूले अरूको पेटमा भोकको सारङ्गी बजेको सुनेनन् । हजारौं रूपियाँको आभूषणले सज्जित नेताका आँखाहरूले अरूको नाङ्गो आङलाई छिचोल्न सकेनन् । परिवर्तनको नाउँमा यहाँ सिर्जनाका फूलहरू फुल्न सकेनन् । मातृत्व र बन्धुत्वको हरियो दुबो मौलाउन सकेन, गरीबका पसीनाले कोशी कालो भएर बगेकी छन् । शोषित, पीडित, निर्धा र निमुखाहरूको आँशुले गण्डकी नुनीलो भएर बगेकी छन् तर हजारौं नेपालीको रगतले कर्णाली रातो भएर बगेकी छन् । हामीले अपेक्षा गरेको स्वर्गको फूलवारी बन्ने देश नरकको महाकुण्डमा परिणत भैरहेछ । त्यसैले तृष्णा ! मजस्ता थुप्रै शहीदहरूको आत्माले शान्ति पाउन सकेन । पार पाउन सकेन । हाम्रा रगतका छिर्काहरूबाट यो धर्तीमा प्रेमको अरुणिमा उदाउन सकेन । ऊ हेर त ! हाम्रो रगत नसुक्दै त्यो सडक कति अशान्त छ, दुर्गन्धित छ र कोलाहलमय छ ! त्यसैले मेरी प्रिया ! कुन खुसीको सिन्दुरले म तिम्रो सिउँदो रङ्गाइदिऊँ ? कुन सन्तुष्टिका प्रफुल्ल भावनामयी पोतेका दानाले तिम्रो गलो सजाइदिऊँ ? कुन हर्ष र उन्मादको रङ्गीन फूलहरू तिम्रो चुल्ठोमा सिउरिदिऊँ अनि आनन्दीका सुन्दर मझेरीमा हामी सुहागरात मनाऊँ ?'

ऊ पुनः भन्दैजान्छ – 'तृष्णा ! यो नरककुण्डमा म तिमीलाई वरण गर्न सक्तिन । बरु तिमी यहाँ आऊ तर अन्याय सहेर होइन, जीवनदेखि हारेर होइन मुक्तिको लागि फेरि लडेर आऊ । पीडा पिएर नबस, निर्जीव भएर नबस । देशले फेरि रगतको माग गरे दिएर आऊ, कञ्जुस्याइँ कत्ति नगर । त्यस धर्तीमा नदेखेको स्वर्ग हामी यही निर्माण गरौंला । हाम्रो प्रेमको नमूना राज्य यहीं खडा गरौंला । हाम्रो अपूरो प्रेमलाई यो परलोकमा पूरा गरौंला र प्रेमपूर्ण स्पर्शले तिम्रो केश राशी सुम्सुम्याउँला । त्यतिमात्र होइन तृष्णा ! यो स्वर्गको बगैंचामा रङ्गी विरङ्गी फूलहरू रोपेर त्यसको सुवास लिउँला, राम्रा-राम्रा फूलहरू टिपेर म तिम्रो कपालमा सिउँरी दिउँला । त्यसबेला हिमाली छटा झैं तिमीले मतिर हेरेर मुसुक्क मुस्कुराउली । विपना तीतो र विषाक्त भएपछि सपना नै मीठो मान्नुपर्दो रहेछ, वास्तविकता वेदनामय भएपछि सपनामै हाँस्नुपर्दो रहेछ । यथार्थ जीवन कहाली लाग्दो भएपछि सपनामै रमाउनुपर्दो रहेछ, सपनामै आनन्द लिनुपर्दो रहेछ । वास्तविकता हाम्रोलागि नरक भएपछि स्वर्ग सपनामै खोज्नुपर्दो रहेछ । त्यसैले मलाई विपनामा नखोज तृष्णा ! विपना पीडादायी छ, आततायी छ, म तिम्रो सपनाको राजकुमार हुँ । सपनाको

राजकुमार...।

तृष्णा मध्यरातमै झल्यास्स ब्युँझी । सपनाको तन्द्राभित्रै यो अँध्यारो कोठाको यताउति सबैतिर उसले राजकुमार खोजी तर भेटिन । बत्ती सल्काई अहँ ! कतै पाइन । उसले झ्याल खोलेर बाहिर हेरी चारैतिर हुचिल बासी रहेका, फ्याउरा कराइरहेका, क्रन्दन र विलापको चिच्याहटभित्र नरक ह्वास्स गन्हाइरहेको । धर्तीमा चाँदनी पोखिएको थिएन, शारदीय कौमुदी मुस्कुराएको थिएन । कहीं कतै पनि जाही-जुही र बेली-चमेली फूलेका थिएनन् । जताततै भीड र कोलाहल व्याप्त थियो दर्द र चित्कार थियो । उसलाई वास्तविकता उच्चाट लाग्दो भयो, विपना विस्वादिलो भयो । सपनै राम्रो, सपनै मीठो लाग्यो र उसलाई सपनामै रम्न मन लाग्यो, हाँस्न मन लाग्यो र सपनामै उफ्रन मन लाग्यो किनकि उसले आफ्नो मनको राजकुमारलाई, आफ्नो मनको देवतालाई देशको होनहार सपूत वीरलाई त्यही सपनामा मात्र देख्न पाउँथी । उसको इच्छा आकाङ्क्षा र उच्च सोचाइलाई त्यही सपनामा मात्र बुझ्न पाउँथी, उसले गरेको सङ्कल्प र वाचालाई सपनामा मात्र आत्मसात गर्न पाउँथी । त्यसैले उसले पुनः निदाउने प्रयास गरी, सपनामा नै रमाउने आकाङ्क्षा राखी । उलाई अब ब्युँझन मन लागेन, कहिल्यै ब्युँझन मन लागेन ... ... ।

खाल्ले-७, खोटाङ

यस वर्ष (२०५७) को दशैं र तिहार
सबै नेपालीको लागि
सुखमय होस् ।

कृषि विकास बैंक

मुख्य कार्यालय
रामशाहपथ, काठमाडौं
फ़ोन नं. २६२८८५ । २६२५९६
फ्याक्स: ९७७-१-२६२६१६
e-mail: agrbnk@adbn.mos.com.np

शून्योत्सव

➪ हरिकुमार नेपाल

हरेक वर्षको एक दिन
जुन–दिन
म आफ्नो जन्म दिन ठान्छु
मृत्यु हाँस्दै हात मिलाउँछ
गाला सुम्सुम्याउँछ
म भित्रबाटै निस्केर ।

म ऊसँग छु कि ऊ मसँग !
ऊ मेरो मिति हो कि म ऊसको नियति !
अकारण शून्यताको परिधिमा
अन्य कुनै शून्यको खोजीमा
म र ऊ ।

म भन्न सक्तिन
हर जन्मोत्सव एक उत्सव हो
मृत्युको
ऊसको निकटताको
ऊसको उपभोगको
वा
ऊसकै बाँच्ने अभिलाषाको ।

मलाई थाहा हुन्न मेरो खोजाइ के हो
मेनकाको उत्ताउलो नग्न शरीर
निषेधित सुन्दर स्याउ
वा
सिसिफसको ढुङ्गो ?

के हो यो उत्सव !
गन्तव्यहीनको गन्तव्य
महासागरको भ्रमण
वा
अजिङ्गरको पूजा ।

◆◆◆